# ठाकुरनाथ रिमालका जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**एम.ए. दोस्रो वर्षको दसौँ पत्रको**
**प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**अञ्जना रिमाल**

**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६५**

# ठाकुरनाथ रिमालका जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
अञ्जना रिमाल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए.(शैक्षिक वर्षः २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी अञ्जना रिमालले **ठाकुरनाथ रिमालका जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः२०६५/०९/१७

....................................

(उप-प्रा. जीवेन्द्रदेव गिरी )

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्रा अञ्जना रिमालले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **ठाकुरनाथ रिमालका जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, उप-प्रा.जीवेन्द्रदेव गिरी ..................................

३. बाह्य परीक्षक, प्रा. घनश्याम उपाध्याय .............................

मितिः २०६५/१०/१५

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उप-प्रा. जीवेन्द्रदेव गिरी ज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो अतिव्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई सल्लाह, समुचित सुझाव र मार्ग निर्देशनसमेत दिएर यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नु हुने मेरा शोधनिर्देशक श्रद्धेय गुरुज्यूप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृत प्रदान गरी शोधकार्य गर्ने सुअवसर प्रदान गर्नुहुने तत्कालीन विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीज्यूप्रति कृतज्ञ छु । त्यस्तै नेपाली साहित्यका विविध शीर्षकहरूमा शोधकार्य गर्ने अवसर दिँदै आएकोमा नेपाली केन्द्रीय विभागलाई र शोधपत्र तयार पार्दा आवश्यक पुस्तकहरू उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालयलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग गर्नुहुने नेपाली केन्द्रीय विभागका गुरुहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जीवनचन्द्र कोइरालाज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधनायक बितिसकेको हुँदा शोधनायकका बारेमा सूचना तथा जानकारी दिने शोधनायकका छोरा रवीन्द्र रिमाल, बुहारी कान्तादेवी रिमाल र उहाँका परिवारलाई पनि धन्यवाद दिन चाहन्छु ।

मौखिक अन्तर्वाता दिई शोधनायकका बारेमा जानकारी दिनुहुने विमलेन्द्र मल्लज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै आर्थिक र व्यवहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने पिता हेमचन्द्र रिमाल र माता मीना रिमालप्रति म आजीवन ऋणी छु । त्यसैगरी आफूले व्यवहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउने आदरणीय दाजु दिपक रिमाल र घरायसी कामकाजमा सहयोग पुऱ्याई लेखनकार्यमा समय दिने भाइ निरज रिमालप्रति कृतज्ञ छु ।

यो शोधकार्यको तयारीका क्रममा विविध पक्षबाट सहयोग गरी उचित सल्लाह (हौसला प्रदान गर्ने साथीहरूलाई धन्यवाद दिन चाहन्छु । सङ्कलित सामग्रीहरूलाई झर्को नमानी होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।



अञ्जना रिमाल<br>
नेपाली केन्द्रीय विभाग<br>
त्रि.वि. कीर्तिपुर, काठमाडौँ


मिति : २०६५

# विषयसूची

**पृष्ठ**

**पहिलो – परिच्छेद : शोधपरिचय**

१.१ शोधशीर्षक १

१.२ शोधपत्रको प्रयोजन १

१.३ शोधविषय १

१.४ समस्याकथन २

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ शोधकार्यको औचित्य ६

१.८ शोधकार्यको सीमाङ्कन ७

१.९ सामग्री सङ्कलन र शोधविधि ७

१.१० शोधपत्रको रूपरेखा ७

**पहिलो – परिच्छेद : शोधपरिचय**

**दोस्रो परिच्छेद : ठाकुरनाथ रिमालका जीवनीको अध्ययन**

२.१ जन्म र जन्मस्थल ८

२.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि ९

२.३ बाल्यकाल र उपनयन संस्कार ११

२.४ शिक्षादीक्षा १२

२.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति १४

२.६ आर्थिक अवस्था र आजीविका १६

२.७ कार्यक्षेत्र १७

२.८ साहित्यिक लेखन १८

२.८.१ प्रेरणा र प्रभाव १८

२.८.२ प्रथम प्रकाशित रचना र प्रसारित गीत १८

२.८.३ प्रथम प्रकाशित कृति १९

२.८.४ प्रकाशित कृतिहरूको सूची २०

२.९ सामाजिक सेवा २०

२.९.१ समाजसेवा २०

२.९.२ साहित्यिक संस्थामा गरेको कार्य २०

२.१० रुचि तथा स्वभाव २१

२.११ सम्मान, पुरस्कार र भ्रमण २२

**पहिलो – परिच्छेद : शोधपरिचय**

**दोस्रो परिच्छेद : ठाकुरनाथ रिमालका जीवनीको अध्ययन**

**तेस्रो परिच्छेद : ठाकुरनाथ रिमालका व्यक्तित्वको अध्ययन**

३.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व २३

३.२ बाह्य व्यक्तित्व २४

३.२.१ शारीरिक व्यक्तित्व २४

३.२.२ व्यावसायिक व्यक्तित्व २५

३.२.३ साहित्यिक व्यक्तित्व २५

३.२.३.१ गीतकार व्यक्तित्व २६

३.२.३.२ संस्मरण लेखक व्यक्तित्व २७

३.२.३.३ उपन्यासकार व्यक्तित्व २७

३.२.३.४ शोककाव्यकार व्यक्तित्व २८

३.२.३.५ बालसाहित्यकार व्यक्तित्व २८

३.२.३.६ कवि व्यक्तित्व २८

३.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध २८

**पहिलो – परिच्छेद : शोधपरिचय**

**दोस्रो परिच्छेद : ठाकुरनाथ रिमालका जीवनीको अध्ययन**

**तेस्रो परिच्छेद : ठाकुरनाथ रिमालका व्यक्तित्वको अध्ययन**

**चौथो परिच्छेद : ठाकुरनाथ रिमालका साहित्यिक कृतिहरूको अध्ययन**


| | |
|---|---|
| ४.१ ठाकुरनाथ रिमालको साहित्यक यात्रा र चरण-विभाजन | ३२ |
| ४.१.१ साहित्यिक यात्रा | ३२ |
| ४.१.२ चरण-विभाजनको औचित्य र आधार | ३२ |
| ४.१.३ विधागत साहित्यिक यात्रा | ३४ |
| ४.२ **गीत सिर्जना** गीतसङ्ग्रहको अध्ययन | ३६ |
| ४.२.१ संरचना | ३६ |
| ४.२.२ विषयवस्तु | ३८ |
| ४.२.२.१ ईश्वरभक्ति | ३८ |
| ४.२.२.२ राष्ट्रभक्ति | ४० |
| ४.२.२.३ भाषाभक्ति | ४२ |
| ४.२.२.४ प्रकृतिचित्रण | ४२ |
| ४.२.२.५ प्रेमप्रसङ्ग | ४३ |
| ४.२.२.६ नारी-पुरुष सम्बन्ध | ४४ |
| ४.२.२.७ नारीजागरण | ४६ |
| ४.२.२.८ कुलतसम्बन्धी वर्णन | ४७ |
| ४.२.२.९ व्यक्तिस्तवन | ४८ |
| ४.२.२.१० स्वतन्त्रतासम्बन्धी वर्णन | ४८ |
| ४.२.२.११ सनातनधर्मसम्बन्धी वर्णन | ४९ |
| ४.२.३ परिवेश | ५० |
| ४.२.४ भाषाशैली | ५२ |
| ४.२.५ लयविधान | ५४ |
| ४.२.६ अलङ्कार प्रयोग | ५७ |
| ४.२.७ रस प्रयोग | ६२ |
| ४.२.८ बिम्ब र प्रतीक | ६५ |
| ४.२.९ कथनपद्धति | ६७ |

४.३ संस्मरणात्मक लेखको अध्ययन ६९

४.३.१ शीर्षक ७०

४.३.२ विषयवस्तु ७०

४.३.३ भाषाशैली ७२

४.३.४ परिवेश ७३

४.४ अप्रकाशित कृतिहरू सूची ७३

४.४.१ अप्रकाशित कृतिहरूको चर्चा ७४

४.४.१.१ औपन्यासिक कृतिहरुको चर्चा ७४

४.४.१.२ *घुसको हत्या* लघु-उपन्यासको चर्चा ७४

४.४.१.३ *भ्रमण* लघु उपन्यासको चर्चा ७९

४.४.१.४ *जागिर* लघु उपन्यासको चर्चा ८२

४.४.१.५ *इतिहास दोहोरियो* लघु उपन्यासको चर्चा ८४

४.४.१.६ *दाजु- बहिनी* लघु उपन्यासको चर्चा ८७

४.४.१.७ *मेलाकी सुन्दरी* लघु-उपन्यासको चर्चा ९०

४.४.१.८ *पति-वर्ता* लघु-उपन्यासको चर्चा ९४

४.४.१.९ *चाँदनी-हस्पिटल* लघु उपन्यासको चर्चा ९६

४.४.१.१० *चुनरी* लघु उपन्यासको चर्चा ९९

४.४.२. शोककाव्यको चर्चा १०३

४.४.२.१ पत्नी-वियोगसम्बन्धी शोककाव्यको चर्चा १०३

४.४.२.२ पुत्र-वियोगसम्बन्धी शोककाव्यको चर्चा १०६

४.४.२.३ फुटकर कविता १०९

४.४.३ *मेरो कथा* आत्मकथाको चर्चा १०९

४.४.४ *वर्णमाला*को चर्चा ११०

११२

**५.१ सारांश** ११२

**५.२ निष्कर्ष** ११५

५.३  साहित्यकार ठाकुरनाथ रिमालका बारेमा सम्भावित शोधशीर्षक  ११६

**सन्दर्भ–कृतिसूची**  **११७**

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| एस.एल.सी | - | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | - | क्रमसङ्ख्या |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| नं. | - | नम्बर |
| पं. | - | पण्डित |
| प्र. | - | प्रकाशन |
| प्रा. | - | प्राध्यापक |
| ने.भा.प्र.स. | - | नेपाली भाषा प्रकाशिनी समिति |
| वि.सं. | - | विक्रम सम्वत् |
| सम्पा. | - | सम्पादक |
| सा.प्र. | - | साझा प्रकाशन |

# पहिलो – परिच्छेद
# शोधपरिचय

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **ठाकुरनाथ रिमालका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ शोधविषय

ठाकुरनाथ रिमालको जन्म वि.सं. १९७४ माघ कृष्ण द्वादशीका दिन पिता कृष्णराज रिमाल र माता खड्गकुमारी रिमालबाट काठमाडौंको आदेश्वरमा भएको थियो । उनको न्वारनको नाम भुवनराज रिमाल थियो । रिमाल पुराना पुस्ताका गीतकार हुन् ।

साधारण मध्यमवर्गीय परिवारमा जन्मिएका रिमालले साहित्य-मध्यमासम्मको अध्ययन गरेका थिए । वि.सं.१९९४ बाट नै गीति क्षेत्रमा लागेका रिमालले ३०० भन्दा बढी गीतहरू लेखिसकेका छन् तर सबै प्रकाशित भएका छैनन् । पहिलो गीत **मद्यनशा जेल्दछ जाल समान**, सबैले मन पराएपछि अगाडि बढेका रिमालले जीवनको अन्तिम अवस्थासम्म पनि गीतप्रति उत्तिकै चासो राखेको पाइन्छ । रिमाल गीतकार मात्र होइनन्, उनी नेपाली साहित्यको अरू विधामा पनि कलम चलाउन सक्ने साधक हुन् । रिमालका हालसम्म प्रकाशित दुईवटा मात्र कृति रहेका छन् । **गीत-सिर्जना** (२०४९), **मास्टर रत्नदास** (२०६०) प्रकाशित कृति हुन् । उनले **नौवटा लघु-उपन्यास, पाँच भाग वर्णमाला, शोककाव्य, आत्मकथा, फुटकर कविता र गीतहरू** लेखेका तर प्रकाशित हुन नपाएको अवस्था देखिन्छ ।

गीतकार रिमाललाई वि.सं. २०५५ मा रवीन्द्र गीत सम्मानबाट सम्मानित गरिएको थियो । रिमालले विभिन्न लयमा भक्ति, प्रेम, वियोग सद्भाव, राष्ट्रियता, सामाजिक जनजीवनको चित्रण राजनैतिक परिवर्तनको सन्देश र प्रजातन्त्रप्राप्तिको आनन्दानुभूति आदि विषयलाई समेटेर गीतहरू लेखेका छन् ।

## १.४ समस्याकथन

वि.सं. १९९४ देखि नै गीति लेखनका क्षेत्रमा आएका रिमालले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले कविता, गीत, उपन्यास, शोककाव्य, वर्णमाला, आत्मकथा र संस्मरणलेखनमा कलम चलाएका छन् । गीतसङ्ग्रहका रूपमा **गीत-सिर्जना** ढुङ्गाअड्डा प्रकाशनबाट प्रकाशित भएको छ भने संस्मरणात्मक लेख मास्टर रत्नदास पनि ढुङ्गाअड्डा प्रकाशनबाट प्रकाशित भइसकेको छ । उनका अन्य लेख तथा रचनाहरू प्रकाशित भएका छैनन् । यसरी साहित्यका विविध विधामा कलम चलाउने रिमालका बारेमा पत्रपत्रिकामा सामान्य चर्चाबाहेक समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भएको छैन । त्यसैले प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रही सम्पन्न गरिएको छ-

क) ठाकुरनाथ रिमालको जीवनी के-कस्तो रहेको छ ?

ख) उनी कस्तो व्यक्तित्व भएका व्यक्ति हुन् ?

ग) नेपाली साहित्य र समाजलाई उनले दिएको योगदान के-कस्तो छ ?

घ) रिमालका साहित्यिक कृति कति र कस्ता छन् ?

उपर्युक्त समस्याहरूको सुव्यवस्थित अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको समस्या हो ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन्-

क) ठाकुरनाथ रिमालको समग्र जीवनका विविध पक्षको अध्ययन गर्नु प्रस्तुति, जीवनका प्रमुख कार्य र घटनाहरूको उद्घाटन गर्नु ।

ख) रिमालको व्यक्तित्वका विविध पाटाको अध्ययन गर्नु ।

ग) नेपाली साहित्य र समाजलाई उनले दिएको योगदानको विवेचना गर्नु ।

घ) रिमालका साहित्यिक कृतिहरूको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

पुरानो पुस्ताका गीतकारका रूपमा रहेका ठाकुरनाथ रिमालका बारेमा कसैबाट कुनै पुस्तकाकार कृति लेखिएको र शोधकार्य भएको पाइँदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी व्यवस्थित र विस्तृत अनुसन्धान पनि भएको पाइँदैन । केही पत्रपत्रिका र पुस्तकहरूमा उनका बारेमा सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ । प्रस्तुत शोधपत्रको तयारीका क्रममा प्राप्त सामग्रीहरूलाई कालक्रमअनुसार यस प्रकार प्रस्तुत गरिएको छ -

क) रत्नदास प्रकाशले **झङ्कार** (२०४०, कार्तिक) मा 'आत्मअभिव्यक्तिका केही क्षण'मा अन्तर्वार्ताको क्रममा ठाकुरनाथ रिमाल नेपाली भाषामा गीत रच्ने पुराना गीतकार हुन् भनेका छन् । रिमालका गीतहरू रत्नदासले धेरै नाटकहरूमा गाएको र रेकर्ड भएको पनि उल्लेख गरेका छन् ।[ज्ञ]

ख) जयदेव भट्टराईले साप्ताहिक **नेपाली** पत्र (२०४८, मंसिर) को 'हामीले चिन्ने कहिले?' शीर्षकमा नेपाली सङ्गीत जगत्को शिशुकालमा नै सुन्दर नेपाली गीतहरू रचना गरेर दिने गीतकार ठाकुरनाथ रिमाल अझै पनि चर्चामा नआएको गुनासो प्रकट गरेका छन् ।[ङ]

ग) रत्नदास प्रकाशले **आरती** पत्रिका ( २०४८ माघ) मा 'बिर्सनै नसकिने व्यक्तित्व' शीर्षकमा रिमालका बारेमा उल्लेख गरेका छन् । उनले गीति साहित्यमा पाइने विभिन्न पुरस्कार साथै छिन्नलता पुरस्कारद्वारा पनि रिमाल सम्मानित हुनुपर्ने कुरा उल्लेख गरेका छन् ।[घ]

घ) जनार्दन जागरुकले **ललकार** पत्रिका (२०४९, आश्विन) मा 'नेपाली गीतका धरोहर ठाकुरनाथ रिमाल' शीर्षकमा रिमालले नेपाली सङ्गीतको फाँटलाई हराभरा बनाउने

---

[ज्ञ] रत्नदास प्रकाश, 'आत्मअभिव्यक्ति केही क्षण' (**झङ्कार,** वर्ष १५, अङ्क ७, २०४० कार्तिक) ।
[ङ] जयदेव भट्टराई, 'हामीले चिन्ने कहिले ?' (**नेपाली पत्र,** २०४८, मङ्सिर, २०), पृ. ७ ।
[घ] रत्नदास प्रकाश, 'बिर्सनै नसकिने व्यक्तित्व' (**आरती** २०४८, माघ) ।

काम गर्दै इतिहास भइसकेका तर पनि उनी चर्चामा आउन भने नसकेको विचार प्रस्तुत गरेका छन् ।[द्ध]

ङ) ठाकुरनाथ रिमाल स्वयंले साप्ताहिक **विमर्श** (२०४९, मङ्सीर) मा 'रत्नदास प्रकाश र म' शीर्षकमा भयङ्कर भूत नाटकमा गाइएका दुईवटा गीतबाट प्रभावित भएर आफू गीत लेखनतर्फ लागेको र पहिलो गीतले नै सफलता पाएको कुराको उल्लेख गरेका छन् । [छ]

च) रमण घिमिरेले **युगसम्वाद** साप्ताहिक (२०४९ चेत्र) मा 'मैले यसरी लेखेँ गीत ...' शीर्षकमा ठाकुरनाथ रिमाल पुराना मात्र होइन झण्डै-झण्डै सुरुवातका गीतकार हुन् र उनका गीतहरूले नै त्यसबेला मास्टर रत्नदास प्रकाशका नाटकलाई मौलिकता दिन सहयोग पुऱ्याएको हो भन्ने कुरा व्यक्त गरेका छन् ।[ट]

छ) नवराज अधिकारीले **रङ्गमञ्च** साप्ताहिक (वि.२०४९/५०) मा 'बिर्सन नहुने एक गीतकार' शीर्षकमा गीतकार जहिले पनि स्वरको पछिल्तिर पर्न जाने हुनाले रिमाल चर्चामा आउन नसके तापनि नेपाली सङ्गीतका क्षेत्रमा अतुलनीय योगदान दिने गीतकार रिमाल बिर्सन नहुने एक गीतकार हुन् भनी उललेख गरेका छन् । [ठ]

ज) शिव अधिकारीले **सुरुचि** साप्ताहिक (२०५०, पौष) मा 'ठाकुरनाथ रिमाल जो गीतसँग विलाएका छन्' शीर्षकमा रिमालको चर्चा गर्दा भनेका हुन् । रिमालले ३०० वटा पुगनपुग गीत लेखेर धेरै गीत रेडियोमा पनि बजे कैयौँ गायक-गायिकाले पनि रिमालको गीत गाएका छन् तर पनि रिमाल त्यति चर्चित नभएर गीतसँगै बिलाएको गुनासो व्यक्त गरेका छन् । [ड]

झ) बलराम बानियाँले **सचेत** मासिक, (२०५०, माघ) मा 'ओझेलमा परेका गीतकार ठाकुरनाथ रिमाल' शीर्षकमा राणा शासनको उत्तरार्द्धदेखिको इतिहास थाहा पाइने र

---

[द्ध] जनार्दन जागरुक, 'नेपाली गीतका धरोहरः ठाकुरनाथ रिमाल' (**ललकार** , २०४९, आश्विन १२), पृ. ६ ।

[छ] ठाकुरनाथ रिमाल, 'रत्नदास प्रकाश र म' (साप्ताहिक **विमर्श** , २०४९, मङ्सिर ५), पृ. ६ ।

[ट] रमण घिमिरे, 'मैले यसरी लेखे गीत . . .,' (**युगसम्वाद,** वर्ष ५, अङ्क ३६, , २०४६ चैत्र ७), पृ. ६-७ ।

[ठ] नवराज अधिकारी, 'बिर्सन नहुने एक गीतकार,' (**रङ्गमञ्च**, वर्ष ४, अङ्क ११, २०४९/५०) ।

[ड] शिव अधिकार, 'ठाकुरनाथ रिमाल जो गीतसँगै विलाएका छन् ', (**सुरुचि**,२०५० पौष ११) , पृ. ६ ।

त्यसैताकादेखि गीत लेख्न सुरु गर्ने पुराना पुस्ताका गीतकार रिमाल चर्चामा आउन नसकेर ओझेल परेको कुरा उल्लेख गरेका छन् । [ढ]

ञ) वसन्त प्रकाशले **मधुपर्क** (२०५०, फागुन) मा 'गीतकारको पङ्क्तिमा समेत उभिन पाइन . . .' शीर्षकमा गीति संरचनालाई पानी जस्तै आफ्नो अमूल्य जीवनको अत्यावश्यक पदार्थ ठान्ने गीतकार ठाकुरनाथ रिमाल औसत गीतकारको तुलनामा पृथक् छन् तर पनि उनी गीतकारहरूको पङ्क्तिमा उभ्याइएका छैनन् भन्ने कुराको उल्लेख गरेका छन् ।[ज्ञण]

ट) प्रह्लाद रिजालले साप्ताहिक **पुनर्जागरण** (२०५० चैत्र) मा 'यो उमेरमा कसैले चिनिहाल्छ कि ?' शीर्षकमा रिमालले आफू कुनै पनि क्षेत्रमा चर्चित हुन नसकेको गुनासो पोखेको र यसको मुख्य कारण लघु-उपन्यासहरू नछापिएकाले पनि साहित्यकार बन्ने सौभाग्य नमिलेको दुःख प्रकट गरेको तथ्य रिजालले प्रस्तुत गरेका छन् । [ज्ञज्ञ]

ठ) हरि मञ्जुश्रीले **कामना मासिक** ( २०५१) मा 'स्वर्गीय रत्नदासलाई गीत लेखिदिने कवि' शीर्षकमा रत्नदास प्रकाशले गाएका मीठा-मीठा गीतहरू लेख्ने मान्छे ठाकुरनाथ रिमाल भएको र त्यस्ता गीतहरू लेख्ने गीतकारहरूलाई चिन्न गाउँघरका श्रोताहरूले पनि प्रयास गरेको कुरा उल्लेख गरेका छन् । [ज्ञद्द]

ड) बाबा वस्नेतले **समकालीन** साप्ताहिक (२०५३ साउन) मा 'जुनबेला गीत लेख्ने मान्छे थिएनन्' शीर्षकमा नाटकमा नेपाली भाषामा गीत लेख्ने मान्छे नभएको बेला सबैको मन हर्ने गीत लेखेर गीतकारको अग्रपङ्क्तिमा उभिन पुगेका ठाकुरनाथ रिमाल भनी चर्चा गरेकी छन् । [ज्ञघ]

ढ) परशु घिमिरेले **घटना र विचार** साप्ताहिक (२०५३ मङ्सिर) मा 'गीतकार ठाकुरनाथ रिमाल' शीर्षकमा रिमालको चर्चा गर्दै सुरुका दिनमा नेपाली भाषामा

---

[ढ] बलराम बानियाँ। 'ओझेलमा परेका गीतकार ठाकुरनाथ रिमाल', (**सचेत** मासिक, वर्ष १, अङ्क ३, २०५० माघ) ।

[ज्ञण] वसन्त प्रकाश, 'गीतकारको पङ्क्तिमा समेत उभिन पाइन . . . ,' (**मधुपर्क** , वर्ष २६, अङ्क १० पूर्णाङ्क २९७, २०५० फागुन )

[ज्ञज्ञ] प्रह्लाद रिजाल, 'यो उमेरमा कसैले चिनिहाल्छ कि ?' (साप्ताहिक **पुनर्जागरण,** (२०५० चैत्र) पृ ।

[ज्ञद्द] हरि मञ्जुश्री, 'स्वर्गीय रत्नदासलाई गीत लेखिदिने कवि,' (**कामना** मासिक , वर्ष १०, अङ्क ६, पूर्णाङ्क ८४, २०५१) ।

[ज्ञघ] बाबा वस्नेत, 'जुनबेला गति लेख्ने मान्छे थिएनन्',(**समकालीन** साप्ताहिक, वर्ष ४, अङ्क १८, २०५३, साउन ३१),पृ.७ ।

आफ्नै संस्कृति झल्कने गीति क्षेत्रको सेवा गरेर पनि आजसम्म पनि ओझेलमा परेका एक मूर्धन्य व्यक्तित्व ठाकुरनाथ रिमाल हुन् भनिएको छ । [ञढ]

ण) घटराज भट्टराईले पैरवी प्रकाशनद्वारा प्रकाशित **नेपाली लेखक कोश** (२०५६) कृतिमा पनि रिमाल गीत रचनामा वि.सं.१९९३-९४तिरै लागेको र उनका गीतहरूमा विभिन्न गायक-गायिकाहरूले स्वर दिएको कुरा उल्लेख गरेको पाइन्छ । [ञछ]

त) अखण्डले **नेपाल जागरण** (२०५७ जेष्ठ) मा 'ओझेलमा परेका पुराना गीतकार ठाकुरनाथ' शीर्षकमा रत्नदास प्रकाश रिमालकै गीत गाएर चर्चित बनेका र उनका समकक्षीहरू माधवप्रसार घिमिरे, धर्मराज थापा राष्ट्रिय चर्चामा पुगेका तर तीन सय जति गीत लेखेका रिमाललाई कसैले नचिन्ने कुरा प्रकट गरेका छन् । [ञट]

थ) कृष्णहरि बरालको विद्यार्थी पुस्तक भण्डारद्वारा प्रकाशित **गीत सिद्धान्त र इतिहास** (वि.सं २०६०) मा रिमाल वि.सं. १९९४ -९५ देखि नै गीत सिर्जनामा लागेको कुरा उल्लेख भएको पाइन्छ ।[ञठ]

## १.७ शोधकार्यको औचित्य

नेपाली साहित्यको गीतिक्षेत्रमा अतुलनीय योगदान गर्ने ठाकुरनाथ रिमाल एक विशिष्ट साहित्यकार हुन् । उनका बारेमा हालसम्म भएका अध्ययन-अनुसन्धानमा हेर्दा उनको जीवनको सम्पूर्ण पक्षको अध्ययन भएको देखिँदैन । विस्तृत अध्ययन पनि भएको पाइँदैन । सर्वप्रथम उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको सुव्यवस्थित र सुनियोजित ढङ्गले तथ्यपरक अध्ययन गरिएको हुँदा प्रस्तुत अध्ययन स्वतः औचित्यपूर्ण देखिन्छ । प्रस्तुत शोधकार्य रिमालको बारेमा जिज्ञासा राख्ने व्यक्ति एवम् नेपाली साहित्यप्रति जिज्ञासा राख्ने सबै पाठकका लागि मार्गनिर्देशक हुनाका साथै नेपाली अनुसन्धान-परम्पराको विकासमा पनि यसले योगदान गर्न सक्छ । अतः गीतकार ठाकुरनाथ रिमाललाई चिनाउँदै उनले दिएको योगदानको मूल्याङ्कनसमेत गरिएकाले यस शोधकार्यको औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गर्दछ ।

---

[ञढ] परशु घिमिरे, 'गीतकार ठाकुरनाथ रिमाल', (**घटना र विचार** साप्ताहिक ,वर्ष. १ अङ्क २३, २०५३ मंसिर २६), पृ. ३ ।

[ञछ] घटराज भट्टराई, **नेपाली लेखक कोश** (काठमाडौं: पैरवी प्रकाशन, २०५६), पृ ।

[ञट] अखण्ड, 'ओझेलमा परेका पुराना गीतकार ठाकुरनाथ' (**नेपाल जागरण**, वर्ष , अङ्क २७, २०५७ , जेठ १६), पृ. ६ ।

[ञठ] कृष्णहरि बराल, **गीतः सिद्धान्त र इतिहास** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार : २०६०), पृ. ८७ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र ठाकुरनाथ रिमालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यसमा उनका जीवनका विभिन्न आरोह-अवरोहहरू व्यक्तित्वका विभिन्न पाटाहरू र साहित्यिक कृतिहरूको अध्ययन गरिएको छ । उनका प्रकाशित कृतिहरूको समेत अध्ययन-विश्लेषणको साथै अप्रकाशित कृतिहरूको परिचयात्मक चर्चा गर्नु यस अध्ययनको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि पुस्तकालयीय अध्ययनलाई सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोधनायकका परिवार, उनका आफन्त र उनलाई नजिकबाट चिन्ने व्यक्तित्वबाट सामग्रीसङ्कलन गरिएको छ । साथै विभिन्न पुस्तक पत्रपत्रिकामा प्रकाशित सामग्रीलाई पनि अध्ययनमा उपयोग गरिएको छ ।

यस शोधकार्यका क्रममा आवश्यकताअनुसार विविध विधिहरू अँगालिएको छ । रिमालको जीवनी र व्यक्तित्वका लागि जीवनीपरक पद्धतिको अवलम्बन गरिएको छ । कृतिको अध्ययनका लागि समीक्षात्मक र विश्लेषणात्मक दृष्टिकोण अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेदमा संरचित गरी अध्ययन-विश्लेषण गरिएको छ -

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : ठाकुरनाथ रिमालको जीवनीको अध्ययन

तेस्रो परिच्छेद : ठाकुरनाथ रिमालको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : ठाकुरनाथ रिमालको साहित्यिक कृतिहरूको अध्ययन

पाँचौं परिच्छेद : उपसंहार

उपर्युक्त विभिन्न परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोधकार्यलाई सङ्गठित गरिएको छ ।

# दोस्रो परिच्छेद

## ठाकुरनाथ रिमालका जीवनीको अध्ययन

# दोस्रो परिच्छेद
# ठाकुरनाथ रिमालका जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थल

ठाकुरनाथ रिमालको जन्म वाग्मती अञ्चल काठमाडौँ जिल्लाको आदेश्वर भन्ने ठाउँमा पिता कृष्णराज रिमाल र माता खड्गकुमारी रिमालको पहिलो सन्तान (ज्येष्ठपुत्र) का रूपमा वि.सं. १९७४ माघकृष्ण द्वादशीका दिन भएको हो ।[ज्ञड]

आफ्नो घर र मामाघर दुवैतर्फ जेठा नातिका रूपमा जन्मिएका रिमाल जन्मेको एक महिनादेखि नै आमाका साथ मामाघर नै बसेका थिए । सहरको सुखसुविधा र रहनसहनमा हुर्किएकी रिमालकी आमाले घरको कामधन्धा र खेतीपाती गर्न नसकेर आफ्नो माइतीघर धोबीधारामा नै बसेकी थिइन् ।[ज्ञढ] रिमालको जन्मपछि एउटा भाइको जन्म भएको तर उनी जीवित रहन सकेनन् । आमा सधैँ माइतमा बसेपछि घरको कामकाज चलाउन गाह्रो भएकाले उनका बुबाले दोस्रो विवाह गरेका थिए । अर्की आमाबाट एक बहिनी र तीन भाइको जन्म भएको थियो ।[द्दण]

रिमालले सात वसन्त पार गर्दा नगर्दै उनकी आमाको असामयिक देहावसान भएपछि उनी मावलीमा बाजे-बज्यैको संरक्षणमा रहेका थिए।[द्दज्ञ] आमाको मृत्युपछि रिमाललाई मामाघर आफ्नै घरजस्तो थियो र पिताजीको घरचाहिँ मावलीघर जति पनि थिएन । मावली बाजे बज्यैको असीम प्रेम पाएर उनीहरू बाँचुन्जेल कत्ति पनि दुःखको आभाससम्म भएन । उनी कहिलेकाहीँ पिताजीको घरमा जाँदा पनि अर्की आमाबाट माया र स्नेह पाइरहन्थे ।[द्दद्द]

---

[ज्ञड] छोरा रवीन्द्रबाट प्राप्त जानकारी ।

[ज्ञढ] बुहारी कान्तादेवीबाट प्राप्त जानकारी ।

[द्दण] बहिनी टीकाकुमारीबाट प्राप्त जानकारी ।

[द्दज्ञ] छोरा रवीन्द्रबाट प्राप्त जानकारी ।

[द्दद्द] ठाकुरनाथ रिमाल **मेरो-कथा** अप्रकाशित आत्मकथा ।

## २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

कुशद्वीप कौशिक गोत्रको बीज थलो हो । **चरैवेति** (अगाडि बढ, अगाडि बढ) भन्दै भ्रमण गर्दा असभ्य भनिने जातजातिमाथि विजय हासिल गर्दै फैलिएको आर्यहरूको एक हाँगो कुशद्वीपमा गई बसेको थियो । सो हाँगाका आर्यहरू त्यहीं बसेर राज्य गरी वंशविस्तार गर्न थालेको बुझिन्छ । शब्दकोशअनुसार कौशिक विश्वामित्रको विशेषण हो । यसलाई इन्द्रको विशेषण पनि बताइएको छ । दुर्गादेवीको नाम पनि कौशिक रहेको अर्काथरि विद्वान्हरू विश्वामित्रका बराजु कुशसँग कौशिकको सम्बन्ध जोड्दछन् । उनले लामो समयसम्म राज्य गरेका तथा उनको राज्य कुशैकुशैको खानी रहेको द्वीप भएकाले कुशद्वीप कहलाएको हो र कुश नै कौशिक हुन् भन्ने भनाइ रहेको छ । कसैले कुश वंशका दीपक कहलाएका गाधि नै कौशिक हुन् भन्ने पनि गरेको पाइन्छ ।[द्घ]


पूर्वाञ्चलको पुस्तावलीमा उल्लेख भएअनुसार काशामुषु (विश्वनाथ) आफ्ना छ भाइ छोरामध्ये चार भाइको मृत्यु भएपछि बाँचेका छोरा दुई भाइ लिएर फर्केर आएका र जेठा छोराको विवाह त्यहीँ गरेका थिए । जेठा छोरा सुदामा पढेलेखेका पण्डित थिए । कान्छा छोरा विष्णुवल्लवचाहिँ कम पढेका थिए । केही वर्ष सबै जना फिर्केपमा बसोबास गरेका थिए । पछि काशामुषुले छोरा विष्णुवल्लभलाई लिएर हिँडेका र पूर्व धनकुटा चानुवामा बस्न पुगेका थिए । जेठा छोराको ससुराली फिर्केपमा नै भएकाले उनी त्यहीँ बसोबास गरी बसेका थिए । रिमाल भन्न र लेख्न पनि यिनकै पालादेखि थालनी भएको उल्लेख पाइन्छ । सुदामा काशामुषुको खलक फिर्केप र काठमाडौँतिर विभाजित भएका छन् । सुदामा विद्वान् भएकाले छोराहरूलाई पनि उनले आफूजत्तिकै विद्वान् बनाएको पाइन्छ । सुदामाका दुई छोराहरूमध्ये ऋषि काठमाडौँपट्टि र राधुका फिर्केपपट्टि रहेको जानकारी पाइन्छ । सुदामा पनि ऋषिसँगै काठमाडौं गई बसेका थिए ।[द्ध]

---

[द्घ] पं. छविरमण उपाध्याय रिमाल, **रिमाल वंशावली** (जावलाखेल, ललितपुरः रिमाल वंशावली समिति,२०५९) ।

[द्ध] पं. छविरमण उपाध्याय रिमाल, पूर्ववत, पृ. ८०-८२ ।

ठाकुरनाथ रिमालको वंशवृक्ष यस प्रकारको देखापर्छ - [६छ]




ठाकुरनाथ रिमालका बडा जिजुबाजे नन्दिकेशर रिमाल फिर्केपबाट नै आदेश्वरमा बसाइँ सरेका हुन् । उनका केही वंशजहरू हालसम्म पनि फिर्केपमा

[६छ] पं. छविरमण उपाध्याय रिमाल, पूर्ववत, पृ. ८७१३४ .

बसोबास गरिरहेका छन् । पढेलेखेका हुनाले आफ्नो जीविकोपार्जन खेतीपाती मात्र नभएर पाठपूजा पनि थियो ।

बडा जिजुबाजेको देहावसानपछि एकमात्र छोराका साथमा बडी जिजुबज्यै घर व्यवहार सम्हालेर बसेको बुझिन्छ ।[द्दट] छोरा लीलानाथलाई दसैंको फूलपातीको दिन च्याङ्ग्रो किन्न सहर पठाएको तर राति नौ बजेसम्म पनि घर नआएकाले बडी जिजुबज्यैलाई चिन्ता परेको थियो । उनले आँगनमा निस्केर आँखाबाट आँसु बगाउँदै पूर्वपट्टि फर्केर ईश्वरको प्राथना गर्दै भनिन् - 'आज यहाँ मेरा परिवार अरू कोही नहुँदा मलाई यो पीर पर्‍यो, छोरो घरमा चाँडै आइपुगोस् र पछि उसबाट रिमाल परिवारको वृद्धि हुँदै डाँडाकाँडा ढाकियोस्' भनी बाटोपट्टि आँखा लगाइरहिन् । दस बजेपछि छोरा च्याङ्ग्रो लिएर आइपुगे । बडी जिजुबज्यैले गरेको पुकारले जिजुबाजेबाट चार भाइ छोराहरूको जन्म भएको र रिमाल परिवार बढ्दै गएको जानकारी पाइन्छ ।[द्दठ] लीलानाथ रिमालका चार भाइ छोरामध्ये कृष्णानन्द रिमाल ठाकुरनाथका बाजे हुन् । उनी पढेलेखेका विद्वान् पण्डित थिए । उनको नाम र प्रतिष्ठा कहलिएको थियो । उनीबाट तीन छोराको जन्म भएको थियो । जेठा छोरा श्रीकृष्णराज रिमाल ठाकुरनाथका बुबा हुन् । उनका बाजे पढेलेखेका भए पनि बुबाले चाहिँ सामान्य वेद र रुद्री मात्र पढेका थिए । उनीहरूको जीविकोपार्जनको साधन खेती नै थियो । उनी पछि बसाइँका क्रममा इचङ्गु गएको जानकारी पनि पाइन्छ ।[द्दड] ठाकुरनाथ भने मामाघरमा बसेकाले पछि आफैँ जमिन किनेर कमलपोखरी चारवुर्जामा घर बनाई बसेका हुन् ।[द्दढ]

## २.३ बाल्यकाल र उपनयन संस्कार

ठाकुरनाथ रिमालको जन्म साधारण मध्यमवर्गीय परिवारमा भएको थियो । रिमालको जन्मपछि उनकी आमा माइतीमा नै बस्न गएकी थिइन् । उनी पनि आमाका

---

[द्दट] ठाकुरनाथ रिमाल, **मेरो कथा,** अप्रकाशित. आत्मकथा ।

[द्दठ] ठाकुरनाथ रिमाल **मेरो कथा,** अप्रकाशित, आत्मकथा ।

[द्दड] बहिनी टीकाकुमारीबाट प्राप्त जानकारी ।

[द्दढ] छोरा रवीन्द्रबाट प्राप्त जानकारी ।

साथमा धोबीधारामा नै बसेका थिए । आमालाई कुनै बेला पनि नछोड्ने रिमाल आमासँगै बस्न मन पराउँथे, तर विधिको बिडम्बना अचम्मको हुँदोरहेछ । उनले आमासँग बस्न कमै समय मात्र पाएका थिए । उनले सात वसन्त पार गर्दा-नगर्दै उनकी आमाको असामयिक देहावसान भयो ।[घण] उनी सानै भएकाले सो कुराको थाहा नभएर पछि मात्र थाहा पाए ।

त्यसबेलाको समयमा आखिरी नपरी कसैले पनि वैद्यको औषधी गराउँदैनथे । आमा शरीरभित्र भएको पीडा र ज्वरोले दिनानुदिन ग्रस्त भइरहेकी थिइन् । यो कुरा सुरुमा परिवारका सदस्यहरूलाई थाहा भएन र थाहा भएपछि पनि राम्रो उपचार हुन सकेन । त्यस समयमा सामान्य मान्छेलाई डाक्टरको सेवा पाउन गाह्रो थियो । उनले वैद्यको औषधी त पाइन् तर त्यसले काम नदिएर थोरै दिनमा नै उनको देहावसान हुन पुग्यो ।[घज्ञ] आमाको मृत्युपश्चात् उनी मामाघरमा नै बसेका थिए । त्यहाँ मावली बाजे-बज्यैको असीम माया पाएर हाई-हाईमै उनी हुर्केका थिए । उनी मामाघरमा बसेका हुनाले सबैबाट माया पाएकाले आमा नभएको आभाससम्म भएन । रिमाल छ पुगेर सात वर्षमा प्रवेश गरेपछि मावली बाजेले उनको व्रतबन्ध गरिदिने विचार गरेका थिए तर आमाको असामयिक निधन भएकाले बरखी सकिएपछि मात्र वि.१९८३ मा उनी आठ पुगेर नौ वर्ष लागेपछि मामाघरमा नै उनको उपनयन-संस्कार सम्पन्न भएको थियो ।[घद्द] ब्राह्मण कुलमा जन्मेका हुनाले गाँउको रीतिस्थिति र वैदिक विधि विधानअनुसार उक्त संस्कार गरिएको थियो ।

## २.४ शिक्षादीक्षा

रिमालको अक्षरारम्भ अनौपचारिक रूपमा मावली बाजेबाट घरमा नै भएको थियो । रिमालले ८-९ बर्षको उमेरसम्म पनि अक्षर चिन्न थालेका थिएनन् । आमा

---

[घण] छोरा रवीन्द्रबाट प्राप्त जानकारीअनुसार ।

[घज्ञ] ठाकुरनाथ रिमाल, **मेरो कथा,** अप्रकाशित, आत्मकथा ।

[घद्द] ठाकुरनाथ रिमाल, **मेरो कथा** अप्रकाशित आत्मकथा ।

माइतमा बस्ने भएकाले उनी पनि आमासँगै बस्थे तर कहिलेकाहीँ उनी आफ्नो घर इचङ्गु पनि जाने गर्थे । यसरी जन्मेदेखि नै कहिले मामाघर र कहिले घर गर्दागर्दै उनले कखसम्म चिन्न सकेका थिएनन् । आमाको देहावसानपछि उनी मामाघरमा नै बाजे-बज्यैको संरक्षणमा रहेका थिए । मावली बाजेले दुई-चार दिन कख सिकाएर चन्द्र शम्शेर बेलायत गएपछि बनाएको लन्डनकाण्डको एक पेज श्लोक घोकाएर कौमुदीको किताब दिई दरबार स्कुलमा पढ्न पठाएका थिए । उनलाई लघु कौमुदी व्याकरणका अध्यापक पं.बाबुराम गुरुले पढाएका थिए ।[घघ] रिमाल पढ्नका लागि गुरुकै घरमा जाने गर्थे । गुरुले बेलुका दुई घण्टा ठाकुरले पढेको पाठ घोक्न लगाउँथे र नबुझेमा सम्झाइदिने पनि गर्दथे ।[घद्ध] गुरुले रिमाललाई एकदमै मेहनतसाथ पढाउँने गर्थे । गुरुले आफूसँगै सुताउने र पढ्नका निम्ति बिहान पाँचै बजे उठाउने गर्थे । गुरुले उनलाई पढ्ने समयमा अन्यत्र ध्यान नजाओस् भनी कान समातेर कतै चल्न नदिई पढ्न लगाउँथे । गुरु आफू न्यासध्यानमा रहेको समयमा पनि रिमाललाई पढाएको पाठ घोक्न लगाउँथे । त्यस समयमा रिमालले अन्यत्र ध्यान दिएमा पञ्चपात्रोको पानी छ्यापेर ब्यूँझाउँथे । गुरुले त्यति ध्यान दिएर परिश्रमका साथ पढाउँदा पनि रिमाल सफल हुन सकेनन् ।

चन्द्रशमशेर बितेपछि भीमशमशेर राजा भएका थिए र तिनको चाकडी हेर्न रिमाल जाँदा उनको पढाइ नै बिग्रिएपछि मावली बाजेले पं. कालिदास पराजुलीलाई पढाउनका लागि जिम्मा लगाएका थिए । उनले रिमाललाई घरमा र स्कुलमा गरेर मध्यमा साहित्यसम्मको अनिवार्य शिक्षा दिएका थिए । सो पढाइमा **तर्क सङ्ग्रहदीपिका** पनि पढ्नु पर्दथ्यो । त्यो जति मेहनत गरेर सिकाउँदा पनि रिमाललाई आउँदैनथ्यो ।[घछ] त्यसैले पढाइका क्रममा उनी 'कुहिरोमा हराएको काग' नै हुने गर्थे ।

---

[घघ] ठाकुरनाथ रिमाल, **मेरो कथा,** अप्रकाशित आत्मकथा. ।

[घद्ध] ठाकुरनाथ रिमाल मासटर रत्नदास (काठमाडौं: ढुङ्गाअड्डा प्र., २०६०), पृ. २ ।

[घछ] ठाकुरनाथ रिमाल, **मेरो कथा,** अप्रकाशित, आत्मकथा ।

रिमालले पढेको समयमा नेपालमा पढे तापनि परीक्षा दिनका लागि बनारस नै पुग्नुपर्ने हुन्थ्यो । रिमाल परीक्षा दिनका लागि १९९६ सालमा बनारस गएका थिए तर उनी सफल हुन सकेनन् । उनी पुनः १९९७ सालमा परीक्षा दिन बनारस गएका थिए तर उनी त्यसमा पनि सफल हुन सकेनन् । उनलाई एक किसिमको अनौठो बिमार लागेको थियो । डराउने र घरबाट बाहिर निस्कन नसक्ने गरी बिरामी परेपछि उनले पढाइ पूरा गर्न सकेनन् । यो रोग वर्षौं उपचार गर्दा पनि निको हुन सकेन ।[घट]

## २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

रिमालको विवाह विष्णुगोपाल सरदारकी नातिनी टीकाप्रसाद सुब्बाकी छोरी झङ्ककुमारीसँग वि.सं. १९९४ मा २० वर्षको उमेरमा कालधारा घरबाट भएको थियो । मावलीघरमा नै बसेका भए पनि पिताजीको जेठो सन्तान भएकाले आफ्नै घरबाट उनको वैवाहिक कार्यक्रम सम्पन्न भएको थियो ।

रिमाल विवाहपश्चात् पनि आफ्नो घरमा नबसी मावलीघर धोबीधारामा नै फर्केका थिए ।[घठ] ससुरालीबाट पाएको लुगाबाहेक अन्य दाइजोमा आएका सबै मालसामानहरू पिताजीलाई बुझाएर दुल्हन फर्काउने काम सकिएपछि पत्नीसहित मावलीघरमा नै बसेका थिए । विवाहपश्चात् दाम्पत्य जीवन सहज रूपमा नै चल्दै थियो । झङ्ककुमारीका गर्भबाट रिमालका पाँच छोरीको जन्म भएको थियो । तर ती सबै सन्तान जीवित रहन भने सकेनन् । एक छोरी बाहेक अन्य चार छोरीहरू यस संसारबाट सदाका लागि बिदा भए । रिमालको श्रीमतीसँगको सहवास त्यति लामो समयसम्म रहन सकेन । पन्ध्र वर्षको सहयात्रापश्चात् उनी पनि मृत्युवरण गर्न पुगिन् ।[घड] रिमाललाई आफ्नो सङ्गिनीको असामयिक निधनले ठूलो चोट पऱ्यो । रोगले ग्रस्त भएकी उनकी श्रीमतीको उपचार गर्न ढिलो भएकाले पेटको क्षयरोगले प्राण

[घट] विमलेन्दु मल्लबाट प्राप्त जानकारीअनुसार ।

[घठ] बहिनी टीकाकुरमीबाट प्राप्त जानकारीअनुसार ।

[घड] ठाकुरनाथ रिमाल, **मेरो कथा,** अप्रकाशित, आत्मकथा ।

गएको थियो । त्यसैले त्यसपछि उनले दुःखी मनलाई सम्हाल्दै छोरीको मुख हेरेर शोकपूर्ण दिनहरू बिताउन थाले ।

मावली बाजे-बज्यैको पनि मृत्यु भएपछि उनी एक्लो बृहस्पतिझैँ भए । तर पनि अर्की आमाले रिमाललाई आमाको स्नेह र माया दिइरहेकी थिइन् । श्रीमतीको मृत्युले शोकाकुल भएका रिमाललाई प्रकृतिको मनोरम दृश्य हेरेर मात्र भएन, आफ्नो जीवनमा मायाले रसाउने साथीको पनि अभाव खड्किन थाल्यो । पत्नी विना जीवन चलाउन पनि गाह्रो पऱ्यो र उनले पुनः विवाह गर्ने सोच बनाए । यसै क्रममा रिमालले वि.सं. २०११ मा चाँगूका कुइँकेल पण्डितकी छोरी ज्ञानुदेवीसँग सम्बन्ध जोड्न पुगे । श्रीमती धेरै पढेलेखेकी नभए पनि तीक्ष्ण बुद्धिकी थिइन् । उनी सधैँ स्निग्ध र हँसिलो रूपमा देखिन्थिन् ।

सत्य र धर्म उनको मुखमण्डलमा झल्किरहन्थ्यो । यस्तो शील-स्वभाव भएकी श्रीमती पाएर रिमालको जीवनमा परिवर्तन आएको थियो । ज्ञानुदेवीको गर्भबाट रिमालका दुई छोरा र एक छोरी गरेर तीन सन्तानको जन्म भयो । धेरै पढेलेखेकी नभए तापनि उनले वि.सं. २०१७ मा राष्ट्रबैंकका गभर्नर हिमालय शमशेरको अनुग्रहले राष्ट्रबैंकमा अपरेटरको जागिर पाइन् ।

राष्ट्रबैंकमा अटुटरूपमा बीस वर्षसम्म सेवा गरेर उनले सत्य र धर्मको पालना गरिन् । उनले अफिसबाट ऋण लिएर वि.सं. २०३१ मा कमलपोखरी चारबुर्जामा चार आना तीन पैसा जमिन किनेर घर पनि बनाइन् । सत्य र धर्ममा विश्वास राख्ने पवित्र आत्मा भएकी ज्ञानुदेवीले रिमालकी पहिली श्रीमतीकी छोरी उमाको विवाह पनि राम्रोसँग सम्पन्न गराइन् । यसरी घरव्यवहारका कामहरू एकपछि अर्को गर्दै थिइन् तर उनलाई रोगले समातिहाल्यो । राष्ट्रबैंकमा जागिरे भएकाले कैयौं डाक्टरहरूलाई देखाउँदा पनि रोग पत्ता लाग्न सकेन । ग्याष्ट्रिक, ब्लडप्रेसरको मात्र उपचार भइरह्यो तर क्यान्सर भइसकेको रहेछ । भेलोर लगेर रेडियम उपचार गर्दा पनि रोग निको हुन सकेन । रोग निकै पुरानो भइसकेकाले कुनै औषधी उपचारले छुन सकेन । आखिर उनी वि.सं. २०३७ कार्तिक त्रयोदशीका दिन यस संसारबाट सदाका लागि बिदा

भइन् ।[घढ] परिवारको सहारा नै चुडियो । लेखपढ गर्ने समयमा छोराछोरीले आमाको शोकमा दिनहरू बिताउनु पऱ्यो । रिमालको पहिलेको घाउमा खाटा बसेको तर पुनः त्यो फेरि फैलियो । उनको फक्रिरहेको जीवनमा तुसारापात हुन गयो ।

## २.६ आर्थिक अवस्था र आजीविका

रिमालको जन्म सामान्य मध्यमवर्गीय परिवारमा भएको थियो । घरको अवस्था त्यत्ति नराम्रो थिएन, खानलाउनको कुनै समस्या थिएन । उनको जन्म समयमा पिताको मुख्य जीविकोपार्जनको साधन खेतीपाती नै थियो । त्यसको अतिरिक्त पाठपूजा देखिन्थ्यो । गाउँमा खेतीपाती, ढिकीजाँतो, घाँसपानी, आदि गर्नुपर्ने स्थिति थियो तर उनकी आमा भने सहरको सुख-सुविधामा मसिनो कामबाहेक अरू नगरेकी हुनाले घरमा बस्न नसकेर माइतीमा नै बसेकी थिइन् ।[द्धण] बाजे पण्डित भए पनि पिताले चाहिँ वेद, रुद्रीबाहेक अरू पढेका थिएनन् । रिमालकी अर्की आमा भित्रिएपछि भने घरको कामकाजमा कुनै अप्ठ्यारो स्थिति देखा परेन । अर्की आमाबाट छोरी जन्मेको समयमा श्री ५ महाराजाधिराज त्रिभुवनकी माहिली पुत्रीको पनि जन्म भएको थियो । त्यतिबेलाको समयमा राजदरबारमा जन्मेका बालबच्चालाई दूध खुवाउन धाइआमा नै चाहिन्थ्यो ।

अर्की आमा दरबारमा धाइआमा भइन् । दरबारमा धाइआमा सुसारेको राम्रै कदर हुने भएकाले राजदरबारबाट उनले बराबर बकस पाई नै रहन्थिन् । त्यसैले घरका परिवारहरू प्रसन्न थिए । उनीबाट तीन छोराहरूको जन्म भयो ।[द्धज्ञ]

रिमाल भने सानैदेखि मावलीघरमा नै बसेकाले घरको स्थितिप्रति उनलाई त्यत्ति चासो थिएन । साहित्यमा मध्यमासम्मको अध्ययन पूरा गरेका रिमालले नेपाली नाटकमा हुने गीतको अभावपूर्ति गरेका थिए । उनले ने.भा.प्र.स. मा बसेर इतिहास

---

[घढ] छोरो रवीन्द्रबाट प्राप्त जानकारी ।

[द्धण] बहिनी टीकाकुमारीबाट प्राप्त जानकारी ।

[द्धज्ञ] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

शिरोमणि बाबुराम खरदारबाजेसँग इतिहास लेख्ने काम र भाषानुवाद परिषद्मा पुष्कर शमशेरको अध्यक्षतामा शब्दकोश बनाउने काम गरेका थिए । उनले अर्धसरकारी रूपमा कार्य गरेर आफ्नो आर्थिक समस्या पूर्ति गरेका थिए । उनी गाउँमा असी-एकासी जना विद्यार्थी भेला गरेर ट्युसन पढाउने गर्थे ।[द्धद्द] प्रत्येक विद्यार्थीबाट उनलाई रु.पाँच फिस मिल्थ्यो ।

श्रीमती पनि राष्ट्रबैंकमा जागिरे थिइन् त्यसैले उनलाई आर्थिक कठिनाई थिएन । ठूलो छोरा रवीन्द्र पनि अङ्ग्रेजी विषयमा बी.ए. सम्म पढेका थिए । उनी चिल्ड्रेन फन्डमा काम गर्थे ।[द्धघ]रिमालको पारिवारिक स्थिति राम्रै थियो । मावलीघरमा बाउन्न वर्षसम्म बसेका रिमालले बाजे-बज्यैको मृत्युपश्चात् मामाहरूबाट कुनै आर्थिक सहयोग पाउन सकेनन् । रिमालले आफ्नै मेहनत र परिश्रमबाट वि.सं.२०३१ मा कमलपोखरी चारबुर्जामा चार आना तीन पैसा जमिन किनेर घर बनाई उनी आनन्दका साथ बस्दै थिए । तर के गर्ने, विधिको विडम्बना अचम्मको हुन्छ भनेझैँ वि.सं. २०३७ मा उनकी श्रीमतीको देहावसान भयो । रिमाल शोकाकुल हृदय बोकेर जिउन बाध्य भए । सानो छोरा मुनीन्द्र पनि साङ्ग्रिला टेलिभिजनमा कार्यरत अवस्थामा वि.सं. २०५८ मा अल्पायुमै यस संसारबाट बिदा भए । आफू वृद्धावस्थामा हुँदाहुदै छोराको मृत्युले छटपटिएका रिमालको पनि वि.सं. २०५९ असोजमा देहावसान हुन पुग्यो ।[द्धद्ध]

## २.७ कार्यक्षेत्र

रिमालले एउटै क्षेत्रमा मात्र होइन विभिन्न क्षेत्रमा कार्य गरेका छन् । रिमालले केही समय ने.भा.प्र.स. मा बसेर इतिहास शिरोमणि बाबुराम खरदारबाजेसँग इतिहास लेख्ने काम र भाषानुवाद परिषद्मा पुष्कर शमशेरको अध्यक्षतामा शब्दकोश बनाउने काम गरे । उनले वि.सं. १९९४ देखि नाटकमा नेपाली गीतको अभाव पूर्तिका लागि गीत लेख्ने काम गरे । उनले जीवनमा सबैभन्दा लामो समयचाहिँ शिक्षण पेसामा नै

---

[द्धद्द] छोरा रवीन्द्रबाट प्राप्त जानकारी ।

[द्धघ] छोरा रवीन्द्रबाट प्राप्त अनजानकारी ।

[द्धद्ध] बुहारी कान्ताबाट प्राप्त जानकारी ।

बिताए । उनी गाउँमा असी-एकासी जना विद्यार्थी भेला गरेर दसदेखि चार बजेसम्म ट्युसन पढाउने गर्थे । यो क्रम बयालीस वर्षसम्म अनवरत रूपमा चलिरह्यो । गीत लेखनमा भने उनी वृद्घावस्थामा पुग्दासम्म नै लागिरहे । उनले तीनसय भन्दा बढी गीतहरू लेखिसकेका भए पनि सबै प्रकाशित हुन सकेका छैनन् । शिक्षण पेसाबाट नै उनले आफ्नो गुजारा चलाएका थिए ।

## २.८ साहित्यिक लेखन

### २.८.१ प्रेरणा र प्रभाव

साहित्यशास्त्रीहरूले सिर्जनात्मक कार्यका मूल प्रेरणाका रूपमा व्युत्पत्ति, प्रतिभा र अभ्यासलाई मानेको भए तापनि प्रत्येक साहित्यकारले बाह्य प्रेरणा पाएको हुन्छ । ठाकुरनाथ रिमाललाई पनि प्रतिभाको बरदान मिलेको थियो । उनलाई बाह्य प्रेरणा र वातावरणले पनि साथ दिएको पाइन्छ । रिमाललाई गीतलेखनका लागि मेनेजर बजिराम शिवजङ्ग र मास्टर रत्नदासको प्रेरणा मुख्य रूपमा रहेको थियो ।[द्धछ] रिमाललाई त्यसका लागि उनीहरूले हौसला नदिएका भए उनले यति धेरै गीत सिर्जना गर्न सक्ने थिएनन् ।

बाल्यकालदेखि नै रिमाल गीत, सङ्गीत मन पराउँथे । शास्त्रीय गान उच्चकोटिको भए पनि त्यसप्रति उनको त्यति अभिरुचि थिएन । सानैदेखि गीत, सङ्गीतमा चासो भएकाले पछि गएर म पनि गीत सिर्जना गर्छु भन्ने भावनाले उनले वि.सं. १९९४ देखि नै **गीत सिर्जना** गर्न थालेका हुन् । **मद्य नशा जेल्दछ जाल समान** भन्ने उनको पहिलो गीतले नै प्रशंसा पाएपछि उनी गीतलेखनमा सक्रिय बनेका हुन् ।

### २.८.२ प्रथम प्रकाशित रचना र प्रसारित गीत

नेपालमा वि.सं. १९९४ मा नेपाली भाषामा नाटक खेलियो । त्यतिखेर नेपालीमा नाटक नहुनाले हिन्दी उर्दूका नाटक खेलिन्थे । नेपालीमा नाटक र उपयुक्त गीत लेखेर दिने कोही थिएन । मास्टर रत्नदासले **भयङ्कर भूत** भन्ने नाटक खेलेका र

---

[द्धछ] ठाकुरनाथ रिमाल, पूर्ववत् ।

त्यस नाटकमा बहादुर सिंहको **बरालको आँसु** नामक पुस्तकबाट स**बै दिन हुँदैन एक समान** र भीमनिधि तिवारीको **बयासी गजल** पुस्तकबाट ए चन्द्रमा तिमीले मेरी कहाँ गएर भन्ने दुई गीत गाएकोमा गीतकार रिमाललाई सबै दिन हुँदैन एक समान भन्ने गीत साह्रै मन पऱ्यो र यसै लयमा **मद्य नशा जेल्दछ जाल समान** भन्ने गीत लेखेका थिए । यो नै उनको पहिलो रचना थियो ।

त्यसबेलाको समयमा रेडियो टेलिभिजन केही पनि नभएकाले गाईजात्राका अवसरमा नाटक देखाइन्थ्यो र उक्त नाटकका लागि रत्नदासलाई सबै गीत लेखिदिने रिमाल नै थिए । वि.सं.२००७ पछि रेडियो नेपालको स्थापनासँगै नाटकबाहेकका रिमालका धेरै गीत रत्नदासले गाएका थिए ।[द्वट]

### २.८.३ प्रथम प्रकाशित कृति

रिमालले वि.सं. १९९४ बाटै गीत लेख्न थालेका भए पनि पुस्तकाकार कृतिका रूपमा उनको पहिलो प्रकाशित कृति **गीत सिर्जना** नामक गीत सङ्ग्रह हो । यो वि.सं. २०४९ मा ढुङ्गा अड्डा प्रकाशनबाट प्रकाशित भएको हो । यस सङ्ग्रहमा सत्तरीवटा गीतहरू समावेश भएका छन् । वि.सं. १९९४ देखि लेखेका गीतहरू यसमा परेका छन् । उनका विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा छापिएका तथा रेडियो नेपाल र नेपाल टेलिभिजनमा प्रसारित गीतहरूको संयुक्त रूप नै **गीत सिर्जना** गीत सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्कलित गीतहरूमध्ये कुनै गीत पत्रपत्रिकामा पनि प्रकाशित छन् भने कुनै कतै पनि प्रकाशित भएका छैनन् । रिमालका गीतहरूमा ईश्वरभक्तिपरक, राष्ट्रभक्तिपरक, भाषाभक्तिपरक, प्रकृतिपरक, विशुद्ध प्रेमपरक, नारीपुरुष-सम्बन्धपरक, नारीजागरणपरक, कुलतसम्बन्धी, व्यक्तिस्तवनपरक, स्वतन्त्रतासम्बन्धी र सनातन धर्मसम्बन्धी गीतहरू गरेर जम्मा ११ किसिमका गीतहरू रहेका छन् । रिमालका धेरैजसो गीतहरू रत्नदास प्रकाशले गाएका छन् । उनका केही गीतहरू ललिता र किशोरीदेवीले रेडियोबाट पनि गाएका छन् । उनका गीतहरू हसना श्रेष्ठ र कृष्णमान डङ्गोलले रेकर्डिङ गरेका छन् । गणेश परियार र शारदा घिमिरेले पनि टी.भी. मा उनका गीत गाएका छन् । ज्ञानु राणाले उनको एक गीत रेकर्डिङ गरेकी छन् ।

[द्वट] ठाकुरनाथ रिमाल, पूर्ववत् ।

प्रेमराजा महत, मीरा राणा र नरराज ढकालले पनि केही गीतहरू रेकर्डिङ गरेका छन् ।[५८]

---

[५८] ठाकुरनाथ रिमाल, पूर्ववत् , पृ २९ ।

### २.८.४ प्रकाशित कृतिहरूको सूची

ठाकुरनाथ रिमालले गीतरचना वि.सं. १९९४ बाटै गर्न थालेका थिए । रिमालले उपन्यास, शोककाव्य, वर्णमाला, आत्मकथा, कविता आदि विधामा पनि कलम चलाएका थिए तर ती प्रकाशित हुन सकेका छैनन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरूको सूची निम्नानुसार छ :

| क्र.सं. | कृतिको नाम | प्रकाशन वर्ष | विधा | प्रकाशक | संस्करण |
|---|---|---|---|---|---|
| १ | गीत सिर्जना | वि.सं.२०४९ | गीतसङ्ग्रह | ढुङ्गाअड्डा | प्रथम |
| २ | मास्टर रत्नदास | वि.सं.२०६० | संस्मरणात्मक लेख | ढुङ्गाअड्डा | प्रथम |

## २.९ सामाजिक सेवा

व्यक्तिले आफूलाई मात्र लाभ हुने कार्य गरेको हुँदैन । उसले आफ्ना लाभका लागि काम गर्दागर्दै अरूलाई पनि फाइदा पुऱ्याएको हुन्छ । व्यक्तिले अरूलाई फाइदा पुऱ्याउनु नै समाज सेवा हो ।

### २.९.१ समाजसेवा

छोराछोरीलाई पढाउनुपर्छ भन्ने जनजागृति आइनसकेको समयमा कखसम्म नसिकेका र कलम समाउने ढङ्गसम्म नभएका केटाकेटीहरूलाई बटुलेर देश सेवाको खुड्किलो हो भन्ने सम्झेर रिमाल पढाउने गर्थे । उनीहरूलाई पढ्नका लागि सानातिना स्कुल नभएको र अक्षरसम्म नचिनेकालाई दरबार स्कुलमा प्रवेश नभएका कारण २-३ वर्षमा विद्यार्थीको उमेर हेरी ४-५ कक्षासम्मको उनी घरमै पढाउँथे ।[ढड]

### २.९.२ साहित्यिक संस्थामा गरेको कार्य

ठाकुरनाथ रिमालले वि.सं. २००४ सालमा ने.भा.प्र.स. बसेर इतिहास शिरोमणि बाबुराम खरदारबाजेसँग इतिहास लेख्ने काम गरेका थिए । वि.सं.२००५ देखि वि.सं.

---

[ढड] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

२००७ सम्म भाषानुवाद परिषद्मा पुष्कर शम्शेरको अध्यक्षतामा शब्दकोश बनाउने काम गरेका थिए ।[द्धढ]

## २.१० रुचि तथा स्वभाव

रुचि प्रत्येक व्यक्तिमा भिन्नभिन्न हुन्छ र त्यसले व्यक्तिका व्यक्तित्व निर्माण गर्दछ । रिमालमा पनि आफ्नै किसिमको रुचि थियो । उनलाई बाल्यकालदेखि नै गीत मनपर्थ्यो । त्यसैले आफू पढ्ने समयदेखि नै उनी गीतलेखनतर्फ लागेका थिए । बाल्यकालदेखि नै गीतप्रति रुचि राख्ने रिमालले जीवनको अन्त्यसम्म पनि गीत लेख्न र सुन्न उत्तिकै रुचि राखेका थिए ।

साहित्यका विविध विधामध्ये उनलाई पढ्न मनपर्ने विधा पद्य थियो । उनी स्वदेशी कविहरूमा लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समलाई मन पराउँथे भने विदेशी कविहरूमा रवीन्द्रनाथ टैगोरलाई मन पराउँथे । गायकमा सबैभन्दा बढी मास्टर रत्नदास प्रकाशलाई उनी मन पराउँथे ।[छण] जसले राम्रो र सकारात्मक कुरा गर्थ्यो उसप्रति उनी एकदम सद्भाव देखाउँथे । जसले आफूलाई अलि जिस्क्याए जस्तो हुन्थ्यो त्यो रिमालका लागि असह्य र अपाच्य हुन्थ्यो ।[छज्ञ] रिमाल पछिल्लो समयमा प्रायजसो घरमै मात्र बस्न  रुचाउँथे । घरमा बसेको समयमा उनी ट्युसन त पढाउथे नै, बाँकी समय फूलहरूको बगैंचामा बिताउँथे । रिमाललाई मनपर्ने फूलहरूमा गुलाब थियो र त्यही गुलाबको बगैंचा सिँगार्नमा उनी बढी रुचि राख्दथे । रिमाल कागज र पत्रिकाहरूको बट्टाहरू बनाउनु र आफूलाई मनपर्ने व्यक्तिहरूलाई दिनु पनि उनको रुचिको विषय थियो ।[छद]

रिमाल खेलहरूमा पासा खेल्न मन पराउँथे । रिमाललाई मनपर्ने पुस्तक **उत्तर-राम चरित्र** थियो । मीठो खाना खान एकदमै सौखिन थिए । उनी गुलियो अलि बढी मन पराउँथे त्यसैले चिया बढी नै पिउने गर्थे । उनका मनपर्ने खाना दाल, भात, मासु, पालुङ्गो र रायो-साग थिए । तिनमा बढी मात्रामा उनी मासु खान मन पराउँथे ।[छघ]

---

[द्धढ] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

[छण] छोरा रवीन्द्रबाट प्राप्त जानकारी ।

[छज्ञ] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

[छद] कान्ता रिमालबाट प्राप्त जानकारी ।

[छघ] कान्ता रिमालबाट प्राप्त जानकारी ।

उनी चुरोट पनि एकदमै पिउने गर्थे । एकदम लामो सर्को तानेर धूवाँ बढी मात्रामा निलेर चुरोट तान्ने रिमाल दिनमा ४०/५० वटा चुरोट पिउने गर्थे ।[छद्ध] रिमाललाई मन पर्ने वाद्यवादन हारमोनियम हो । रिमाल सबैलाई समान अधिकार भएको प्रजातन्त्र मन पराउँथे । उनी हिन्दु धर्म मान्ने भए तापनि धार्मिक कट्टरतालाई पनि मन पराउँदैनथे । उनी सबै देवीदेवतालाई उत्तिकै सत्कार गर्थे । रिमाल तुलसीकृत रामायणलाई ६/७ वटा लयमा वाचन गर्थे । उनी जे कुरा पनि लयमा लेख्ने र पढाउँदा पनि लयबद्ध स्वरमा पढाउने  गर्थे । उनी शुद्ध र सफा अक्षरमा सिद्धहस्त थिए ।[छछ]

## २.११ सम्मान, पुरस्कार र भ्रमण

रिमालले वि.सं. १९९४ तिरैबाट गीत लेख्न सुरु गरेका थिए । उनको पहिलो गीत **मद्य नशा जेल्दछ जाल समान** हो । यही गीतबाट उनले प्रशंसा पाएका हुन् । नेपाली भाषाको नाटकमा गीतको अभावपूर्ति गर्नका लागि नै रिमालले गीत लेखेका थिए । निरन्तर रूपमा गीत लेखेर रत्नदास प्रकाशलाई गाउन दिएका रिमालले करिब साढे तीन सय जति गीत लेखेका भए तापनि गीतकारको पङ्क्तिमा समेत उभिन नपाएको गुनासो विभिन्न पत्रपत्रिकामा गरेका छन् । रिमालकै गीत गाएर मास्टर रत्नदास प्रकाशको अभिनन्दन भएको तर मुख्य गीत लेख्ने रचनाकारको भने नामसमेत नआएको गुनासो उनले प्रकट गरेका छन् । रिमालले वि.सं. २००४ मा सरस्वती सदनमा जागिरका लागि लिएको परीक्षामा प्रथम स्थान हासिल गरेका थिए । उनले वि.सं. २००६ मा समितिमा कोलम्बिया कम्पनीबाट भा.रु. १५ पुरस्कार पाएका थिए ।[छट] उनलाई वि.सं. २०५५ मा रवीन्द्र गीत सम्मानबाट सम्मानित गरिएको थियो ।

रिमालले स्वदेश तथा विदेशको उल्लेख्य भ्रमण गरेको नपाइए तापनि नेपालको विभिन्न स्थान र बनारस सहरको भ्रमण भने गरेका थिए ।

---

[छद्ध] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

[छछ] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

[छट] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

# तेस्रो परिच्छेद

## ठाकुरनाथ रिमालका व्यक्तित्वको अध्ययन

# तेस्रो परिच्छेद
# ठाकुरनाथ रिमालको व्यक्तित्वको अध्ययन

व्यक्तिको जीवनका विभिन्न पक्षहरूले व्यक्तित्वको निर्माण गर्दछन् । व्यक्तित्वको दुई पाटा हुन्छन् आन्तरिक र बाह्य । आन्तरिक व्यक्तित्व व्यक्तिका शारीरिक पक्षसँग सम्बन्धित हुन्छ । जोसुकैले पनि जन्मेपछि जीवन भोगाइका क्रममा विभिन्न आरोह-अवरोह पार गरेको हुन्छ । जीवनका विभिन्न घटना तथा मोडहरूले व्यक्तिको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएका हुन्छन् । यस परिच्छेदमा ठाकुरनाथ रिमालका आन्तरिक वा चारित्रिक र बाह्य व्यक्तित्वको अध्ययन गरिन्छ ।

## ३.१ आन्तरिक वा चारित्रिक व्यक्तित्व

व्यक्तिका रुचि, गुण, शील, स्वभाव, आचरण र प्रवृत्ति आन्तरिक व्यक्तित्व अन्तर्गत पर्दछन् । रिमालको स्वभाव सराहनीय थियो । उनमा मिलनसार मृदुभाषी, वाक्पटु र उचित व्यवहार गर्ने विशेषता पाइन्थ्यो । उनको मूल स्वभावमा यथार्थको पनि पक्षधरता थियो । त्यसैले उनलाई कसैले बिनासित्तिमा जिस्क्याएको र नराम्रो वचन गरेको सुन्दा उनी रिसाउने गर्थे । [छठ]

उनको जीवनशैली अत्यन्त सामान्य देखिए पनि विचारमा भने उच्चता पाइन्थ्यो । लुकाउनुपर्ने कुरा खासै नभएका र खुला दिलले आफूलाई देखाइदिने प्रवृत्ति उनमा थियो । उनलाई पारिवारिक रूपमा विभिन्न शोकले जीवन जिउने क्रममा सन्तुष्टि मिल्न नसके तापनि उनी जीवनबाट हार मानेर बसेनन् । उनी आफ्नो कर्तव्यप्रति सदा समर्पित नै रहेको बुझिन्छ । रिमालमा देखेको सत्यतथ्य कुरा बोल्ने बानीका साथै हक्की स्वभाव थियो ।[छड] कल्पनामा रम्नेजस्ता प्रवृत्तिहरू पनि उनमा देखिन्थे । सरलता, स्वच्छन्दता, स्पष्टता, पारदर्शिता, पक्षपातविहिनता आदि उनका जीवनशैलीमा पाइने मुख्य पक्ष हुन् । साथीभाइ र विद्यार्थीहरूप्रति उनको धारणा

---

[छठ] विमलेन्दु मल्लबाट प्राप्त जानकारी ।

[छड] कान्ता रिमालबाट प्राप्त जानकारीअनुसार ।

सकारात्मक, सहयोगी र सहानुभूतिपूर्ण थियो । उनी सबैलाई उचित र व्यवहारोपयोगी सल्लाह दिने गर्थे । प्रायः सबैसँग उनको व्यवहार भद्रतापूर्ण र नरम खालको थियो । अन्याय गर्नेलाई चाहिँ उनी मन पराउँदैनथे ।[छढ] सबैसँग हाँसेर बोल्ने सहयोगको भावना राख्ने, देखेको कुरालाई मनमा नराखी स्पष्ट भन्ने, कसैलाई पनि भेदभाव नगर्ने, सबै मानिसलाई समान देख्ने र सत्यको पक्ष लिने प्रवृत्ति उनमा थियो ।[टण]

## ३.२ बाह्य व्यक्तित्व

आँखाले हेर्दा देखिने बाह्य कुराहरू बाह्य व्यक्तित्वअन्तर्गत पर्दछन् ।

### ३.२.१ शारीरिक व्यक्तित्व

ठाकुरनाथ रिमाल शारीरिक रूपमा मझौला कदका थिए । उनको उचाई लगभग पाँच फिट तीन इन्च थियो[टञ] । उनको रङ गहुँगोरो किसिमको थियो । ठूला आँखा, ठूलो निधार, गोलो अनुहार भएका रिमाल सधैँ गम्भीर देखिन्थे । घरमा बस्दा उनी कमिज, सुरुवाल र मौसमअनुसार सुइटर आदि लगाउँथे भने बाहिर निस्कदा दौरासुरुवाल र इस्टकोट लगाउँथे । उनी आफूले चिनेजानेका मान्छेसँग विनम्र भएर सद्व्यवहार गर्थे । साथीभाइसँग भेटघाट गर्न कहिलेकाहीँ उनी बाहिर पनि जाने गर्थे ।[टद]

पढाउँदा रिमाल विद्यार्थीहरूले नबुझुन्जेल नरिसाई बुझाउने प्रयास गरिरहन्थे । उनी लामो समयससम्म सिकाएर पनि विद्यार्थीलाई सम्बन्धित विषयमा पोख्त बनाउने गर्थे । रिमाल पढाउँदा हरेक कुरा लयमा प्रस्टयाउने गर्थे । त्यही भएर विद्यार्थी उनीप्रति आकर्षित हुन्थे र सिकाएको कुरा चाँडै बुझ्थे । उनी कसैलाई पनि भेदभाव नगरेर सबैसँग समान व्यवहार गर्थे । केटाकेटीहरूप्रति उनको मोह ज्यादा नै थियो ।[टघ] ट्युसन पढाउने कार्यमा लागेकाले धेरैजसो समयमा उनी घरमै बिताउँथे । फुर्सदको

---

[छढ] विमलेन्दु मल्लबाट प्राप्त जानकारीअनुसार ।

[टण] कान्ता रिमालबाट प्राप्त जानकारीअनुसार ।

[टञ] जीवनचन्द्र कोइरालाबाट प्राप्त जानकारीअनुसार ।

[टद] कान्ता रिमालबाट प्राप्त जानकारी ।

[टघ] विमलेन्दु मल्लबाट प्राप्त जानकारीअनुसार ।

समयमा फूलबारीको हेरचाह गर्नुका साथै घरव्यवहारका कामहरूमा पनि ध्यान दिन्थे ।[टद्ध]

## ३.२.२ व्यावसायिक व्यक्तित्व

ठाकुरनाथ रिमालले विभिन्न क्षेत्रमा कार्य गरे तापनि उनको मुख्य व्यवसाय भने शिक्षण पेसा हो । उनले केही समय ने.भा.प्र.स. मा इतिहास लेख्ने काम गरेका थिए । केही समय उनी शब्दकोश बनाउने कार्यमा पनि संलग्न भएका थिए । रिमाल गीति क्षेत्रमा लागेका हुनाले गीतलेखनतर्फ पनि उनी सक्रिय थिए । रिमालले लामो समयसम्म ट्युसन पढाउने कार्य गरे ।[टछ] बयालीस वर्षसम्म अनवरत रूपमा दिनको असी-एकासी जना केटाकेटीहरूलाई दसदेखि चार बजेसम्म उनी पढाउने गर्थे । एकजना विद्यार्थी बराबर रु.५ लिन्थे भने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई सित्तैमा पढाइदिन्थे ।[टट]

रिमालको व्यावसायिक व्यक्तित्वसँग गाँसिएको शिक्षण पेसाले बयालीस वर्ष पूरा गऱ्यो र त्यही शिक्षक व्यक्तित्व नै प्रबलरूपमा रहेको थियो ।

## ३.२.३ साहित्यिक व्यक्तित्व

रिमाल मुख्य रूपमा गीतकार भए पनि उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले गीत, कविता, उपन्यास, शोककाव्य, आत्मकथा आदिको रचना गरेका भए पनि ती आर्थिक अभावका कारणले गर्दा प्रकाशन हुन सकेनन् ।[टठ] रिमालको रुचिको विषय भने **गीतसिर्जना** नै थियो र उनले आफ्नो कलम सर्वप्रथम यसै विधामा चलाएका थिए । उनले ९ वटा लघु-उपन्यासहरू लेखेका भए पनि ती प्रकाशित हुन सकेनन् ।[टड] यी विविध विधाका सर्जकका रूपमा उनको साहित्यिक व्यक्तित्वलाई निम्नलिखित बुँदामा विभाजन गरेर हेर्न सकिन्छ -

---

[टद्ध] बुहारी  कान्ता रिमालबाट प्राप्त जानकारी ।

[टछ] विमलेन्दुबाट प्राप्त जानकारीअनुसार ।

[टट] ठाकुरनाथ रिमाल, **मेरो कथा**, अप्रकाशित आत्मकथा ।

[टठ] बाबा बस्नेत, (साप्ताहिक **समकालीन** , वर्ष ४, अङ्क १८, २०५३ साउन३१), पृ.७ ।

[टड] अखण्ड, (नेपाल **जागरण** वर्ष ८, अङ्क २७ जेठ १६), पृ.६ ।

### ३.२.३.१ गीतकार व्यक्तित्व

ठाकुरनाथ रिमाल प्रथमतः गीतकार हुन् । उनका गीतहरू हृदयसंवेद्य र ईश्वरभक्तिपरक छन् । गीतकार व्यक्तित्व नै रिमालको प्रतिभाशाली व्यक्तित्व हो । वि.सं. १९९४ देखि नै गीत लेख्न थालेका रिमालका झन्डै साढे तीनसय जति गीतहरू छन् तर सबै गीतहरू प्रकाशित भएका छैनन् । **मद्यनशा जेल्दछ जाल समान** रिमालको पहिलो गीत हो । पहिलो गीत नै सबैले मन पराएर प्रशंसा गरेपछि उनी गीतलेखनतर्फ लागेका हुन् ।[टढ] वि.सं.२०४९ मा उनको **गीत-सिर्जना** गीतसङ्ग्रह प्रकाशित भएको छ । यस गीतसङ्ग्रहमा जम्मा सत्तरीवटा गीतहरू रहेका छन् । रिमालका प्रायजसो गीतहरू रत्नदास प्रकाशले गाएका छन् ।[ठण]गीतकार रिमालले आफ्ना गीतहरूमा **प्रणय, प्रकृति, देशभक्ति, राष्ट्रियता, ईश्वरभक्ति र नारीजागरण** आदिलाई विषयवस्तु बनाइएको देखिन्छ ।

रिमालका गीतहरूमा नेपाली ग्रामीण नारी-पुरुषका बीचको सम्बन्ध, प्रेमका मिलन-बिछोड, दाजु-बहिनीको सम्बन्ध, सहरिया जीवनको विकृति, सामाजिक सांस्कृतिक चित्रणलगायत मान्छेका जीवनका विभिन्न क्रियाकलापले स्थान पाएका छन् । उनका गीतमा सरल, सुबोध र कोमल भाषाको प्रयोग भएको छ । उनले आफ्नो राष्ट्रप्रति गरेको मायालाई यसरी प्रकट गरेका छन् -

*छोडी नजाऊ है जन्मभूमिलाई हाई हाई*
*विदेशीको नोकरीले हुँदैन भलाई*

(गीत सिर्जना , पृ. ३७)

रिमालका गीतहरू विविध भावका छन् । उनमा भावगत विविधता देखापर्ने कारण नाटकको आवश्यकतापूर्तिका निम्ति लेख्नुपर्ने परिस्थिति र अरूले मागेजस्तो गीत दिनुपर्ने परिस्थिति पनि हो भन्न सकिन्छ ।[ठञ]उनका मनमा उत्पन्न भएको भावले निर्बाध अभिव्यक्ति पाएको देखिन्छ । एउटै नामका धेरै गीतहरू भए पनि लय, शब्द र भाव अलग-अलग हुने गरी लेखिएका गीतहरू एकै ठाउँमा सङ्गृहीत भएका छन् ।

---

[टढ] ठाकुरनाथ रिमाल, **मास्टर रत्नदास** (काठमाडौँ: ढुङ्गाअड्डा प्र., २०६०), पृ. ३, ४ ।

[ठण] कुलप्रसाद कोइराला, **काव्यिक परिभ्रमण,** (काठमाडौँ: कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०६२), पृ. १११ ।

[ठञ] कुलप्रसाद कोइराला, पूर्ववत्, पृ ११२ ।

उनको गीत युगल गीत भएकाले महिला र पुरुषले पनि गाएका छन् । उनले दाजुबहिनीले पनि दोहोरो गीत गाउन हुने गरी युगल गीतको रचना गरेका छन् ।

भक्ति, प्रेम, वियोग, सद्भाव र राष्ट्रियता, सामाजिक जनजीवनको चित्रण, राजनैतिक परिवर्तनको सन्देश र प्रजातन्त्रको आनन्दानुभूति उनका गीतका विशेषता हुन् । उनका गीतले घरव्यवहारको अमिल्दो कुरादेखि राष्ट्र र समाजका अमिल्दा कुरालाई समेटेको पाइन्छ ।

### ३.२.३.२ संस्मरण लेखक व्यक्तित्व

रिमालले संस्मरण लेखनतर्फ पनि कलम चलाएका छन् । उनले जीवनका विभिन्न क्षणमा रहेका सहयात्रीसँगका यात्रा एवम् मन छुने खालका क्षण र घटनाहरूलाई संस्मरणका रूपमा उतारेका छन् । रिमालले आफ्ना सहयात्री मास्टर रत्नदास प्रकाशको सम्झनामा लेखेको **मास्टर रत्नदास** (२०६०) संस्मरणात्मक लेखको सङ्गृहीत रूप हो । यस लेखले दुई मित्रहरूको यात्राको क्रम मात्र जानिँदैन नेपाली गीति इतिहासको सङ्क्षिप्त अवलोकन नै गराउन सफल रहेको देखिन्छ ।

### ३.२.३.३ उपन्यासकार व्यक्तित्व

रिमालले गीत, संस्मरणात्मक लेखका साथै उपन्यासका क्षेत्रमा पनि कलम चलाएका छन् । रिमालले उपन्यास लेखनको थालनी वि.सं. २००७ पछि मात्र गरेका हुन् । रिमालले ९ वटा लघु -उपन्यासमा आफ्नो कलम चलाइसकेका भए पनि ती उपन्यास प्रकाशित हुन पाएका छैनन् । रिमालले वि.सं. २०११ मा लेखेको उपन्यास **इतिहास दोहोरियो** हो । रिमालले सातसाल अघिको राणाशासनकालमा चलिआएको कानुन र त्यस बेलाका निर्दयी समाजलाई अङ्कित गरेर यो उपन्यास लेखेका छन् । त्यस्तै उनको अर्को उपन्यास **मेलाकी सुन्दरी** २०४२ सालमा लेखिएको जानकारी पाइन्छ । अरू बाँकी उपन्यासहरूको लेखन समय अवगत छैन, त्यस्ता उपन्यासहरू हुन्- **दाजु-बहिनी, जागिर, भ्रमण, चुनरी पति-वर्ता र घूसको हत्या** । उनले समाजमा घटेका घटनाहरूलाई यथार्थरूपले उपन्यासमा उतारेका छन् । मौलिकरूपमा लेखेका रिमालका उपन्यासहरू अत्यन्त रोमाञ्चक रहेका छन् तर पनि ती प्रकाशित हुन नपाएर कापीका पानामा नै सीमित बनेका छन् ।

### ३.२.३.४ शोककाव्यकार व्यक्तित्व

रिमालले विविध विधामा कलम चलाउने क्रममा शोककाव्य विधामा पनि आफ्नो कलम चलाएका छन् । रिमालले वि.सं.२०३७ मा श्रीमतीको मृत्यु भएपछि वियोगको पीडालाई लयबद्ध रूपमा कापीका पानामा लेखेर भए पनि चित्त बुझाएका छन् तर उनको शोककाव्य केवल कापीका पानामा नै सीमित बनेको र अझै प्रकाशित भएको छैन । वि.सं. २०५८ मा कान्छो छोरा मुनीन्द्रको मृत्युले पनि उनलाई ठूलो आघात पुगेको थियो र उनको कलम शोककाव्यलेखनमा अघि बढेको थियो तर त्यो शोककाव्यको लेखन पूरा नभएर केही अंश मात्र लेखिएको छ ।

### ३.२.३.५ बालसाहित्यकार व्यक्तित्व

रिमालले कलम चलाएको अर्को विधा **बालसाहित्य** पनि हो । रिमालले पाँच भाग बालसाहित्य लेखेका छन् । बालबालिकाहरूको बाल मनस्थितिलाई ध्यानमा राखेर सरल र सुबोध ढङ्गमा लेखिएको साहित्यले पनि प्रकाशित हुने अवसर पाएको छैन । बयालीस वर्षसम्म शिक्षण कार्य गरेको र त्यस अनुभवले विद्यार्थीको मनस्थितिअनुरूप साहित्यिक रूप दिई तयार पारिएको यो साहित्य ओझेलमा नै रहेको छ ।

### ३.२.३.६ कवि व्यक्तित्व

रिमालले कविता लेखनमा पनि कलम चलाएका छन् । उनले फुट्कर रूपमा कविताहरू लेखेका भए पनि ती प्रकाशित हुन सकेका छैनन् । उनलाई मनपर्ने विधा पद्यसाहित्य भएकाले विभिन्न छन्द र लयमा कविताहरू लेखेका छन् ।

## ३.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीच अन्तःसम्बन्ध

ठाकुरनाथ रिमालको जन्म आदेश्वर काठमाडौंमा भएको थियो । आफू आठ वर्षमा लाग्दा नै उनले आमाको न्यानो काखबाट बिछोडिनुपरेको थियो ।[ठ६] घर र मावलीघर गर्दागर्दै उनले सुरुमा कखसम्म चिनेका थिएनन् । आमाको देहावसानपछि उनी मावलीघरमा नै बसेका थिए । मावली बाजेले कखसम्म चिनाएर पढ्का लागि गुरु कहाँ पठाएका थिए । पढ्ने क्रममा नै उनी आफ्ना गुरु कालिदास पराजुलीका छोरा

---

[ठ६] छोरा रवीन्द्रबाट प्राप्त जानकारीअनुसार ।

चन्द्रप्रसादसँग नाटक हेर्न गएका थिए र त्यसबेला नाटकमा भएको गीत **सबै दिन हुँदैन एक समान** सुनेपछि उनलाई त्यो गीत मन पऱ्यो र जुनसुकै बेला गुन्गुनाइ-रहन्थे । उनले त्यसै लयमा **मद्यनशा जेल्दछ जाल समान** भन्ने गीत लेखे । त्यो गीत सबैले मन पराएर प्रशंसा गर्न थालेपछि रिमाललाई हौसला मिल्यो र उनी गीतलेखनतर्फ निरन्तररूपमा लागिरहे ।[ठघ]

रिमालले आफ्नो विवाह वि.सं. १९९४ मा गरेका थिए ।[ठद्ध] विवाहपछि पनि उनले आफ्नो अध्ययनलाई निरन्तरता दिइरहे । उनले साहित्य मध्यमासम्मको अध्ययन पूरा गरे । आफ्नो अध्ययन पूरा गरेपछि उनी शिक्षण पेसामा संलग्न भएका थिए । मावलीघरमा नै बसोवास गरेका रिमालले आफ्नो मात्र नभएर श्रीमतीको समेत रेखदेख गर्नुपर्ने स्थिति थियो । उनले केही समय ने.भा.प्र.स. मा बसेर इतिहास लेख्ने काम गरे भने केही समय भाषानुवाद परिषद्मा पुष्कर शमशेरको अध्यक्षतामा शब्दकोश बनाउने काम गरे ।[ठछ] गीत लेखनतर्फ पनि उनी उत्तिकै सक्रिय थिए भने ट्युसन पनि पढाउँथे । तर रिमालका जीवनमा एकपछि अर्को गर्दै दुःखका क्षणहरू आइरहे । वि.सं. २००५ मा मावली बाजेको मृत्यु भएको र त्यसबाट विरक्त छाई उनी जागिर छाडेर एक महिना त्यसै बसे । उनले त्यसबेलाको समाजमा घटेका घटनाहरूको यथार्थ चित्रण गरेर उपन्यासहरू पनि लेखेका छन् । वि.सं.२००७ मा प्रजातन्त्रको आगमन भएपछि उनले गीत लेखनलाई पुनः निरन्तरता दिएका थिए तर दैवको लीला कसैले पनि जान्न सक्दैन भनेझैं रिमालका जीवनमा दुःखपूर्ण क्षणहरू आई नै रहे । उनको बिहे भएको पन्ध्र वर्षपछि श्रीमती यस संसारमा रहन सकिनन् । उनीबाट जन्मिएका पाँच छोरीमा चार छोरी पनि उनी साथै लिएर गइन् ।[ठट] रिमालले एकपछि अर्को शोकका घडीहरू सहनुपर्ने स्थिति थियो । सधैँ दुःखी र चिन्तित भएर बसेर मात्र नहुने हुँदा आफ्नो जीवनमा उज्यालो ल्याउने साथीको आवश्यकता सम्झेर पुनः वि.सं.२०११

---

[ठघ] ठाकुरनाथ रिमाल, पूर्ववत् ।

[ठद्ध] विमलेन्दु मल्लबाट प्राप्त जानकारीअनुसार ।

[ठछ] बहिनी टीकाकुमारीबाट प्राप्त जानकारीअनुसार ।

[ठट] ठाकुरनाथ रिमाल, **मेरा कथा,** अप्रकाशित आत्मकथा ।

मा उनले दोस्रो विवाह गरे । उनीबाट दुई छोरा र एक छोरीको जन्म भयो ।[ठठ] तिनीहरूलाई राम्रो शिक्षादीक्षाको प्रबन्ध मिलेको थियो । पछिल्लो समयमा उनको जीवनमा खुसी नै छाएको थियो । श्रीमती राष्ट्रबैंकमा जागिरे भएकाले आर्थिक स्थिति पनि राम्रै थियो ।

मावली बाजे बज्यैको मृत्युपछि उनले मामा माइजुबाट त्यति माया पाउन सकेनन् । ५६ वर्षसम्म मामाघरमा बसे पनि उनले कुनै अंश पाएनन् । उनले घर बनाएर बस्नलाई जमिनसमेत पाएनन् । घरबाट पनि उनले अंशका नाममा एकहजार रूपैयाँ पाएका थिए । त्यसपछि उनले आफ्नै परिश्रमले वि.सं.२०३१ मा कमलपोखरी चारबुर्जामा जग्गा किनेर घर बनाई त्यसै घरमा आएका थिए ।[ठड]आफ्नै घरमा आनन्दसाथ दिनहरू बित्दै थिए तर अकस्मात् दोस्री श्रीमतीको पनि वि.सं. २०३७ मा मृत्यु भयो ।[ठढ] उनको आस्थाको दीप नै निभ्यो । उनी शोकाकुल हृदय लिई छोराको मुख हेरेर दिनहरू बिताउन थाले । रिमालका जीवनमा कैयौँ उतारचढावहरू आइपरे तापनि उनी सिर्जनात्मक लेखनतर्फ लागिरहे । उनले श्रीमतीको वियोगमा विभिन्न लयमा शोककाव्य लेखेका छन् । उनले आफ्नो जीवनका सहयात्रीसँगको भेटघाट सहयात्रालाई संस्मरणका रूपमा संस्मरणात्मक लेख लेखेका छन् । उनले **युगल प्रेमका** गीतहरू धेरै मात्रामा लेखेका छन् । नारीपुरुष-सम्बन्धपरक गीतमा रिमालको पत्नी वियोग, उकुस-मुकुस र छटपटीले पनि अभिव्यक्ति पाएका छन् । गीतमा प्रकट भएका युगलेच्छाहरू बिछोड भएर बस्नु परेका जोडीहरू बीच भएको पाइन्छ ।[डण] उनले जीवनको अन्तिम क्षणमा आएर आफ्ना मनका भावनाहरूलाई पोखेर आत्मकथा लेखेका छन् ।

रिमालले गीतसङ्गीतको आधार लिएर भए पनि श्रीमतीको वियोगमा जीवन गुजारिरहेका थिए तर आफू वृद्ध अवस्थामा पुगेका समयमा अकस्मात् आफ्नो प्यारो

---

[ठठ] रवीन्द्रबाट प्राप्त जानकारीअनुसार ।

[ठड] रवीन्द्रबाट प्राप्त जानकारीअनुसार ।

[ठढ] रवीन्द्रबाट प्राप्त जानकारीअनुसार ।

[डण] कुलचन्द्र कोइराला, पूर्ववत्, पृ. ११६ ।

छोरो मुनीन्द्रको मृत्युले झन बढी व्यथित बनायो । तीनदिन ज्वरो आई ओम नर्सिङहोम कमलपोखरीमा उपचारका क्रममा वि.सं. २०५८ मा मुनीन्द्र यस संसारबाट सदाका लागि बिदा भए ।[ङ्ज] आफू वृद्धावस्थाले ग्रसित भएको स्थितिमा छोराको कलकलाउँदो अवस्थामा मृत्यु हुनु निकै दुःखदायी रह्यो । रिमालका जीवनमा एकपछि अर्को गर्दै वृद्धावस्थासम्म पनि शोकका घडीहरू आई नै रहे र शोकपूर्ण भावहरू कापीमा उतारेर उनले दिनहरू बिताए । छोरो मुनीन्द्रको सम्झनामा पनि केही अंश शोककाव्य उनले लेखेका छन् । वृद्धावस्थामा मुटुको टुक्रा मुनीन्द्रको वियोगमा कलिली बुहारी र अबोध नाति-नातिनीको चिन्तामा उनी ग्रसित हुनुपऱ्यो ।[ङ्द] यसरी शोकमा डुबेका रिमाल वृद्धावस्थामा घरमा एक्कासी ढले । उनलाई हिमाल नर्सिङहोममा उपचारका लागि राखियो । त्यहाँ रोग पत्ता लाग्न नसकेपछि त्रि.वि. शिक्षण अस्पताल पुऱ्याइयो । शिक्षण अस्पतालमा उपचारका क्रममा ६ दिन राखेपछि वि. २०५९ असोजमा उनको देहावसान भएको थियो । [ङघ]

---

[ङ्ज] कान्ता रिमालबाट प्राप्त जानकारी ।

[ङ्द] ठाकुरनाथ रिमाल, **मेरा कथा,** अप्रकाशित आत्मकथा ।

[ङघ] कान्ता रिमालबाट प्राप्त जानकारी ।

# चौथो परिच्छेद

## ठाकुरनाथ रिमालका साहित्यिक कृतिहरूको अध्ययन

# चौथो परिच्छेद

# ठाकुरनाथ रिमालका साहित्यिक कृतिहरूको अध्ययन

## ४.१ ठाकुरनाथ रिमालको साहित्यक यात्रा र चरण–विभाजन

### ४.१.१ साहित्यिक यात्रा

वि.सं. १९९४ देखि गीत-विधामा लागेका ठाकुरनाथ रिमालले **मद्यनशा जेल्दछ जाल समान** भन्ने गीतबाट गीतियात्रा सुरु गरेका हुन् । रिमालले १९९४ सालदेखि नै गीत लेख्न थालेका भए पनि उनका गीतहरू २०४९ सालमा मात्र आएर **गीत सिर्जना** सङ्ग्रहभित्र प्रकाशित भएका छन् । यस सङ्ग्रहमा रिमालका १९९४ सालदेखिका गीतहरू सङ्कलित भएका छन् । **मद्यनशा जेल्दछ जाल समान** भन्ने गीत लिएर नेपाली साहित्याकाशमा देखापरेका रिमाल जीवनको अन्तसम्म पनि अनवरतरूपमा गीतसिर्जनातर्फ लागेका थिए । लामो समयसम्म ट्युसन पढाउने कार्य गरेका रिमालले ४२ वर्षसम्म अनवरत रूपमा शिक्षणपेसामा लागे पनि साहित्यिक रचनातर्फ पनि रिमालको निरन्तरता पाइन्छ । गीत विधाबाट आफ्नो औपचारिक लेखन प्रारम्भ गरी नेपाली साहित्यका कविता, उपन्यास, शोककाव्य, बालसाहित्य, आत्मकथा, संस्मरणात्मक लेखजस्ता विविध विधामा कलम चलाएका भए पनि उनी गीतकारका रूपमा परिचित हुन पुगेका हुन् ।

### ४.१.२ चरण–विभाजनको औचित्य र आधार

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् । यस्ता मोडहरूले स्रष्टाका सिर्जना र प्रवृत्तिमा पनि परिवर्तन ल्याउन सक्छन् । त्यस्ता मोडहरूको पहिचान तथा वर्गीकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनका आधारभूत कारणसँग विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तःसम्बन्ध केलाएर मात्र साहित्यकारको मूल्याङ्कन गर्न सकिन्छ ।

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोडहरू देखा पर्नुको विविध कारणहरू हुन सक्छन् र यस्तो हुनमा साहित्यकार उभिएको परिवेश र उसले भोगेको जीवनको महत्त्वपूर्ण भूमिका रहन्छ । जीवनको आरम्भिक साहित्यिक यात्रा र प्रौढावस्थाको साहित्यिक यात्रामा प्रायः सबै साहित्यकारहरूमा परिष्कार, परिमार्जन र दृष्किोणमै पनि परिवर्तन हुन सक्छ । यस्तो परिवर्तन गराउन सामाजिक अवस्था, समय, परिस्थिति, राजनैतिक परिवर्तन, उमेरको परिपक्वता, साहित्यकारको चिन्तनको गहनता आदि तत्त्वहरूले भूमिका खेलेका हुन्छन् । यस्ता विविध कारण र तत्त्वहरूले स्रष्टाका सिर्जनामा परिवर्तन ल्यायो भने उसका ती साहित्यिक कृतिहरूको विश्लेषण गर्न चरणविभाजन गर्नुपर्ने हुन्छ ।

साहित्यकारको साहित्यिकयात्राको समग्र अध्ययन गर्न विभिन्न परिवर्तनहरूले अप्ठ्यारो पारेमा उसको चरणविभाजन गर्नुपर्ने हुन्छ । त्यस्तै साहित्यिक रचनाको परिमाण, गुणस्तरमा परिवर्तन साहित्यिक धारागत प्रवृत्तिको अन्तर्विकास , साहित्यिक रचनाहरूको कृतिगत सामग्रीको प्रकाशन आदिको आधार लिएर चरणविधाजन गर्नुपर्ने हुन्छ । यी आधारहरूमा ठाकुरनाथ रिमालको जीवन अन्तसम्मका पनि साहित्यिक यात्रामा खासै प्रवृत्तिगत परिवर्तन देखाउन सकिँदैन । उनले सुरुमा लेखेको गीत र ७६ वर्षको उमेरमा लेखेको गीतमा प्रयुक्त विषयवस्तुमा केही भिन्नता देखिए तापनि प्रवृत्तिगत परिवर्तन भने देखिँदैन । फुट्कर रचना र पुस्तकाकार कृतिको रचनाकालका आधारमा उनको साहित्यिकयात्राको चरणविभाजन गर्दा दुई चरणमा विभाजन गर्न सकिन्छ -

१. वि.सं. १९९४ देखि २०४८ सम्मको फुटकर रचनाको चरण र २. वि.सं. २०४९ देखि पुस्तकाकार कृतिको प्रकाशनको चरण तर यसलाई आधार मानेर चरण विभाजन गर्नु त्यति सान्दर्भिक देखिँदैन । त्यस्तै उनको लेखनको समयलाई २००७ सालपूर्व पहिलो चरण र २००७ सालपछि दोस्रो चरण भनेर पनि वर्गीकरण गर्न सकिन्छ ।

उपर्युक्त आधारमा साहित्यिक यात्राको चरण विभाजन गर्नु त्यति सान्दर्भिक भने होइन । साहित्यकारको साहित्यिक यात्राको चरण विभाजन साहित्यिक प्रवृत्तिका

आधारमा गर्नु नै उपयुक्त हुने देखिन्छ । यहाँ गीतकार रिमालको साहित्यिक यात्रालाई कुनै पनि विभाजनको सीमा नलगाएर उनका साहित्यिक कृतिहरूको विधागत र कालक्रमिक रूपमा चर्चा गर्नु नै औचित्यपूर्ण ठानेर तिनै कृतिहरूका आधारमा कृतिगत विशेषताको निरूपण गर्ने प्रयास गरिएको छ ।

## ४.१.३ विधागत साहित्यिक यात्रा

गीतकार रिमालको साहित्यिक यात्राको औपचारिक थालनी गीत विधाबाट भएको थियो । उनले साहित्यिक यात्राको सुरुवात गीतबाट गरेका भए पनि कृतिगत रूपमा २०४९ मा मात्र उनको **गीतसिर्जना** सङ्ग्रह प्रकाशित भएको छ । उनले यस भित्रका गीतहरूमा प्रेम, विरह, व्यवहार, सुधार र सुझावजस्ता कुराहरूलाई विषयवस्तु बनाएका छन् । यसका साथै उनले मास्टर रत्नदासको सम्झनामा मास्टर रत्नदास (२०६०) संस्मरणात्मक लेख पनि लेखेका छन् । रिमालले ९ वटा लघु उपन्यासहरू पनि लेखेका छन् । ती प्रकाशित हुन सकेका छैनन् । बालसाहित्य, शोककाव्य, आत्मकथाजस्ता विधामा पनि उनले कलम चलाएका छन् तर ती प्रकाशित भने भएका छैनन् ।

साहित्यकार रिमालको साहित्यसिर्जनाको प्रमुख क्षेत्रका रूपमा रहेको गीतिक्षेत्र निकै उर्वर देखिन्छ । वि.सं. १९९४ तिरै गीतिक्षेत्रमा लागेका रिमालको **गीत सिर्जना** सङ्ग्रह २०४९ सालमा मात्र प्रकाशित हुन पुगेको छ । रिमालले लेखेका प्रायः गीतहरू रत्नदासले गाएका छन् । नाटकमा हुने गीतको अभावपूर्तिका लागि र अरूले मागेजस्ता गीतहरू दिनुपर्ने परिस्थिति थियो । उनको गीतले घरव्यवहारको अमिल्दो कुरादेखि राष्ट्र र समाजका अमिल्दा कुरालाई समेटेका छन् । गीतसिर्जनाभित्र ७० वटा गीतहरू सङ्कलित छन् । यस सङ्ग्रहका गीतहरूले विभिन्न विषयवस्तुलाई समेटेका छन् देशप्रेम, प्रणयभाव, विरह, वेदना र सामाजिक, सांस्कृतिक चित्रण त्यस्ता विषयवस्तु आदि छन् । ग्रन्थारम्भमा निर्विघ्न कामनाका साथ गरिने मङ्गल स्तवनको परम्परा उनको यस गीतसिर्जनामा देख्न पाइन्छ । उनका गीतहरूमा संरचना, भाव, भाषा, अलङ्कार , बिम्ब तथा प्रतीकको सफल प्रयोग भएको पाइन्छ ।

गीतकार रिमालले मास्टर रत्नदास प्रकाशले खेलेको 'दिलकी प्यास' नाटकदेखि त्यस नाटकमा आवश्यक पर्ने गीतरचना गरेर दिन थालेको बुझिन्छ । उनले खेलेका गाईजात्राका लागि पनि रिमालले गीत रचना गरेका थिए भने रेडियो नेपालबाट पनि मास्टर रत्नदास प्रकाशले रिमालका गीतहरू गाएका थिए । यसै गरी झरना, झङ्कार, आरतीमा पनि रिमालका गीतहरूको चर्चा भएको छ । ललिता, र किशोरीदेवीले आफ्नो स्वर दिएका छन् भने हसना श्रेष्ठ र कृष्णमान डङ्गोलले रेकर्ड गराएका थिए । बयासी वर्षे उमेरमा पनि गीत लेख्न जाँगर चलाउने रिमालका ३०० भन्दा बढी गीतहरू प्रकाशन र प्रसारणको प्रतीक्षामा कापीमा आसन जमाएर बसेका छन् ।

राष्ट्रदेव पशुपतिनाथको स्तवनबाट आरम्भ भएको कृति गीतसिर्जनाभित्र रहेका गीतलाई मन र मुटुका चुलबुले गीतसँग पनि जोडेर हेर्न सकिन्छ । भावसघन गीतले मुटु छोइदिन्छ । त्यसमा विचारको सम्मिश्रणले सुन्दर कवित्व प्रबोधित भएर मन, मुटु र बौद्धिक तहलाई समेत स्पर्श गर्न पुग्दछ ।

रिमालका गीतहरू आयामका दृष्टिले लघु र मझौला आयामसम्म विस्तीर्ण रहेका छन् । गीतकार रिमालले गीतमा मात्र नभएर संस्मरणात्मक लेखमा पनि कलम चलाएका छन् । उनले आफ्नो जीवन भोगाइका क्रममा भेट भएका सहयात्री रत्नदासको सम्झनामा **मास्टर रत्नदास** (२०६०) भन्ने संस्मरणात्मक लेख लेखेका छन् । यस लेखमा दुई सहयात्रीहरूको यात्राका क्रमका साथै नेपाली गीति इतिहासको अवलोकन पनि छर्लङ्ग देखाइएको छ ।

रिमालले ९ वटा लघु उपन्यासहरू पनि लेखेका छन् तर ती प्रकाशित हुन सकेका छैनन् । उनका उपन्यासहरू **जागिर, भ्रमण, इतिहास दोहोरियो, चुनरी, दाजुबहिनी, पति-वर्ता, चाँदनी हस्पिटल, घूसको हत्या, मेलाकी सुन्दरी** आदि रहेका छन् । रिमालको साहित्यिक यात्राको अर्को पाटो शोककाव्य हो तर यो विधा लेखनका क्रममा मात्र सीमित भएको छ । रिमालले श्रीमतीको मृत्युपछि उनकै नाममा शोककाव्य लेखेका छन् भने छोराको मृत्यु पश्चात् पनि शोधकाव्यका केही अंशहरू

लेखेका तर पूरा नभएको स्थिति छ । शोककाव्यमा आफ्नो कलम चले तापनि ती प्रकाशित हुन सकेका छैनन् ।

साहित्यकार रिमालले आफ्नो कलम विभिन्न विधामा चलाउने क्रममा बालसाहित्यतर्फ पनि कलम चलाएका छन् । रिमालले बालबालिकाहरूका लागि ५ भाग बालसाहित्य लेखेको तर प्रकाशित हुन नसकेको अवस्था छ । लयबद्ध रूपमा लेखिएको यस साहित्यले बालबालिकाको पढाइमा सरलता र सुबोधता झल्कने देखिन्छ । रिमालले केही फुट्कर कविताहरू पनि लेखेका छन् ।

## ४.२ गीत सिर्जना गीतसङ्ग्रहको अध्ययन

गीतकार ठाकुरनाथ रिमालको **गीत सिर्जना** गीत सङ्ग्रह वि.सं. २०४९ मा ढुङ्गा अड्डा प्रकाशनबाट प्रकाशित भएको हो । यो उनको प्रथम प्रकाशित कृति हो । त्यस गीत सङ्ग्रहमा सत्तरीवटा गीतहरू सङ्गृहीत भएका छन् । प्रेम, विरह, व्यवहार, सुधार, सुझावजस्ता कुराहरू रिमालका गीतका विषय रहेका छन् । उनका गीतले घरव्यवहारको अमिल्दो कुरादेखि राष्ट्र र समाजका अमिल्दा कुरालाई समेटेका छन् ।

प्रस्तुत गीतसङ्ग्रहका गीतहरूको विश्लेषण गर्दा संरचना, विषयवस्तु, परिवेश, भाषाशैली, लय, अलङ्कार, रस, बिम्ब, र प्रतीक, कथनपद्धति आदिलाई आधार बनाइएको छ ।[डद्ध]

### ४.२.१ संरचना

बाह्य संरचनाका दृष्टिले प्रस्तुत सङ्ग्रहमा जम्मा ७० वटा गीतहरू रहेका छन् । सङ्ग्रहका गीतहरू आयामका दृष्टिले लघु र मझौला आयामसम्म विस्तीर्ण रहेका छन् । रिमालका गीतहरू १-७/८ पङ्क्तिका लघु र ९/१० देखि २३/२४ पङ्क्तिसम्मका मझौला रहेका छन् । गीत ढाँचाका दृष्टिले हेर्दा रिमालका गीतहरूमा स्थायी र अन्तरा प्रयुक्त रहेको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा यस ढाँचाका गीतहरू पशुपति, भजन, पुकार, हरि-प्रेम, अकेला, कोइली, युगलप्रेम, युगल गीत, दाजुबहिनी,

---

[डद्ध] कृष्णहरि बराल, **गीत सिद्धान्त र इतिहास,** (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६० ।

बहिनीको गुनासो , जन्मभूमि, जनतन्त्र, कान्छी, सनातनधर्म, डाक्टर समेत गरी १५ वटा गीतहरू वृत्तात्मक ढाँचामा रहेका छन् । अरु बाँकी गीतहरू आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा आबद्ध रहेका  छन् । जनतन्त्र, धनचिन्ता र नेपाल आमा जस्ता गीतलाई आख्यानगन्धी गीतका रूपमा लिन सकिन्छ । सङ्ग्रहका गीतहरू विभिन्न लय र भाकामा संरचित छन् । विशेषतः गीतहरू झ्याउरे लय लोकलय, फिल्मी लयमा रहेका छन् ।

स्थायी र अन्तरा प्रयुक्त भएका गीतहरू यस प्रकार छन्

*इच्छा सबै हटाई, श्री शम्भु- शम्भु गाई,*
*भई शम्भुरूप लौ सब, रहुँ नित्य यो हर धाम*
*आराधनको धाम नन्दन*

(पशुपति , पृ.१)

*जानु छ हेर अकेला , बटुवा !*
*चाहे सुनको महल बनाऊ ,*
*चाहे झुपडीभित्र रमाऊ,*
*दुई नै हुन् यी अकेला । जानुछ*

आदि मध्य र अन्त्यको रैखिक ढाँचामा आबद्ध भएका गीतहरू यस प्रकार छन् -

*को तँलाई सम्झाओस् माझी ?*
*आफ्नो डुङ्गा बचा हे माझी !*
*भूल- भुमरी नसताओस् ।*

(माझी, पृ. १७)

*पूर्णिमा जूनको बत्ती, वनमा वसन्त हाँसेको ।*
*ढकमक फूलको शोधा विधिले हाँगामा गाँसेको*

(वसन्त रजनी , पृ. २९)

आख्यानगन्धी गीतहरू यस प्रकार छन्-

*नेपाल जननी ! तिम्रो कथा लेख्तछु म पनि*
*आफ्ना राजा त्रिभुवनलाई बन्दी बनाएर ,*

(नेपाल आमा, पृ.४१)

*किन चिन्ता तिमी गर्छौ , धनको ?*
*धनसँग तिम्रो के छ र नाता*
*नहुँदा तिमी पीर गर्छौ ?*

(धनचिन्ता, पृ. ५१)

## ४.२.२ विषयवस्तु

विषयवस्तु गीतको प्रमुख तत्त्व हो र यसलाई गीतकारले कलात्मक ढङ्गले प्रस्तुत गरेको हुन्छ । गीत हृदयमा छचल्कने भावहरूको अभिव्यक्तिगत अनुपुञ्ज हो । त्यसको प्रत्यक्ष सम्बन्ध शरीरसँग नभई हृदयसँग रहन्छ । गीतकारले देखेका भोगेका अनुभव गरेका विषयवस्तुलाई गीतमा उतारेको हुन्छ भने काल्पनिक विषयवस्तुले पनि यसमा प्रशस्त स्थान पाउँछ । प्रेम, विरह, व्यवहार, सुधारजस्ता कुराहरू रिमालका गीतका विषय रहेका छन् । एउटै नामका धेरै गीत भए पनि लय, शब्द र भाव अलग-अलग हुने गरी लेखिएका गीतहरू एकै ठाउँमा सङ्कलित छन् । यस सङ्ग्रहका गीत प्रायः रेडियो नेपालबाट मास्टर रत्नदास प्रकाशले गाइसकेका छन भने केही समारोह वा नाटकमा गाइएका छन्, तर सबैको रेकर्ड भने उपलब्ध छैन ।[डछ]

भक्ति, प्रेम, वियोग, सद्भाव, राष्ट्रियता, सामाजिक जनजीवनको चित्रण र राजनैतिक परिवर्तनको सन्देश र प्रजातन्त्र प्राप्तिको आनन्दानुभूति आदि उनका गीतका विशेषता हुन् । प्रस्तुत गीत सङ्ग्रहभित्र गीतकार रिमालले विविध विषय र अन्तर्मनका भावनालाई गीतको जलप बनाएका छन् । ती विषय तथा अनुभूतिहरूलाई यसरी क्रमिक रूपमा देखाउन सकिन्छ -

### ४.२.२.१ ईश्वरभक्ति

रिमालले आफ्ना गीतमा ईश्वरप्रति एकदमै सद्भाव देखाएका छन् । उनले भगवानलाई पुकारा गर्दै पुकारसम्बन्धी गीतहरू लेखेका छन् । उनले भजन-कीर्तनका कुराहरू पनि गीतमा अभिव्यक्त गरेका छन् । विभिन्न भगवानसँग सम्बन्धित भएर उनले गीत रचना गरेका छन् । उनले भगवान्का नाममा शीर्षक दिएर आफ्नो

---

[डछ] कुलप्रसाद कोइराला, **काव्यिक परिभ्रमण,** (काठमाडौँः कलुचनद्र कोइराला स्मृति प्रतिष्ठान, २०६२) पृ. १११ ।

भक्तिभाव दर्साएका छन् । प्रस्तुत सङ्ग्रहभित्र ईश्वरीय भक्तिपरक गीतहरू जम्मा २२ वटा रहेका  छन् । यी प्रत्येक गीतमा कुनै न कुनै रूपमा ईश्वर भक्तिका कुराहरू प्रकट भएका छन् । यस विषयका गीतमा उपमा, उत्प्रेक्षा, रूपक र दृष्टान्त अलङ्कारको सहज सृजना भएको देखिन्छ । रिमालका गीतमा अलङ्ककारको प्रयोग आयोजना नभएर सहज स्वस्फूर्त तहबाट निष्पन्न रहेको पाइन्छ आफ्नो भाव प्रवाहका रूपमा अभिव्यक्ति प्रकट गर्दा शब्द बिम्बसँग तादात्म्य गाँसेर प्रकट भएको अलङ्कारलाई सहज स्वस्फूर्त मान्न सकिन्छ । प्रायजसो रिमालका गीतमा यस्तो स्थिति देख्न सकिन्छ । लयको तरलता र भावको कोमलताले गर्दा उपमान र उपमेयको स्थितिमा भाषा त्यति खारिएको जस्तो देखिँदैन । ‘अकेला’ र ‘माझी’मा आत्मविनयभाव रहेको छ भने प्रतीक र दार्शनिक पुटसमेत रहकोले अन्य स्पष्ट भक्तिवर्णनका गीतभन्दा यी दुईवटा बढी सशक्त कोमलसंवेदनायुक्तसमेत बनेका पाइन्छन् । ‘कृष्णरचना र ‘परापूजा’ मा सूक्ष्म मनोभावहरू अभिव्यञ्जित भएर अध्यात्मतत्त्वको विशद् बिम्ब स्वरूप साकार ईश्वरका माध्यमले निराकार, निर्वेद्य, ब्रह्मस्मरण गरिएको छ । ईश्वरसमक्ष स्रष्टाले आत्मनिवेदन गर्न अनेक प्रतीक र उपमानको प्रयोग गर्दा पनि त्यो विराट् चिन्मय तत्त्व अभिव्यक्त हुन नसकेको अनुभूत हुन्छ  । ईर्श्वरभक्ति भएका रिमालका गीतका केही अंशहरू यसरी देखाउन सकिन्छ  ।

क) *प्रभू राम राम श्रीराम*  
*भव सागरमा साँघु यही हो ,*  
*प्रभुको अमूल्य नाम  ।*

(भजन, पृ. २)

ख) *नबिर्सन हे मन ! सम्झ सधैं राम,*  
*लाग्ला अनि हृदयमा सद्ज्ञानको घाम  ।*

(राम सम्झ , पृ. १४)

ग) *जानु छ हेर अकेला, बटुवा !*  
*चाहे सुनको महल बनाऊ ,*  
*चाहे झुपडीभित्र रमाऊ ,*

(अकेला, पृ. १६)

माथिको उदाहरण 'क' मा रिमालले सबैलाई प्रभु रामको नाम जप्न आग्रह गरेका छन् । उनले गीतमा भनेका छन् सागरको भेल तर्नलाई साँघुको आवश्यकता पर्दछ र त्यसले पार लगाउँछ । त्यस्तै रामनाम चाहिँ प्रभुको अमूल्य नाम हो, यसले दुःख कष्टबाट पनि पार लगाउँछ भन्ने अभिव्यक्ति उनले प्रकट गरेका हुन् । उदाहरण 'ख' मा पनि मनलाई सम्बोधन गर्दै रामको सम्भना गर्न आग्रह गरेका छन् । रामको नाम सम्भनाले मानिसलाई असल कर्मप्रतिको चाहना हुन्छ र सधैं सत्मार्गमा लाग्न प्रेरित गर्दछ भन्ने उनले देखाइदिएका छन् । 'ग' मा रहेको गीतमा कोमल संवेदना पाइन्छ । प्रस्तुत गीतले जस्तासुकै महल भए पनि वा भुपडीको नै बास भए पनि त्यसलाई छाडेर जानुपर्छ भन्दै आफ्नो जस्तो स्थिति भए पनि त्यसमा नै सुखी बन्ने कुराको सन्देश दिइएको छ ।

ईश्वरभक्तिपरक गीतअन्तर्गत भजन, प्रार्थना, पुकार, भक्ति आदि भावहरूद्वारा भगवानको महिमा गान गरिएको र भगवानको प्रार्थनाद्वारा नै मनमा आनन्द हुने र आफ्ना दुःखकष्टबाट छुट्कारा मिल्ने कुराको अभिव्यक्ति प्रकट गरिएको छ । उनका ईश्वरभक्तिका गीतमा शिव-पार्वती राम, कृष्ण र भगवानका अनेक स्वरूपको वर्णन पाइन्छ ।

### ४.२.२.२ **राष्ट्रभक्ति**

रिमालको **गीत सिर्जना** सङ्ग्रहभित्र राष्ट्रप्रेमका केही गीतहरू पनि समावेश भएका छन् । गीतकारले प्रस्तुत विषयवस्तुमा राष्ट्रको गन्तव्य, राष्ट्रबासीको कर्तव्य र विगतमा राष्ट्रमा रहेका अनेक विसङ्गति र विकृतिको स्मरण गर्न पुगेका पाइन्छन् । **जन्मभूमि** शीर्षक गीतमा तत्कालीन नेपालीहरूको वाध्यता व्यक्त गरिएको छ । गाँस, बास र कपासका लागि आफ्नो देश छाडेर विदेसिनु पर्ने स्थितिको चर्चा यसमा गरिएको छ । यसरी विदेश जाने प्रवृत्तिलाई रोक्न देशका प्राकृतिक सौन्दर्यमा ध्यानदिने आग्रह एकातिर छ भने अर्कातिर जाँगर लगाएर कामगरे आफ्नै देशलाई लाहोर र मलाई बनाउन सकिन्छ भन्ने हौसला जगाउन खोजिएको छ ।

*नेपालकै गौरवले नेपालको नाम,*
*आफ्नो देश उच्च बनाऊ गर्छौं भने काम ।*

(जन्मभूमि, पृ.३७)

एउटै शीर्षकमा पनि गीतहरू रचना गरिएका छन् । प्रस्तुत कृतिभित्र **राष्ट्रिय** शीर्षकका गीतहरू ३ वटा रहेका छन् । यीमध्ये पहिलोमा एक सय चार वर्षे जहानियातन्त्र तोडेर स्वतन्त्र भएको देशलाई अघि बढाउन जनतन्त्रको साँचो स्वरूप र जनताको कर्तव्यबोध गराएर सबैलाई समान अवसरको प्रत्याभूति दिनुपर्ने उपदेश दिइएको छ । जस्तै :

*बन्धन आमाको तिमीले बल्ल छुटायौ*
*एकतन्त्र कडा शासनको कष्ट छुटायौ ,*
*जनतन्त्रको सुपाठ नयाँ आज पठायौ ।*
*नेपाली सबैलाई*

(राष्ट्रिय, पृ. ४२, ४३ )

**राष्ट्रिय** शीर्षकको दोस्रो गीतमा देशको चौकिल्ला र प्राकृतिक सम्पदाको वर्णन गरिएको छ ।

*पूर्वमा मेची, पश्चिमकाली, उत्तरमा छ हिमाल*
*दक्षिण भारत साँध छ हाम्रो पुण्य-भूमि नेपाल ।*

(राष्ट्रिय, पृ. ४३)

**राष्ट्रिय** शीर्षककै तेस्रो गीतमा सबै नेपाली मिलेर देशमा ज्ञानविज्ञान, कलाकौशल र उद्योगधन्दाको विकास गरी नेपालीका निम्ति गाँस, बास र कपासको व्यवस्था मिलाएर देशको सुनाम फैलाउनुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

*नेपाली दाजुभाइ ! एक कोटि हामीलाई*
*नेपालको उन्नतिमा अगि बढ्नु छ ।*
*प्रेम गरी जोश भरि काम गर्नु छ ।*

(राष्ट्रिय , पृ. ४४)

### ४.२.२.३ भाषाभक्ति

प्रस्तुत सङ्ग्रहभित्र गीतकार रिमालले मातृभाषा शीर्षकमा गीत रचना गरेका छन् । आफ्नो मातृभाषा सबैका लागि प्यारो हुने ठानी साधारण बोलचालका शब्दको प्रयोग गरी उनले लयात्मक रूपमा गीतको सिर्जना गरेका छन् ।

साहित्य, ज्ञान-विज्ञान र प्राकृतिक सम्पदाको चित्र खिच्ने सशक्त माध्यम भाषा भएको कुरा यसमा व्यक्त गरिएको छ । आफ्नो मातृभूमि सबैलाई प्यारो लाग्ने र नेपालीका लागि आफ्नो मातृभाषा नेपाली प्यारो भएको भाव यी गीतमा प्रकट गरिएको छ । यसमा जति धेरै भावहरू भरिन्छन् जति धेरै शब्दहरूमा भित्र्याइन्छन् त्यति नै भाषिक सामर्थ्यको वृद्धि हुने र देश तथा जनताको सुनाम संसारमा फैलने कुरो अभिव्यक्त गरिएको छ ।

*सिँगार नेपाल, हे आमा ।*
*कविले बुनेको कल्पनाधारी सिँगार नेपाल ।*
*साहित्य ज्योतिमा सबको मन तिमीले रँगायौ*
*कविको काव्य र नाटक रस क्या मीठो पिलायौ ।*

(मातृभाषा, पृ. १६)

### ४.२.२.४ प्रकृतिचित्रण

गीतसिर्जनाभित्र प्रकृतिसम्बन्धी ३ वटा गीत रहेका छन् । **वसन्तरजनी** मा वसन्त ऋतुको पूर्णिमाको जून र चकोर प्रपुष्पित पुष्पको सुन्दर वर्णन गरिएको छ । कोइली मा वसन्तको आगमनसँगै कोइलीको मधुर गान सुनिएको र वसन्तको मनोरम वातावरणमा कोइलीलाई पञ्चम स्वर खोल्न आग्रह गर्दै मझौला आकारमा गएर गीत टुङ्गिएको छ । ‘रजनीसँग’ मा कविप्रढोक्ति कथनशैलीमा रजनीलाई सम्बोधन गर्दै अनेक उपमान र उपमेयको शृङ्खला खडा गरिएको छ । चुट्के लयमा लेखिएको यो गीत सुन्दर छ । रिमालका प्रकृतिसम्बन्धी गीतका केही अंशहरू यस प्रकार छन् -

*सिरिरी बहन्छ हावा लहरा क्या राम्रो नाचेको ।*
*भ्रमरा फूलमै बस्यो हेरन रसले तानेको ।*

(वसन्त रजनी, पृ. २०)

*कोइली! कोइली ! कोइली! मधुर-मधुर बोल ।*
*पर्दा वसन्तको खुल्यो, फूलको सादृश्य खिल्यो ,*

(कोइली, पृ. २४)

*भेट्नेछु तिमीलाई रजनी,*
*अस्ताचलमा जब रवि सुत्ला*
*सन्ध्याको बन्धन पनि छुट्ला ,*
*मन्द पवनले सौरभ , लुट्ला*

(रजनीसँग, पृ. ५३)

### ४.२.२.५ प्रेमप्रसङ्ग

प्रस्तुत कृतिभित्र माया-प्रेमसम्बन्धी २ वटा गीतहरू रहेका छन् । प्रेम शीर्षकको गीतमा रवि भनेर सम्बोधन गरी प्रेमलाई रूप, रस, गन्ध, स्पर्शादिक आभूषण, जीवन, धर्म, सम्पूर्णको प्रेरणातत्त्वका रूपमा चित्रण गरिएको छ । रिमालका अनुसार जीवनप्रतिको प्रेमले समाजसुधारक भोगी, राजनेता, अभियन्ता आदि सबै कर्ममा लाग्छन् । ईश्वरप्रेममा अनुरक्त भएर योगीहरू समाधिको दशासम्म पुग्नेछन् र मौरी रसप्रेमले फूलफूलमा चहार्ने वर्णनसहित प्रेम नै समग्र सुखको द्वार हो भनिएको छ । रिमालले प्रेमलाई परमतत्त्वका रूपमा प्रस्तुत गरेका छन् । संसार प्रेमको सुन्दर उपहार हो, त्यसैले प्रेमी भावले नहेरी संसारका कुनै पनि कुरा सुन्दर लाग्दैनन् भन्ने उनका भनाइहरू प्रेममा नै सम्पूर्ण जीवन जिउने एक प्रमुख आधार हो भन्ने कुरा प्रस्तुत गीतले देखाउन खोजेको पाइन्छ ।

भक्ति शीर्षकको गीतमा भक्तिका उत्कृष्ट उदाहरण बटुल्दै भक्त बन्ने सन्देश दिन पुगेको देखिन्छ । भक्ति समान ठूलो धर्म अर्को कुनै पनि छैन भन्दै सन्त तुलसीदास, सुदाम, कवीर तथा हनुमानको जीवनचरित्रका उपलब्धिको उदाहरण दिएर भक्तिको महिमागान गरिएको छ । भोगको लालसारहित भक्तिबाट नै इतिहासपुरुषहरूले भवसागर पार गरेका कुराको वर्णन गर्दै एक प्रकारले निष्काम कर्मको महिमा प्रस्तुत भएको छ । वर्णनात्मक शैलीमा सम्बोध्य लुप्त रहेको यस

गीतका गीतकार भक्त दार्शनिक बनेका देखिन्छन् । प्रेमसम्बन्धी गीतका केही अंशहरू यस प्रकार छन्-

*प्रेम जीवनको द्वार रानी ! प्रेम जीवनको द्वारा ।*
*प्रेम रूप हो , प्रेम गहना, प्रेम नै श्रृङ्गार ।*

(प्रेम, पृ. २०) ।

*बन बन रे भक्तिमान यही छ ठूलो धर्म जान ।*
*यो भूत वर्तमान, भविष्य कला ज्ञान ,*
*हुन्छ सदा ज्ञान, भक्ति* हो बलवान ।

(भक्ति, पृ. ३६) ।

## ४.२.२.६ नारी–पुरुषसम्बन्ध

नारी-पुरुषको सम्बन्धका बारेमा रिमालले धेरै गीतहरू लेखेका छन् । **प्रेम र युगल प्रेम** शीर्षकमा गीतहरू लेखेका छन् । शीर्षकहरू पटक-पटक दोहोरिए पनि विषयगत वर्णनमा फरकपना र नवीनताले यी गीतहरूका शीर्षक समान रहे पनि भिन्न भाव, विषय र विम्ब-प्रतीक प्रस्तुत गर्न गीतहरू सफल रहेका छन् । कतै राधालाई सम्बोधन गरेर उनलाई प्रेमदिवानीका रूपमा चित्रण गरिएको छ भने कतै प्रेमरमणीको आह्वान गर्दै सम्बोध्य नायिकालाई रतिदेवीको सङ्ज्ञा दिएर पुष्पशयनमा अङ्कमालका निम्ति आमन्त्रण गरिएको छ । **प्रेम र युगल प्रेम** शीर्षक दोहोरिएका गीतहरूमा मानवीय मनका उष्ण अनुरागको निश्छल अभिव्यञ्जना भेटिन्छ । कतै दुईवटा आत्माबीचका कुराकानीहरू देखाइएको छ भने कतै बिछोड हुँदाका पीडाहरू पनि प्रकट गरिएका छन् । **कान्छी** मा चाहिँ आफू सहर जान लागेका बेलामा खुसीपूर्वक बिदाइका निमित्त फूलटिपेर माला गाँस्ने आग्रह गर्दै आफ्नी प्रेयसीलाई घरव्यवहारको काम राम्रोसँग गर्न भनिएको छ र आफू धन कमाएर चाँडै घर फर्कने विचार प्रकट गरिएको छ । **वनको भेट** मा घाँस दाउरा काट्न वन गएका प्रेमी-प्रेमिकाका मिलनप्रसङ्गहरू वर्णित् छन् भने उक्त गीतमा मिलनका लागि आतुर भएका जोडीको बिँडी र चुरोटको सर्कोसँगै प्रेमद्वीप प्रज्वलन गर्ने आग्रह गरिएको छ । **दाजु-बहिनी** शीर्षकका गीतमा गाउँले परिवेशमा हुर्केका युवायुवतीको प्रसङ्गलाई प्रस्तुत

गरिएको पाइन्छ । यी गीतहरूमा भावदोष देखिन्छ । गीतमा समावेश भएका विषय र प्रसङ्गलाई हेर्दा यिनीहरू पतिपत्नी अथवा प्रेमीप्रेयसीजस्ता देखिन्छन् । उनीहरूले एकअर्कालाई भनेका कुराहरू पनि जीवनयात्राका क्रममा रहेका जोडीका झैं देखिन्छन् । गाउँले समाजको बन्धनमा परेर तिनीहरूका आँखा छल्नलाई युवक र युवतीले दाजु-बहिनीको पवित्र नातालाई अवलम्बन सामग्री बनाएर आफ्ना आन्तरिक उष्णताका छटपटी परिपूर्ण गर्ने माध्यम बनाइएको देखाइएको छ । यसरी एउटा गीतमा भावप्रदूषण छ भने अर्कोमा चाहिँ दाजु बहिनी नै उभिएका छन् ।

*बहिनी : पर्ख न पर्ख कान्छा दाइ जाउँला सगैमा हो, जाउँला सँगैमा ।*
*दाजुः नछोड एक्ली आमालाई बस घरैमा हो, बस घरैमा ।*

(दाजु-बहिनी , पृ. ३१)

प्रस्तुत गीतमा डोको नाम्लो गरी सास्ती खाएर पहाडमा नबस्ने कुरो बहिनीले भनेपछि सद्मी छर्ने बेलामा काठमाडौँ लैजाने कुरो गरिएको छ । यति मात्र नभएर आमाले बिदा दिइसकेपछि पनि किन नलैजाने भनेर गरेका रोड्याइँलाई विचार गर्दा यस गीतकी बहिनी पत्नीरूपमा र दाजु पतिका रूपमा उभिन पुगेका देखिन्छन् । पनौती, आदेश्वरतिर धेरै वर्ष बसेका गीतकार रिमालले मेलापात गर्दा र घाँस-दाउरा गर्दा नाता नपर्ने युवा-युवतीले आफूलाई दाजु र बहिनीको नातामा सम्बोधन गरेको देखेर यही प्रवृत्तिलाई गीतमा उतारेको जस्तो देखिन्छ । दाजु-बहिनी उभिएको अर्को गीतमा भने दाजु र बहिनीका कुराहरू संवादात्मक रूपमा आएका छन् । दाजुले बहिनीलाई सहर लैजाने शिक्षा दिने कुरा गरेका छन् । बहिनीले पनि डोको मात्र बोकेर नबस्ने सहर गएर पढ्ने कुरा दाजुसँग गरेकी छ ।

*बहिनी : शहरिया आइमाई पुस्तक ली पढ्ने,*
*डोकै बोकी हामी भने कतिञ्जेल सड्ने ?*
*दाजुः स्कूल छ शहरमै आइमाई पढ्ने ,*
*तिमीले पढे पहाडमा शिक्षा पनि बढ्ने ।*

(दाजु-बहिनी, पृ. ३१,३१)

नारी-पुरुष सम्बन्धपरक गीतमा रिमालको पत्नीवियोग, उकुसमुकुस र छट्पटीले पनि अभिव्यक्ति पाएको हुन सक्छ । ती गीतमा प्रकट भएका युगलेच्छाहरू उमेर पुगेको जोडी नभएको व्यक्तिबाट भन्दा जोडी छुटेर अर्को जोडी नबाँधिएको बीच अवस्थामा बढी सशक्त ढङ्गले प्रकट भएका पाइन्छन् । 'बहिनीको गुनासो' जस्ता गीतमा नारी शिक्षाको सन्देश दिन खोजिएको छ भने 'अर्ती' मा आफू सहर गएर पढ्ने र उसलाई चाहिँ घरव्यवहार थामेर बस्ने उपदेश दिइएको छ । 'कान्छी' मा प्रणयभाव व्यक्त भएको छ । कान्छा र कान्छीका भाकामा उष्ण अनुरागका भावहरू व्यक्त भएकाले सौन्दर्य चेतका दृष्टिले यो गीत त्यति माथि उठ्न सकेको छैन ।

*जान लागें शहर कान्छी ।*
*फूल टिपी लौ माला गाँसन ।*
*माया तिम्रो साथैमा जान्छ*
*किन रुन्छ्यौ एकफेर हाँसन ।*

(कान्छी, पृ. ४८)

### ४.२.२.७ नारीजागरण

गीत-सिर्जनाभित्र नारी-जागरणको स्वर सुसेल्ने एक मात्र गीत 'उठन कान्छी' शीर्षकमा रहेको छ । बिहान भइसकेपछि पनि सुतिरहँदा स्वास्थ्य, सम्पत्ति संस्कृति सबैतिर बेफाइदाबाहेक केही हुँदैन भन्ने कुरा देखाइएको छ ।

यसका साथै प्रस्तुत गीतमा बिहानलाई प्रजातन्त्र आएको र उठ्नुलाई शिक्षा उद्योग, राजनीति, शिल्प, कला, उपासना सबैमा अब नारीले पाइला चाल्नुपर्दछ भन्ने अर्थमा पनि लगाउन सकिने अवस्था भएकाले यसलाई नारीजागरणसम्बन्धी विषयको गीतमा चर्चा गरिएको हो ।

*हेरन भैगो उज्यालो , कुखुराहरू कराए ,*
*पूर्वमा लाली देखियो सूर्यले ज्योति फिँजाए ।*
*चरीले रूखमा नाचेर चिर्चिर बोली सुनाए ,*
*उठन कान्छी ! उठन है, फाइदा हुन्न निदाए ।*

(उठन कान्छी, पृ. ५०, ५१)

बहिनीको गुनासो शीर्षक गीतमा घरमा पतिले हेला गरेको, सौता पनि दुर्मुखा भएकी र आफूले दुःखकष्ट पाएको कुरा दिदीसँग बहिनीले गुनासो गरेकी छ । माइतीको सुखसयलमा बसेकी चेलीले घरमा काम गर्नुपर्दाका कष्ट यसमा वर्णन गरिएको छ । यसलाई नारीले आफ्नो अडान व्यक्त गरेकाले नारीजागरणमा राखिए पनि जागरणका स्वरहरू भन्दा शोषणका पीडा र कुण्ठाकै अभिव्यक्ति प्रबलरूपमा देखिन्छ ।

*लोग्ने हिंडे परदेशमा राकस मिली सौता ,*
*सासू त्यसै ठुस्सिरहने सानू कुरामा, दिदी ।*
*जान्न म घरमा*

(बहिनीको गुनासो, पृ. ३२)

### ४.२.२.८ कुलतसम्बन्धी वर्णन

प्रस्तुत सङ्ग्रहभित्र कुलतसम्बन्धी दुईवटा गीत रहेका छन् । **'नशा'**मा कुलतमा लागेर धनजन, सुख, स्वास्थ्य, आराम चैन सबै गुमाएको पछुतो प्रकट भएको छ । 'धनचिन्ता'मा स्रष्टा समाख्याता बनेर धनको चिन्तामा लागेका व्यक्तिलाई सम्झाइरहेको छ । एकदिनसबैले यो संसारमा भएका सबै वस्तु यही छाडेर जानुपर्छ , कसैले केही पनि साथमा लैजान सक्दैनन्, यस्तो नश्वर वस्तुकाप्रति चिन्तित भएर किन आयु गुमाउने भन्ने प्रश्न गरेर दार्शनिक स्पर्श दिन खोजिएको छ ।

*मद्य-नशा जेल्दछ जाल समान ।*
*पिएर रक्सी सबै गुमाए श्री-सम्पद यो मान,*
*दाग लगाई कीर्ति ऐना बने म तुच्छ समान ।*
*के काम गरेँ मेरिनामा वेश्यामा सम्मान ,*

(नशा, पृ. ३५)

*दुःखी धनीलाई जति होला,*
*निर्धनीमा बरु त्यति सुख होला,*
*सुख ता धनमा छैन बसेको*
*त्यसको किन भर पर्छौ ?*

(धन चिन्ता, पृ. ५२)

### ४.२.२.९ व्यक्तिस्तवन

**गीत-सिर्जना**भित्र व्यक्तिको स्तुति वा प्रशंसा गरेर लेखिएका गीतहरू पनि रहेका छन् । **श्री ५ त्रिभुवनको बैकुण्ठयात्रा** शीर्षकमा जनतालाई प्रजातन्त्र दिएर संवैधानिक राजतन्त्रको परिधिमा बस्न स्वीकारेर उनले नेपाल र नेपालीलाई लाएको गुनका कारण बैकुण्ठ जाने विश्वास प्रकट गरिएको छ । **डाक्टर** शीर्षकको गीतमा डाक्टर बिरामीको सेवा गरेर जीवन प्रदान गर्ने व्यक्ति भएकाले उसलाई सच्चा मानवसेवक, सच्चा त्यागी र परोपकारी उपाधि दिएर प्रशंसा गरिएको छ । चिकित्सक पेसाको आदर्शलाई अघि सारी हेर्दा यस गीतमा रिमालले व्यक्त गरेका भाव निश्चय नै मार्मिक र शक्तिशाली छन् । राम्रो नराम्रो भन्ने कुरा संसारको स्वभाविकता हो । त्यसैले सापेक्षित रूपमा यो गीत अरूभन्दा लामो र भावप्रवल रहेको छ । व्यक्तिको प्रशंसा गरेर गाइएका गीतका केही अंशहरू यस प्रकार छन्-

*नेपालका तारा त्रिभुवन प्यारा प्रभुलाई उठाई*
*बैकुण्ठ लगे विष्णुले आज सारालाई रुवाई*

(श्री ५ त्रिभुवनको बैकुण्ठयात्रा, पृ. ३६)

*रङ्ग-महलका धनका तारा,*
*चाहे दीन-मुठीका चारा,*
*इष्टदेवता सम्झी तिम्रो*
*गर्छन् हेर पुकार डाक्टर !*

(डाक्टर, पृ. ५५)

### ४.२.२.१० स्वतन्त्रतासम्बन्धी वर्णन

स्वतन्त्रतासम्बन्धी गीतमा मानवीय चेतनाको उन्मुक्तता, राष्ट्रियता, स्वाधीनता र मानवताजस्ता कुराहरूको उपस्थापन गरिएको छ । २००७ सालको क्रान्तिको महत्तागान यस विषयका गीतमा गरिएको छ । **जिन्दगी** शीर्षकको गीतले के सङ्गति के विसङ्गति सर्वथा बलेको आगो ताप्ने प्रवृत्ति व्याप्त छ भन्ने मर्म पोखेको छ । **जनतन्त्र** शीर्षकको गीतमा देशका समस्या अब किनारा लागे भन्न खोजिएको छ । स्वतन्त्र चेतनाले अब उच-नीच, धनी-गरिब सबैलाई एकै प्रवाहमा प्रवाहित गराएको र

यसै पद्धतिका आलोकमा सबै समस्याहरू समाधान गर्न सकिने विश्वास गरिएको छ । स्वतन्त्रताको स्वर उराल्ने गीतका अंशहरू यस प्रकार छन्-

*को अजर को अमर ?*
*जिन्दगी एक सफर ।*
*आज माया लहर ,*
*भोलि छायाँ नजर,*
*पर्सिको सम्झना*
*फेरि त्यो बेखबर*

(जिन्दगी, पृ. ५४)

*अब लाग्यो किनारा, अब लाग्यो किनारा ।*
*जनतन्त्रको दुनियाँमा बह्यो प्रेमको धारा*
*धनी हो या गरिब एक लतामा छ खिलेको*
*यही एक हो सुख शान्ति दिने भाव मिलेको ।*

(जनतन्त्र, पृ. ४९)

## ४.२.२.११ सनातनधर्मसम्बन्धी वर्णन

प्रस्तुत सङ्ग्रहमा रहेको सनातन धर्मसम्बन्धी गीतमा सनातन धर्मको महत्तागान गरेर अन्य धर्मतिर नलाग्न अभिप्रेरित गरिएको छ । सनातनधर्म भनेको ठूलो धन हो, यसले जीवनमा सुख दिन्छ र यसको भित्र पसेर बुझ्ने हो भने ऐनाजस्तै छर्लङ्ग देखिन्छ भन्ने कुराको अभिव्यक्ति यसमा पाइन्छ ।

*धर्म सनातन, धर्म सनातन*
*धर्म सनातन छ ठूलो धर्म सनातन*
*जीवनमा सुख दिने यही छ ठूलो धन ,*
*भित्र घुसी हेर तब हुन्छ यो दर्पण ।*

(सनातन धर्म, पृ. ५२)

विषयविविधता गीतमा पाइने एउटा मुख्य अभिलक्षण हो । रिमालका गीतका विषयहरू सामाजिक विविध व्यवहाराका भक्ति, अनुराग, कर्तव्य, रीति र समाज

प्रचलनका अनेक पक्षबाट टिपिएका छन् । व्यक्ति मनका बहुविध पाटादेखि समाज व्यवहारका कुराहरू कोट्याउनु उनको विषयचयनमा पाइने वैशिष्ट्य हो ।

## ४.२.३ परिवेश

गीतकार रिमालको **गीत सिर्जना** गीतसङ्ग्रहमा रहेका गीतहरुमा बाह्य तथा आन्तरिक अथवा प्रत्यक्ष तथा प्रच्छन्न परिवेशको पृष्ठभूमि पाइन्छ । बाह्य परिवेशमा हिमाल, पहाड, लेक-बेंसी, नदी-नाला, बगैंचा र काठमाडौँ सहरको विभिन्न स्थानहरूको वर्णन पाइन्छ । आन्तरिक परिवेशमा पात्रका मनमा उठेका विभिन्न मानसिक चिन्तन र कल्पनाको बाहुल्य पाइन्छ । यिनका गीतमा राष्ट्रिय र स्थानीय परिवेश मात्र नभई शाश्वत् मानवीय, ग्रामीण र अन्तर्राष्ट्रिय परिवेश पनि पाइन्छ । **गीत-सिर्जना** भित्रका गीतमा आन्तरिक परिवेश नै धेरै रहेको छ । उनका गीतमा भक्ति, प्रेम, वियोग सद्भाव, राष्ट्रियता, सामाजिक जनजीवन, राजनैतिक परिवर्तनपछिको स्थिति आदि परिवेशका रूपमा आएका छन् ।

समयगत परिवेशमा सन्ध्या, वर्षा, बादल, जूनेली रात, मध्यरात, अँध्यारो, वसन्त, जून आदि आएका छन् भने स्थानगत परिवेशमा मेची, काली, हिमाल, लेक, बेसी, पहाड बगैंचा, वन-जङ्गल, मन्दिर, टाकुरा, आदि आएका छन् । पौराणिक परिवेशमा गङ्गा बैकुण्ठ, स्वर्ग, नरक आदि आएका छन् । ऐतिहासिक सांस्कृतिक परिवेशहरूमा नेपालीको वीरता, स्वतन्त्रता, सद्बीज छर्ने समय, इन्द्रजात्रा जस्ता परिवेश आएका छन् । यस्ता परिवेश हुँदाहुँदै पनि गीतकार रिमालका गीतहरूमा मानव मनका रागात्मक भावहरू, प्रेमका लहरहरू, बिछोडका वेदनाहरू, राष्ट्रप्रतिको मोह, जन्मभूमिप्रतिको स्नेह, जीवनका सफलता र असफलताका क्षणहरूले नै गीतमा परिवेशको प्रमुख रूप लिइएको छ । आफूले बाँचेको युगीन जीवन नै गीतको मूल परिवेश बनेको छ । रिमालले आफ्नी मायालुलाई सहरमा सँगै लान नमिलेको र आफू चाँडै फर्केर आउने र अन्त्यमा सँगै जीवन जिउने कुरा सम्झाउँदै गाउँले परिवेशको चित्रण गर्न पुगेका छन् । जस्तै :

*तिमी हाँसी  बस्यौ भने मेरो मन अड्छ ,*
*नत्र  भने हौसला  यो बीचै बाटो सड्छ ,*
*आखिरमा तिमी र म यही वन-खोला,*
*गाई गीत बिसाउँला यो अनित्य चोला ।*

(प्रेम, पृ. ४९)

राष्ट्रिय गीतमा देशको  चौकिल्ला र प्राकृतिक सम्पदाको वर्णन गरिएको छ । मेची, काली, हिमाल, भारत, वन, झरना  आदि परिवेशका रूपमा आएका छन् । जस्तै :

*पूर्वमा मेची, पश्चिम काली, उत्तरमा छ हिमाल ,*
*दक्षिण भारत, साँध छ  हाम्रो पुण्य भूमि नेपाल*
*चौध अञ्चल छ मिलेको वन पर्वतले शोभिएको*
*झरना झर्-झर् नित्य बगेको सुन्दर यो नेपाल*

(राष्ट्रिय, पृ. ४३)

प्राकृतिक  गीतमा वसन्त ऋतुको  पूर्णिमाको जून चकोर , प्रपुष्पित, फूलको बगैंचा आदि परिवेशको  प्रयोग गरिएको छ । जस्तै :

*पूर्णिमा जूनको बत्ती , वनमा वसन्त  हाँसेको ।*
*ढकमक फूलको शोभा विधिले हाँगामा  गाँसेको ।*

(वसन्त रजनी , पृ.२०) ।

गीतकार रिमालले  आफ्नो  जन्मभूमिप्रतिको  मोह देखाएर  विदेश  नजान आग्रह  गरेका छन् । आफ्नै देशमा मेहनत गरेमा अन्यत्र जानु नपर्ने, देशको विकास हुने र ठूला  ठूला  सहर बनाउन सकिने कुरा उनले देखाएका छन् । यसमा स्थानीय प्राकृतिक  सौन्दर्यलाई परिवेशका रूपमा यसरी अगाडि सारिएको छ । जस्तै :

*प्रकृतिले सुन्दर छ  नेपाल यो  हाम्रो,*
*जङ्गल  र पर्वतको फेरो  कति राम्रो ?*
*संसारैको ऐना  सम्झ हिमाललाई ।*

(जन्मभूमि , पृ.३७) ।

भगवान्‌को भजन-कीर्तनमा पशुपतिनाथलाई परिवेशको रूपमा राखेर गीत लेखिएका छन् । जस्तै :

*नन्दन हो, नन्दन हो पशुपतिको*
*आराधनको धाम, आराधनाको धाम।*
*जय माता पुण्य-भूमि जय शम्भु पार्वतीको*
*हो यो प्रभुको धाम, आराधनाको धाम ।*

(पशुपति, पृ.१)

रिमालका गीतमा राणाशासनको अन्त्य भएर प्रजातन्त्र आगमनको समयलाई पनि परिवेशको रूपमा लिइएको छ । यसमा सूर्य, बादल, लोक परिवेशका रूपमा आएका छन् । जस्तै :

*सत्यको ढोका उघारी सूर्य निस्के तेजसाथ,*
*पानी भई बादल खस्यो र हर्ष छायो बल्ल हे र*
*लोकमा शान्ति छरेर ।*

(घाम, पृ.३८)

## ४.२.४ भाषाशैली

भाषाशैलीलाई गीतको आवश्यक साधनका रूपमा लिन सकिन्छ । सुन्दर भाषाशैलीले गीतलाई लयात्मक र आकर्षक बनाउन मद्दत गर्दछ । भाषाशैलीको जति राम्रो संयोजन गर्न सक्यो उति नै कृतिहरू उपयुक्त र कलात्मक हुन सक्छन् । गीतको सफलता-असफलता भाषाशैलीमा नै निर्भर रहन्छ । गीतको संवाहकका रूपमा पनि भाषाशैलीले काम गर्ने गर्दछ ।

रिमालका गीतहरू सरल र सरस छन् । प्रस्तुत सङ्ग्रहका गीतमा सुन्दर शब्द संयोजनका माध्यमबाट कवि जीवनका मार्मिक अनुभूतिहरू पोखिएका छन् । साधारण बोलचालका शब्दहरूको प्रयोग गीतमा गरिएकाले गर्दा साधारण पाठकका निम्ति सुबोध्य बन्न पुगेको छ । सङ्ग्रहका गीतमा ठाउँ र आवश्यकता अनुसार पूर्णविराम, अर्धविराम र विस्मयादिबोधक वा चिह्नको पनि प्रयोग पाइन्छ । यसले गर्दा गीतलाई थप सुन्दर र लयात्मक बनाउन सहयोग पुऱ्याएको छ । नेपाली चलनचल्तीका भाषामा

मिसिइसकेका तत्सम शब्दहरूको उचित संयोजनले गीतलाई आकर्षक बनाएको छ । यसैगरी गीतमा अनुकरणात्मक शब्दको प्रयोग गर्नाका साथै अत्यानुप्रास, उपमा र रूपक अलङ्कारले गीतलाई अझ बढी लयात्मक र कोमल बनाउन मद्दत पुऱ्याएका छन् ।

प्रस्तुत सङ्ग्रहका गीतहरू प्रायः सबैजसो झ्याउरे लयमा भएकाले भाका हाली गाउन सकिन्छ । सबै गीतहरू लयात्मक छन् र गीतमा प्रसाद गुण पनि पाइन्छ । यस प्रकार रिमालका गीतहरू सरल भाषाशैलीमा रचना गरिएकाले मधुर र हृदयस्पर्शी बन्न पुगेका छन् ।

पूर्णविराम चिह्नको प्रयोग गरिएका गीतहरू यस प्रकार छन् -

*आयो नयाँ जमाना हो आयो नयाँ जमाना*
*दुनियाँ बढ्यो अगाडि लाई नयाँ निशाना ।*

(नयाँ जमाना, पृ. ३९)

*अब लाग्यो किनारा, अब लाग्यो किनारा*
*जनतन्त्रको दुनियाँमा बह्यो प्रेमको धारा ।*

(जनतन्त्र, पृ. ४९)

अर्धविराम चिह्नको प्रयोग गरिएका गीतहरू यस प्रकार छन् -

*एक शून्य चारसम्म, डिग्रीमा आकाश टम्म;*
*औँसी झैं गाढा अँध्यारो , बस्न मुस्किल भो खपेर,*
*आज उत्रयो त्यो ज्वरो र ।*

(घाम, पृ. ३८)

*गरी त्याग औ तपस्या, इन्क्लावलाई नारा ;*
*एक-तन्त्र त्यो गिरायौ , बलिदान भई बिचरा;*

(शहीद, पृ. ३९)

बिस्मयादिबोधक चिह्नको प्रयोग गरिएका गीतहरू यस प्रकार छन्-

*तिम्रै शरण भगवन्! रोइरहूँ कति ?*
*घरभित्र पसी झट्ट प्रभु ! दीप जलाऊ ,*

(पुकार, पृ. ३)

*तिमी छौ सबका प्यारा डाक्टर ! तिमी छौ*
*सारा रोगीहरूको जीवन*
*तिम्रो एक साहारा ! डाक्टर !*

(डाक्टर, पृ. ५५)

तत्सम शब्दको प्रयोग गरिएको गीत यस प्रकार छ-

*ईश्वर- बेगर के छ जगत्मा*
*सुन्दर नारी यो घर बारी*
*धन सम्पत्तिको ढुकुटी भारी,*

(ईश्वर, पृ. १५)

माथि प्रयोग गरिएका ईश्वर, जगत्, सुन्दर, नारी जस्ता तत्सम शब्दहरू नेपाली चलनचल्तीका भाषामा मिसिइसकेका छन् ।

प्रसाद गुण पाइने गीत यस प्रकारको छ -

*बन बन रे भक्तिमान् , यही छ ठूलो धर्म जान ।*
*यो भूत-वर्तमान , भविष्य- कला ज्ञान ,*
*हुन्छ सदा ज्ञान, भक्ति हो बलवान् ।*

(भक्ति, पृ. ३६)

## ४.२.५ लयविधान

लय गीतमा अनिवार्य हुन्छ । लय भएन भने गीतले आफ्नो धर्म (गेयात्मक) लाई बहन गर्न सक्दैन । त्यसैले गीत र कवितामा भेद ल्याउने बिन्दुहरूमध्ये लय पनि एक हो र लयप्रवाहबाट तरङ्गित हृदयको प्रकाशन हुन्छ । गीतको प्रत्येक पङ्क्तिमा आउने स्वर-व्यञ्जनहरूको संयोजन मात्र, तान, सुर र आघातले लयको सिर्जना गर्दछन् । त्यसैले गीतमा लय साध्य हुन्छ । गीतमा भावनाका साथै गेयात्मकताका महत्त्वपूर्ण स्थान रहन्छ । शब्द, अर्थ र ध्वनिको समुचित विन्यासमा मात्र लयात्मकताका लागि आवश्यक आधारभूमिको संरचना हुन्छ ।[डट] रिमालको गीति लयमो लोकछन्दको प्रधानता पाइन्छ । केही गीतमा हिन्दीको लय झिकेर नेपालीकरण

---

[डट] मोहन हिमांशु थापा, **साहित्य परिचय,** चौथो सं. (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. ४६ ।

गरिएको छ । सङ्ग्रहमा सङ्कलित गीतहरू खास गरेर भजन झ्याउरे, लोक, र केही आधुनिक लय र दोहोरी भाकाका गीतहरू उनीद्वारा सङ्कलित भएका छन् । रिमालका गीतमा भक्ति, प्रेम, वियोग, सद्भाव, राष्ट्रिय र सामाजिक जनजीवनको चित्रण, राजनैतिक परिवर्तनको सन्देश व्यक्त भएका छन् । पुरानो पुस्ताका गीतकार रिमालले भजनको लयमा नेपालीपन झल्काउने, दिदी भाइको दोहोरी लय जस्ता गीतहरू लेखेर आफ्ना पुस्तालाई अनुकरण गर्न लायक बनेका छन् ।

लोकलयदेखि लिएर हिन्दीबाट प्रभावित तथा स्वतन्त्र लयविधान पनि प्रयोग गरिएका सङ्ग्रहका गीतहरूमा लय विविधता पाइन्छ । हिन्दी गीतबाट प्रभावित भई हिन्दी गीतलाई नेपालीकरण गरिएको गीत यस प्रकार छ ।

*श्रीराम प्रभु! लौन यो गृह-भार समाऊ ,*
*परिवार छ है आज भोको लौन खुवाऊ ।*
*मेरो कमाइ नहुँदा व्याकुल छ सन्तति ,*
*तिम्रै शरण छु भगवान् ! रोइरहूँ कति ?*

(पुकार, पृ.३)

भजनको लयमा लेखिएका गीतहरू यस प्रकार छन्

*प्रभु राम राम श्रीराम ।*
*भव- सागरमा साँघु यही हो ,*
*प्रभुको अमूल्य नाम ।*

(भजन, पृ.२)

*भगवान् ! नाऊ लगाऊ किनार ।*
*यो भव सागर गहिरो ज्यादा*
*कसरी आऊ म पार ?*

(पुकार, पृ.३)

झ्याउरे लयमा लेखिएका गीतहरू यस प्रकार छन्-

*घाँस काट्न आएकी म ता तिमी आयौ दाउरा काटन*
*भेट भयो क्या राम्रो आज, मनको धागो प्रेममा गाँसन*

(वनको भेट, पृ. ५०)

*गाउँका दिदी-बहिनीले ढिकी र जाँतो चलाए,*

*काखीमा गाग्री च्यापेर पँधेराबाट घर आए ।*

(उठन कान्छी, पृ. ५१)

अन्य लोकलयमा लेखिएका गीतहरू पनि सङ्ग्रहभित्र छन्; जस्तै :

*साँझ सधैं एकजोर बत्ती बालिदिनु,*
*कति पनि मनमा पीर कहिल्यै नलिने*
*गाई-बाखा घरबारी , कान्छी तिम्रै भरे,*
*आमा-बूढी विचरीको सास फेर्दै डर ।* (कान्छी, पृ. ४८)

सङ्ग्रहभित्र चुड्के लयका गीतहरू पनि छन् । जस्तैः

*भेट्नेछु तिमीलाई रजनी !*
*अस्ताचलमा जब रवि सुत्ला ,*
*सन्ध्याको बन्धन पनि छुट्ला ,*
*मन्द-पवनले सौरभ, लुट्ला ,*

(रजनीसँग, पृ.५३)

दोहोरी लयमा लेखिएका गीतहरू सङ्ग्रहभित्र युगल गीत र प्रश्नोत्तरात्मक रूपमा रहेका छन् जुन यस प्रकार छन्-

*पु.: राधा! सुन्दर विश्व-बगैंचा दृश्य यो दृष्टि दी जाऊँ ,*
*स्त्रीः मोहन! छ जीवन यसमै, प्यारो प्रेम कुञ्ज डुलिजाऊँ*

(युगल प्रेम, पृ.२१)

*पुः प्रेमको गाँठो पारेर जान्छयौ फुकाउँदा फुक्तैन ,*
*जाउँ हिंड घर उज्यालो गर कसैले थुक्तैन ।*
*माइतको छोडिदेऊ बात ।*
*स्त्रीः तिम्रो घर बस्तिन रात , कुरा काट्ने गाउँलेको जात,*
*नचढी डोली म जान्न आजै भेटेर गरुला वात ।*

(युगल प्रेम, पृ.३४,३५)

सङ्ग्रहभित्र आधुनिक गीतहरू पनि रहेका छन् । जस्तै :

*प्रेमामृतको  प्यासी म  हुँ यो नाटक झैं तिमी जानी ।*
*बार-बार  जल प्रेम पिलाऊ है जीवनकी रानी !*

(प्रेम, पृ. २७)

## ४.२.६ अलङ्कार प्रयोग

अलङ्कार काव्यको शोभाकारक तत्त्व हो र यसले काव्यलाई सुन्दर बनाउनका साथै अर्थलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्दछ । शब्दको आलङ्कारिक प्रयोगबाट गीत तथा कविताका भावमा तीव्रता र रोचकता आउने हुँदा काव्यमा यसको महत्त्व रहेको हुन्छ । गीतमा व्यञ्जना अर्थ दिन र सौन्दर्यलाई मूल्यवान् बनाउन अलङ्कारले महत्त्व राखेको हुन्छ । गीतकार रिमालले पनि **गीत सिर्जना** गीत सङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार दुवैमा समुचित प्रयोग गरेका छन् । उनका गीतमा अलङ्कार अलङ्कारका रूपमा प्रयोग नभएर स्वतःस्फूर्त तथा सहज भएर आएका छन् ।

**शब्दालङ्कार**

जसले शब्दका माध्यममबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ ।[डठ]शब्दालङ्कारका अनुप्रास, यमक, श्लेषजस्ता भेदहरू हुन्छन् । गीतकार रिमालले यस गीतसङ्ग्रहका गीतहरूमा ती विभिन्न अलङ्कारहरूको प्रयोग गरेका छन् । तीमध्ये केही शब्दालङ्काकार उदाहरणहरूलाई यसरी देखाइन्छ -

(अ) आध्यानुप्रास

यो अनुप्रासमा सुरुका पदहरूबीच समानता पाइन्छ; जस्तै :

*कौपीनको तागत यो,*
*सौखिनको स्वागत यो,*

(सनातन धर्म, पृ. ५३)

माथिको उदाहरणमा पहिलो र दोस्रो पङ्क्तिको सुरुका 'कौपीन' र 'सौखिन' मा आद्यानुप्रास छ ।

---

[डठ] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त** , दोस्रो संस्करण, काठमाडौँः साझा प्रकाशन, २०४८), पृ. १६३ ।

**(आ) मध्यानुप्रास**

यस अलङ्कारमा पाउको बीचमा वा मध्यमा आउने शब्दहहरूबीच समानता पाइन्छ; जस्तै :

*मेरो विपनाका तिमी नै हौ ज्योति ,*
*मेरो सपनाका तिमी नै हौ ज्योति*

(भक्ति, पृ. ११)

माथिको उदाहरणमा दुवै पङ्क्तिका मध्यमा आएका 'विपना' र 'सपना' वा बीच मद्यानुप्रास छ ।

**(इ) अन्त्यानुप्रास**

पाउका अन्त्यमा समान वर्णहरू दोहोरिए भने अन्त्यानुप्रास बन्दछ; जस्तै :

*(क) तिमीलाई लैजाउँ भने घर कसले हेर्छ?*
*जागिरमा इज्जत छ नत्र कसले टेर्छ ?*

(कान्छी, पृ. ४८)

*(ख) नेपालकै गौरवले नेपालीको नाम,*
*आफ्नै देश उच्च बनाउ गर्छौं भने काम,*

(जन्मभूमि, पृ. ३७)

*(ग) सन्ध्याको बन्धन पनि छुट्ला,*
*मन्द-पवनले सौरभ लुट्ला*

(रजनीसँग, पृ. ५३)

माथिको उदाहरण (क) का दुवै पाउका अन्त्यमा आएका **हेर्छ,** र **टेर्छ**का बीचमा, (ख) का दुवै पाउका अन्त्यमा आएका **नाम** र **काम**का बीचमा र (ग) का दुवै पाउका अन्त्यमा आएका **छुट्ला**, र **लुट्ला**का बीचमा अन्त्यानुप्रास परेको छ ।

प्रायः रिमालका गीतहरूमा अन्त्यानुप्रास अलङ्कार रहेको पाइन्छ ।

**(ई) छेकानुप्रास**

एक वा अनेक व्यञ्जनको उसै क्रममा एक पटक मात्र आवृत्ति भएमा छेकानुप्रास हुन्छ ।[डड] जस्तै :

*(क) छिटिदेऊ छिटो अमृत भगवान्! कलेजामा,*

(पुकार, पृ. ४)

*(ख) गुँडको विचरा-चरा थरर थर्कन्छ कृष्ण !*

(पुकार, पृ. ७)

यहाँ (क) मा आएको **छिटिदेऊ**, र **छिटो** को छ र (ख) मा आएको **विचारा, चराको चरा** र **थरर थर्कन्छ** को **थ** उसै क्रममा एक पटक मात्र आवृत्ति भएकाले छेकानुप्रास भएको हो ।

**(उ) वृत्यनुप्रास**

एक व्यञ्जनको एक पटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा एक पटक वा अनेक पटक आवृत्ति भएमा वृत्यनुप्रास हुन्छ ।[डढ] जस्तैः

*माता र पिता मेरा हे नाथ प्रभु !तिमी हौ,*
*निशि-दिन मेरो जीवन यो तिम्रै छ सहारामा ।*

(पुकार, पृ. ४)

माथिको उदाहरणमा **म** तथा **त** र **न** तथा **म** को अनेक पटक आवृत्ति भएर वृत्यनुप्रास अलङ्कार भएको छ ।

पहिलो र दोस्रो पङ्क्तिको सुरुका 'कौपीन' र 'सौखिन' मा आद्यानुप्रास छ ।

**अर्थालङ्कार**

अर्थका आधारमा रहने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । गीतकार रिमालको **गीत-सिर्जना** गीतसङ्ग्रहमा विभिन्न अर्थालङ्कारको प्रयोग भएको छ ।

---

[डड] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्यसिद्धान्त**, चौथो संस्करण, (काठमाडौँ: साझा प्रकाशन, २०६१), पृ. ११३ ।
[डढ] ऐजन ।

प्रस्तुत सङ्ग्रहमा परेका केही अर्थालङ्कारहरूलाई निम्नानुसार देखाउने प्रयास गरिन्छ ।

**क) उपमा**

उपमेय र उपमानका बीच रूप, गुण, क्रिया आदिको समानता देखाइएमा उपमा अलङ्कार हुन्छ ।[ढण] रिमालका गीतमा पनि उपमा अलङ्कारको प्रशस्त प्रयोग भएको छ । जस्तै :

*लक्ष्मणसरि ब्रतधारी, अर्जुनसरि बलधारी*
*जो शवरी जस्ती नारी, विदुर झैं पुजारी,*

(पशुपति, पृ.१)

*साँचो बोल्ने हरिश्चन्द्र, कर्णजस्ता ठानी,*
*अर्जुनझैं महावीर, शुक्रजस्ता ज्ञानी*

(राम सम्झ, पृ.१४)

*राधे ! रत्न-प्रभा झैं भवमा सुख ली सदाको जाऊँ ।,*

(युगल प्रेम, पृ.२१)

*काल झैं कालो गगनमा कुर्लिने त्यो मेघ ढेर*
*औंसी झैं गाढा अँध्यारो, बस्न मुस्किल भो खपेर,*

(घाम, पृ.३८)

**ख) रूपक**

सामान्यतया रूपसाम्य वा कार्यसाम्यले गर्दा उपमेयको निषेध नगरी उपमेय र उपमानका बीच अभेदमूलक आरोप गरिएमा रूपक अलङ्कार हुन्छ ।[ढज्ञ] यस अलङ्कारमा उपमाको जस्तो सादृश्यवचक शब्द राखिँदैन । जस्तै :

*प्रेम बन्धु, प्रेम साथी , प्रेम नै घर बार ।*
*प्रेममै छन् लोक सारा प्रेम नै सुखद्वारा ।*

(प्रेम, पृ.२०)

---

[ढण] केशवप्रसाद उपाध्याय, पूर्ववत् , पृ. १२८ ।

[ढज्ञ] केशवप्रसाद उपाध्याय, पूर्ववत् , पृ. १३२ ।

*तारा बुट्टे नभको सारी,*
*चाँदनी चादर ओढी भारी*

(रजनीसँग , पृ. ५४)

**मालोपमा**

एउटै उपमेयका साथ अनेक उपमानहरूको समानता देखाइएमा मालोपमा अलङ्कार हुन्छ । [ढ६] जस्तै :

*पूर्णिमा जूनको बत्ती, वनमा वसन्त हाँसेको ।*
*ढकमक फूलको शोभा, विधिले हाँगामा गाँसेको ।*

(वसन्त रजनी, पृ. २०)

**व्याजस्तुति :**

स्तुतिको उक्तिमा निन्दा र निन्दाको उक्तिमा स्तुतिको भाव व्यक्त गरिएमा व्याजस्तुति अलङ्कार हुन्छ । [ढघ] जस्तै :

*साहित्य-ज्योतिमा सबको मन तिमीले रँगायौ*
*कविको काव्य र नाटक रस क्या मीठो मिलायौ ।*
*नवीन-प्रतिभा दिनहुँ झिकी सिंगार नेपाल ।*
*कल्पना-माधुर्य कति छ भनूँ , बहेको पलामा ।*

(मातृभाषा, पृ.१९)

**स्मरण अलङ्कार :**

उपमान देखेर उपमेयको सम्झना गरिएमा स्मरण वा स्मृति अलङ्कार हुन्छ ।[ढद्ध] जस्तै :

*जनतन्त्र-युगको सुनौला ज्योति आफैंले फिंजाई,*
*उज्यालो कीर्ति छोडेर गयौ हामीलाई रुवाई ।*

(श्री ५ त्रिभुवनको वैकुण्ठ यात्रा, पृ.३६)

---

[ढ६] केशवप्रसाद उपाध्याय, पूर्ववत् , पृ. १३२ ।
[ढघ] ऐजन पृ. १२१ ।
[ढद्ध] ऐजन पृ. १२३ ।

*ऋषि-मुनिले तप यहीँ गरेथे, पाशुपत अर्जुनले भिरेथे,*
*अमर-वीरहरू यहीं लडेथे, वीर-भूमि नेपाल*

(राष्ट्रिय, पृ.४४)

*ऋषि-मुनि यदि गुण धन सम्झन्थे*
*बल्कल भरमा किन ती रहन्थे*
*अमरावतीमै निशि-दिन फिर्थे ।*
*सित्तैं तिमी तड्पन्छौ*

(धन चिन्ता, पृ.५२)

## ४.२.७ रस प्रयोग

रसको व्युत्पतिगत अर्थ लिने हो भने रस्यते असौ रसः अनुसार रस त्यस्तो पदार्थ हो जसको आस्वादन होस् । रस त्यस्तो सारभूत तत्त्व हो जो वस्तुको हृतकेन्द्रमा आत्माको रूपमा रहन्छ । काव्य वा साहित्यमा रसको प्रयोग विशिष्ट अर्थमा हुन्छ ।[ढछ] रिमालले प्रस्तुत सङ्ग्रहमा विभिन्न रसहरूको प्रयोग गरेका छन् । जस्तै

**१. शृङ्गार**

परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको एक-अर्काको प्रेमको वर्णन भएमा शृङ्गार रस हुन्छ ।[ढट] यसका दुई भेद छन् :सम्भोग र विप्रलम्भ

**क) सम्भोग**

सम्भोगमा नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ ।[ढठ] यसको स्थायी भाव रति हो । यसका उदाहरणहरू यस प्रकार देखाउन सकिन्छ -

---

ढछ केशवप्रसाद उपाध्याय, पूर्ववत् , पृ. १३२ ।

ढट ऐजन, पृ. ५८ ।

ढठ ऐजन, पृ. ५८ ।

*मन-मन्दिरकी तिमी पटरानी*
*रतिका रूप -जवानी*
*प्रेम-विजयको सुनाऊ, कहानी*
*नित्य नयाँ प्लट छानी*

(प्रेम, पृ.४५)

*यौवनको श्रृङ्गार सजाऊ ,*
*जादू-रस भरि नजर घुमाऊ*
*प्रेम-देवको स्वागत गर्दै,*
*तिमी कोकिल काण्ठ खुलाऊ ,*

(प्रेम, पृ.४६)

*कोइली गर्छ कुहू-कुहू मञ्जरीलाई देखी*
*प्रेमको बेला यही हो मान्छे चाँदनीले लेखी,*

(प्रेम, पृ.४८)

**ख) विप्रलम्भ शृङ्गार**

विप्रलम्भ श्रृङ्गारमा नायक-नायिकाको संयोग नभएर विरह वा वियोगको वर्णन हुन्छ ।[ढड] यसको स्थायी भाव रति हो । यसको उदाहरण यस प्रकार छ ।

*वारी म छु हाय, तिमी छौ पार,*
*चिच्याऊँ सुन्दिनौ मेरो पुकारा*
*बहाऊँ कति यो आँसुको धार ?*
*त्यो तिम्रो प्यार, त्यो तिम्रो प्यार ।*

(वियोग, पृ. २८)

**२. वीर रस**

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ र त्यसैबाट वीर रसको उत्पन्नि हुन्छ ।[ढढ] यसका उदाहरणहरू यस प्रकार देखाउन सकिन्छ जस्तै :

---

ढड केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. ५८ ।

ढढ ऐजन, पृ. ६० ।

*शुक्र, गङ्गा , दशरथ, धर्मजस्ता वीर,*
*जन्माइथ्यौ भई शहीद झन थपियो पीर,*
*तिम्रो देखी हालत यो तोड्न त्यो जञ्जीर,*
*भेल उठ्यो क्रान्तिको मातृ-अवनि ।*

(नेपाल आमा, पृ.४१)

*हुकुम टुट्यो अब दोहोरिने छैन,*
*एउटै कानुन लागू होला कालो गोरो हैन ,*
*दुई-जिभ्रे नियम अब भयो परमधाम ।*

(जनतन्त्र पृ. ४२)

*जागृतिको बिगूल बजाऊ अन्धतालाई तोड*
*प्रेम भरी शान्तिसँग एकतालाई जोड*
*उन्नतिको हाली जल नेपाललाई गोड,*
*बोलाऊ सबैलाई*

(राष्ट्रिय, पृ.४३)

*हामी-हामी भाइ-भाइ, देश यो बनाउनलाई,*
*काँधमा काँध मिलाइ पहाड फोड्नु छ,*
*फूलबारी गोड्नु छ ।*

(राष्ट्रिय, पृ.४४)

### ३. शान्त रस

संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्त रस हो ।[ज्ञण] यसका उदाहरणहरू यस प्रकार देखाउन सकिन्छ । जस्तै :

*कौपीनको तागत यो,*
*सौखिनको स्वागत यो ,*
*ठोकी ठोकी बुद्धिको धन,*
*लेखिएको शास्त्र-पुरातन ।*

(सनातनधर्म, पृ.५३)

[ज्ञण] केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. ६२ ।

*भुक्ति-मुक्तिको छ यो सुबाटो, नपार मनमा धनको गाँठो ,*
*मर्नु पर्दछ एकदिन सबले*
*छोडी दौलत सारा !डाक्टर* (डाक्टर, पृ.५६)

४. **भक्ति रस**

मनलाई शान्त र आनन्दित पार्नका लागि भगवान्प्रति आस्था, विश्वास प्रकट गर्दा उत्पत्ति हुने रस भक्तिरस हुन्छ । जस्तैः

*हर-दिवस प्रभुलाई, धनी हो या गरिब आई,*
*गरी बन्दना रमाई, मन भक्तिमा फुलाई,*
*यो जिन्दगी सजाई, जानेछन् यी तमाम ।*

(पशुपति, पृ.१)

## ४.२.८ बिम्ब र प्रतीक

काव्यले अप्रस्तुत वस्तुको काल्पनिक वर्णन गरेर त्यसलाई प्रस्तुत गरेको हुन्छ भने बिम्ब पनि अप्रस्तुत वस्तुको मानसिक वा काल्पनिक रूप हो । बिम्बले काव्यको अर्थ पूर्ण रूपले स्पष्ट गर्छ, कृतिको भावलाई सरस बनाउँछ, वस्तु वा घटनालाई प्रत्यक्षरूपले स्पष्ट गर्छ र रूप सौन्दर्य अथवा गुणको चित्रण गर्न सहयोग गर्दछ ।[ज्ञण्ज्ञ] बिम्ब मुख्यतया दृश्य वस्तु विम्ब, दृश्यकारक बिम्ब र सांस्कृतिक बिम्ब गरी तीन प्रकारका हुन्छन् । गीतकार रिमालले पनि **गीत-सिर्जना** गीतसङ्ग्रहमा विभिन्न प्रकारका बिम्ब तथा प्रतीकहरूको उचित प्रयोग गरेका छन् । रिमालले विभिन्न भावलाई बिम्बहरूको माध्यमद्वारा गीतमा उतारेका छन् जस्तै :

क) *जय माता पुण्य भूको, जय शम्भू-पार्वतीको*
*हो यो प्रभुको धाम आराधनाको धाम । नन्दन.*
*हर-दिवस प्रभुलाई, धनी हो या गरीब आई,* (पशुपति, पृ.१)

---

[ज्ञण्ज्ञ] भागीरथ मिश्र, **काव्यशास्त्र** , दशम् संस्करण (वाराणसी: विश्वविद्यालय प्रकाशन, २०५०), पृ.२५२-५४) ।

ख) *अज्ञानको फूल जति फरर फक्रन्छ ,*
*पूर्ण नभई ज्ञान-फूल बरर वर्षन्छ कृष्ण ! बजाऊ*
*ममताको काल-सर्प रुखमा लम्कन्छ ,*
*गुँडको विचरा-थरचर थर्कन्छ कृष्ण ! बजाऊ*

(पुकार, पृ. ७)

ग) *पूर्णिमा जूनको बत्ती, वनमा वसन्त हाँसेको ।*
*ढकमक फूलको शोभा विधिले हाँगामा गाँसेको ।*

(वसन्त रजनी, पृ. २०)

घ) *प्रकृतिले सुन्दर छ नेपाल यो हाम्रो ,*
*जङ्गल र पर्वतको फेरा कति राम्रो,*

(जन्मभूमि, पृ. ३६)

ङ) *शुक्र, गङ्गा, दशरथ , धर्मजस्ता वीर,*
*जन्माइथ्यौ भई शहीद झन् थपियो पीर,*

(नेपाल आमा , पृ.४१)

माथिको उदाहरण 'क' मा माता, प्रभु, धनी, गरीव 'ख' मा फूल सर्प, चरा 'ग' मा जून, बत्ती, वन, फूल 'घ' मा नेपाल, जङ्गल, पर्वत 'ङ' मा वीर शहीद जस्ता विभिन्न विम्बको प्रयोग भएको देखिन्छ । गीतकारले यस सङ्ग्रहमा यस्तै विविध विम्बहरुको प्रयोग गरेका छन् ।

आफ्नो रूप गुण, कार्य या विशेषताका सादृश्य प्रत्यक्षताका कारण जब कुनै वस्तु या कार्य कुनै अप्रस्तुत वस्तु, भाव विचार क्रियाकलाप, देश जाति, संस्कृति आदिको प्रतिनिधित्व गर्न आएका हुन्छन्, त्यसैलाई प्रतीक भनिन्छ । गीतकार रिमालले यस गीत सङ्ग्रहमा बिम्बका साथै विभिन्न प्रतीकको पनि समुचित प्रयोग गरेका छन् । **गीत-सिर्जना** गीतसङ्ग्रहमा प्रयोग गरिएका केही प्रतीकहरू उदाहरणका रूपमा यसरी देखाउन सकिन्छ ।

विषयहरू- कामवासनाको (पृ.२), दीप-उज्यालोको (.पृ.८), अँध्यारो-अधोगतिको (पृ.१०), स्वर्ग-उन्नतिको, नारक-पतनको (पृ.१७) उत्तर-उत्तर-प्रगतिको (पृ.१८) भोका-अभावको (पृ.३३), कोइली -मीठो स्वरको (पृ.२४) सुदामा-गरिबको (पृ.३६), क्रान्ति-

परिवर्तनको (पृ.३९), क्रान्ति-परिवर्तनको (पृ.४०) प्रतीकका रूपमा आएका छन् । यसका अतिरिक्त अनेकानेक प्रतीकहरू उनको यस गीतसङ्ग्रहमा प्रयोग भएका देखिन्छन् ।

यस सङ्ग्रहमा आएका बिम्ब र प्रतीकहरू अलङ्कारका साधनका रूपमा आएका छन् । अर्थात् जहाँ बिम्ब र प्रतीकको स्थान छ त्यहाँ अलङ्कारहरू स्वतः स्फूर्त रूपमा आएको देखिन्छ ।

## ४.२.९ कथनपद्धति

कथ्य कुराको कथन गर्ने तरिका नै कथनपद्धति हो । गीतको आफ्नो मूल कथनपद्धति वक्ता (गीतकार) को भावनात्मक आत्मकथन हो ।[ज्ञण्द] गीतमा गीतकारले अरूलाई सम्बोधन गरेर या नगरी जसरी प्रस्तुत गरे पनि आफूलाई नै प्रकट गरेको हुन्छ । गीतमा श्रोतालाई सम्बोधन गरी आफ्ना अनुभूतिहरू व्यक्त गरिएको हुन्छ । त्यसैले गीत पाठ्य रूपमा भन्दा श्रव्य रूपमा सजीव र सशक्त भएको हुन्छ । गीतकार रिमालका यस गीतसङ्ग्रहका गीतहरूमा कथयिता प्रथम पुरुष रहेको पाइन्छ । प्रथम पुरुषप्रधान कथयिताले कतै भावात्मक आत्मकथन र कतै श्रोतापरक सम्बोधनको पद्धति अपनाएको देखिन्छ । यसका साथै कुनै गीतमा समूह गायन, केही गीतहरूमा सम्वादात्मक कथनपद्धति र कुनैमा नाटकीय कथनपद्धति अँगालिएको छ ।

गीतकार रिमालको **गीत-सिर्जना** गीतसङ्ग्रहका केही गीतहरूमा प्रथम पुरुष कथयिताले द्वितीय पुरुषलाई सम्बोधन गरेको छ भने केही गीतहरूमा प्रथम पुरुष कथयिताले तृतीय पुरुषलाई सम्बोधन गरेको पाइन्छ । त्यसैगरी कुनै गीतमा प्रथमपुरुष कथयिता भएर पनि सम्बोधित व्यक्ति छैन ।सम्वादात्मक कथनपद्धति अपनाएका गीतहरूमा केटा र केटीको दोहोरी भाका छ भने कतै दाजु र बहिनीको अटुट नातामा बाँधिएका दाजुबहिनीको संवाद छ । नाटकीय कथनपद्धतिको पनि प्रयोग

[ज्ञण्द] वासुदेव त्रिपाठी र अन्य (सम्पा.) **नेपाली कविता भाग २** , ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०४८), पृ. २९९ ।

भएका गीतहरू गीतसिर्जना भित्र समेटिएका छन् । प्रथम पुरुष कथयिता भएर द्वितीय पुरुषलाई सम्बोधन गरिएका गीतहरू यस प्रकार छन्-

*भज तिमी रामको नाम, जप तिमी रामको नाम ।*
*चिन्तामणिको ज्योति अगाडि अरू मणिको के काम ?*

(भजन, पृ.२)

*तन-मन दीकन तिम्रै आशा गर्छु प्रतिदिन जानी*
*भव-सागरमा जीवन नाऊ बहाना प्रेम छ ज्ञानी*

(प्रेम, पृ.२७) ।

*राधिका म हौ तिमी कृष्ण मुरली ता सुसेली हालन ।*
*जङ्गलमा मङ्गल राम्रो , गाउँछु म झुलेर नाचन ।*

(वनको भेट , पृ. ५०) ।

प्रथम पुरुष कथयिता भएर पनि सम्बोधित व्यक्ति नभएका गीतहरू यस प्रकार छन्-

*यो के नयनमा नीर हो, नीर हो ?*
*कित सुत्र-बिना यो , मोतीको हार हो ।*

(आँसु, पृ.२६)

*कमल-कोपिला भयो बिकामी केतकी सुगन्धवान् ।*
*मनोरम हुन् धर्मकी नारी जङ्गलको गरी दान,*

(नशा, पृ.३५)

समूहगायनका रूपमा प्रयोग गरिएका गीतहरू यस प्रकार छन्-

*हर-दिवस प्रभुलाई, धनी हो या गरिब आई,*
*गरिब बन्दना रमाई, मन भक्तिमा फुलाई,*
*यो जिन्दगी सजाई , जानेछन् यी तमाम ।* (पशुपति, पृ १)

*एकतन्त्र शासनले नेपाल काँपेथ्यो ,*
*स्वतन्त्रको ज्योतिलाई मेघले ढाकेन्थ्यो ,*
*लोकतन्त्र बल्ल खुल्यो तोडी फलाम ।*

(जनतन्त्र पृ.४२)

*हामी-हामी भाइ-भाइ , देश यो बनाउनलाई,*
*काँधमा काँध मिलाई पहाड फोड्नु छ,*
*फूल-बारी गोड्नु छ ।*

(राष्ट्रिय, पृ.४४)

संवादात्मक कथनपद्धति प्रयोग गरिएका गीतहरू यस प्रकार छन् -

*पु. राधा! सुन्दर विश्व-बगैंचा दृश्य यो दृष्टि दी जाऊँ ,*
*स्त्रीः मोहन! छ जीवन यसमै, प्यारो प्रेम कुञ्ज डुलिजाऊँ*

(युगल प्रेम, पृ.२१)

*पुः तिमी शीतल समीर, म हुँ सुवास*
*स्त्रीः तिमी कमल-हीरा , म हुँ प्रकाश ।*

(युगल प्रेम, पृ.२३)

*स्त्रीः नेपालको शहर जान्छु सँगै लाग्यो रहर*
*पुः मेरो साटो घर बारी सबै तिम्रो भर*
*सासू-ससुराको हेर विचार राम्रो गर*
*टाढा बाटो जाने मन अहिले नगर ।*

(युगल गीत , पृ. २७)

*(शिर उठाएर) सम्झन्छु चम्किलो मुहार,*
*(अर्कोतर्फ हेरेर) त्यो दिव्य हार, त्यो चन्द्रहार*
*(अलि हटेर ) वारी म छु हाय , तिमी छौ पार*
*चिच्याऊ सुन्दिनौ मेरो पुकार ।*

(वियोग , पृ. २८)

## ४.३ संस्मरणात्मक लेखको अध्ययन

रिमालले संस्मरण लेखनतर्फ पनि कलम चलाएका छन् । उनको **मास्टर रत्नदास** भन्ने संस्मरणात्मक लेख वि.सं.२०६० मा ढुङ्गाअड्डा प्रकाशनबाट प्रकाशित भएको छ । प्रस्तुत लेख रिमालले आफ्ना सहयात्री मास्टर रत्नदास प्रकाशको सम्झनामा लेखेको संस्मरणात्मक लेखको सङ्ग्रहित रूप हो ।

प्रस्तुत लेखले दुई मित्रहरूको यात्राको क्रम मात्र जानिँदैन नेपाली गीति इतिहासको संक्षिप्त अवलोकन नै गराउन सफल रहेको देखिन्छ । जीवनका विभिन्न क्षणमा रहेका सहयात्रीसँगका यात्रा एवम् मन छुने खालका क्षण र घटनाहरूलाई संस्मरणका रूपमा उतारेका छन् । **मास्टर रत्नदास** लेखको अध्ययन शीर्षक, विषयवस्तु, भाषाशैली र परिवेशका आधारमा निम्नानुसार  गरिएको छ ।

## ४.३.१ शीर्षक

रिमालको एउटा मात्र संस्मरणात्मक लेख **मास्टर रत्नदास** हो । आफ्नो जीवनका सहयात्रीसँगको सहयात्राका क्षणहरूलाई समेटेर लेखिएको लेख व्यक्तिकै नामबाट नामकरण गरिएको छ ।

शीर्षकमा **मास्टर रत्नदास** भन्ने शीर्षक दिएर उनको मात्र चर्चा पाइँदैन कि आफू गीति क्षेत्रमा लागेका कुराहरू पनि देखाएका छन् । आफूले गीत लेखिदिने र रत्नदासले गाउने कुरा उल्लेख गरेका छन् । गीत लेखेर दिँदा पनि आफू पछि परेको र रत्नदास भने तिनै गीत गाएर चर्चित बनेको गुनासो पोखेका छन् । यसमा आफू गीति क्षेत्रमा प्रवेश गरेको कुरादेखि लिएर जीवनको अन्त्यसम्म भएका कुराहरूलाई समावेश गरेका छन् । **मास्टर रत्नदास**सँगको नाटक हेर्न जाँदाको पहिलो भेटदेखिपछि गीत लेखेर दिने गरेको सम्पूर्ण कुराहरूप्रस्तुत लेखमा समावेश भएको छ । शीर्षकअनुसारकै वर्णन लेखमा पाइने हुनाले प्रस्तुत कृतिको शीर्षक सार्थक नै देखिन्छ ।

## ४.३.२ विषयवस्तु

रिमालले प्रस्तुत लेखमा मानवीय जीवनमा भएका सुख, दुःख मिलन, बिछोडजस्ता कुराहरूलाई विषय बनाएर लेखेका छन् । यस लेखले दुई मित्रहरूको यात्रा र सम्बन्धलाई देखाएको छ । रिमालले गीत लेख्न सुरु गर्ने समयमा गीत लेख्ने र रेकर्ड गर्ने मानिस हातमा गन्न सकिन्थ्यो । त्यसबेला नेपालमा प्रायः नाटकहरूमा सांस्कृतिक कार्यक्रममा र गाईजात्रे समारोह पारेर गाइने गरिन्थ्यो । गायकलाई मात्र चिन्ने तर त्यो गीत रचना गर्ने रचनाकार को हो? श्रोतालाई थाहा हुँदैनथ्यो । नेपालीको गीति यात्राको क्रममा उपत्यकाका प्रायः दरबार या डबली या मञ्च

जनुसकै कार्यक्रममा ज्यादै नाम चलेको गायक एवम् अभिनयकर्ता मास्टर रत्नदास प्रकाशलाई गीत लेखेर सघाउने मात्र होइन उत्साह दिने गीतकार ठाकुरनाथ रिमाललाई कम नेपालीले मात्र चिनेका होलान् । तर पर्दापछाडिबाट गायकलाई उर्जा दिने र अर्को तर्फ गीति साहित्यका माध्यमले नेपाली साहित्यको सेवा गर्ने रिमाल आफू चर्चित हुन नसकेको गुनासोको कुरा लेखमा प्रकट गरेका छन् । आफूले लेखेका गीत गाएर रत्नदास चर्चाको शिखरमा पुगेको उनको अभिनन्दन पनि भएको तर आफू भने गीतकारको पङ्क्तिमा समेत उभिन नपाएको दुःख प्रकट गरेका छन् । रिमालले कर्मले मात्र होइन भाग्य पनि चाहिन्छ भाग्य र कर्म दुवै मिलेमा मात्र सुख पाइन्छ भन्ने कुरा प्रकट गरेका छन् । अभिन्न अङ्गजस्ता बनेका सहपाठी रत्नदासले रिमालको गीतलाई आफ्नै गीत भनी प्रचार गरेकोमा ठूलो गुनासो पोखेका छन् ।

रिमालले विराटनगरमा रेडियो हल खुलेपछि नेपाल रेडियो शीर्षकमा पनि गीत लेखेका छन् । नाटकमा हिरो-हिरोइनले एकल गीत मात्र गाएर नाटक राम्रो हुँदैन भन्ने सोचेर युगल गीत लेखेर रत्नदासलाई दिएका थिए । रत्नदासले बेलुका ६ बजे रिमालका घरमा आएर भोलिको दिनलाई ४ वटा गीत लेखिदिन पर्‍यो भन्दा उनले रातभर लगाएर भए पनि गीत लेखेर सहयोग गरेको कुरा उल्लेख गरेका छन् । राजदरबारमा गाउने गीत इज्जतको विचार गरेर मेहनतका साथ लेखेर बिहान रत्नदासलाई बुझाएको कुरा व्यक्त गरेका छन् । मीठो स्वरको धनी रत्नदासबाट आफ्नो गीत सुन्न पाउनु र नाम पनि सुनाउनु स्वर्गसुखकै अनुभव हुन्थ्यो भन्ने कुरा रिमालले लेखमा उल्लेख गरेका छन् ।

रिमालले श्रीमती बिरामी परेर आफूलाई दुःख परेका बेलामा रामभजन श्रीराम प्रभु राम तपाई आफूले लेखेको भन्नुभयो रे यो सुन्दा मलाई साह्रै नराम्रो लाग्यो भनी रत्नदाससँग भन्दा उनले भद्रकालीले नामै राख्न बिर्सेछ भनेर अनुहारको खिन्नता देखाए । त्यस समयमा रिमाललाई एकदमै चित्त दुख्यो तर पनि उनले नराम्रो वचन गर्न सकेनन् ।

कमलमणि दीक्षितबाट रत्नदासको जीवनी पनि छापिएको थियो । दीक्षितले रत्नदासलाई गीत गाउन मात्र जान्नुहुँदो रहेछ गीत लेख्न जानेको रहेनछ भनेपछि इज्जत जाने डरले रिमालका दुईवटा गीतहरू मेरा गीत भनेर भनेपछि उहाँ चुप हुनुभयो भनी आफ्नो गल्ती रिमाल समक्ष प्रस्तुत गरे । जसरी भए पनि रत्नदास सबैका सामु चर्चित भए । आज उनी बिलाएर गए पनि जीवनीको किताबले गीत र स्वरका साथसाथै ऐतिहासिक छवि पनि राम्ररी दर्साएको छ । अभिनन्दन समारोहमा रत्नदासले गाएका गीतहरूको सङ्कलन गरेर किताब निकालेको थियो रिमालले त्यो किताब खोलेर हेर्दा आफ्ना गीतमा रचनाकार गायक स्यम् लेखेको देखेर रिमाललाई अरिँगालले टोकेजस्तो भयो भनेर आफ्ना मित्रको दुर्व्यवहारप्रति गुनासो व्यक्त गरेका छन् । मित्र भएर पनि एउटा अभिन्न अङ्गजस्तो साथीप्रति यस्तो व्यवहार गर्नु उचित थिएन । आफूले रत्नदासलाई यसो गर्नु हुँदैन भन्ने सम्भ्काएको तर कहीँ गएर उनको प्रतिवाद नगरेको कुराको पनि उल्लेख गरेका छन् । उनले गरेको गल्तीमा भेद खुलेपछि आफैँ पछुताउनेछन् केही भन्नु हुँदैन मान्छेलाई चिढाउनु हुँदैन भनेर नङ र मासुजस्तै भएर मिलिरहेको कुरा प्रस्तुत लेखमा उल्लेख गरेको पाइन्छ ।

## ४.३.३ भाषाशैली

रिमालको संस्मरणात्मक लेखको भाषा सरल, सरस र सहज रहेको छ । साधारण लेखपढ गरेका मानिसहरूले पनि सजिलैसँग पढ्न र बुभ्न्न सक्ने खालको छ । सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग भएको छ भने लेखमा कोमल गद्यको प्रयोग पाइन्छ । उनको लेखमा कतै बक्रोक्तिमय भाषाको प्रयोग पनि भएको छ । प्रस्तुत लेखमा सुन्दर शब्द संयोजनका माध्यमबाट जीवनका मार्मिक अनुभूतिहरू पोखिएका छन् । लेखमा ठाउँ र आवश्यकताअनुसार पूर्णबिराम, अर्धबिराम, उद्गार, योजक र प्रश्न चिह्नको प्रयोग पनि पाइन्छ ।

**सरल वाक्यका उदाहरण :**

मास्टर रत्नदास सात वर्षको उमेरदेखि नाटकमा प्रवेश गरेका व्यक्ति हुन् । (पृ.१)

मैले गीत मेनेजरको हातमा दिएँ । (पृ.३)

**मिश्र वाक्यहरू यस प्रकार रहेका छन् -**

- यति मैले के भनेथेँ उनको अनुहारमै परिवर्तन आयो । (पृ.२१)

- गणेशमानसिंहले तपाईलाई आज बल्ल पो चिनेँ भन्नुभयो । (पृ.२५)

**संयुक्त वाक्यहरूको प्रयोग यस प्रकार छन्-**

रत्नदासलाई गीत पनि खाँचो थिएन र आफ्नै रचना सम्झेर कापीमा भर्न पनि मुस्किल परेन । (पृ.२२)

न कहीँ जान पाउनु , न केही थाहा पाउनु । (पृ.२०)

## ४.३.४ परिवेश

रिमालले आफ्नो मित्रसँगको भेट र अन्त्यसम्मको सम्बन्धलाई संस्मरणको रूपमा लेखेको हुँदा प्रायः यसको परिवेश उपत्काभित्र नै रहेको छ । उनले १९९४ सालदेखिको सम्झनामा लेखेकाले त्यसै समयको राणाकालीन परिवेश पाइन्छ । स्टेज, गाईजात्रा, जनैपूर्णिमाको अवसर, स्कुल, घर, गुरुकहाँ पढ्ने समय, पूर्व इतिहास, आफूले गीत लेखेर दिँदाको स्थिति, बालबालिकालाई पढाएको समय, कलकत्ताको प्रसङ्ग, प्रजातन्त्रको आगमन, सिपाहीको डेरा, २००७ सालको क्रान्तिपछि विराटनगरमा रेडियो हल खुलेको प्रसङ्ग, राजदरबारभित्रको स्थिति, भेलोर र मद्रास अभिनन्दन समारोह, होटल आदिले रिमालको संस्मरणात्मक लेखमा परिवेशको रूप लिएका छन् ।

## ४.४ अप्रकाशित कृतिहरूको सूची

रिमालले विविध विधामा कलम चलाए तापनि सबै कृतिहरू प्रकाशित नभएर अप्रकाशित अवस्थामा पनि रहेका छन् । ती कृतिहरू यस प्रकार छन् :

| क्र.सं. | कृतिको नाम | लेखन वर्ष | विधा |
|---|---|---|---|
| १ | घूसको हत्या | ? | लघु उपन्यास |
| २ | जागिर | ? | लघु उपन्यास |
| ३ | दाजु-बहिनी | ? | लघु उपन्यास |
| ४ | भ्रमण | वि. २००७ | लघु उपन्यास |
| ५ | इतिहास दोहोरियो | वि. २०११ | लघु उपन्यास |
| ६ | चाँदनी हस्पिटल | वि. २०२५ | लघु उपन्यास |
| ७ | पति-वर्ता | ? | लघु उपन्यास |
| ८ | चुनरी | ? | लघु उपन्यास |
| ९ | मेलाकी सुन्दरी | वि. २०४२ | लघु उपन्यास |
| १० | बालसाहित्य भाग १-५ सम्म | ? | वर्णमाला |
| ११ | पत्नी वियोगको शोककाव्य | २०३७ | शोककाव्य |
| १२ | छोरा वियोगको शोककाव्य | वि.२०५८ | शोककाव्य |
| १३ | मेरो कथा | ? | आत्मकथा |
| १४ | फुटकर कविताहरू | ? | कविता |
| १५ | फुटकर गीतहरू | ? | गीत |

### ४.४.१ अप्रकाशित कृतिहरूको चर्चा

### ४.४.१.१ औपन्यासिक कृतिहरूको चर्चा

### ४.४.१.२ *घुसको हत्या* लघु-उपन्यासको चर्चा

**घुसको हत्या** उपन्यास आदि, मध्य र अन्त्यको कार्यकारण शृङ्खलामा आबद्ध छ । पाठकलाई जिज्ञासा एवम् कौतूहल उत्पन्न गराउन सफल उपन्यासमा समाजमा भएका यथार्थ कुरालाई समावेश गरिएको छ । समाजमा हुने दुष्ट प्रवृत्तिका मानिस स्वार्थपूर्तिका लागि जस्तोसुकै कार्य गर्न पनि हिच्किचाउँदैनन् भन्ने कुराको प्रमाणका लागि जबरसेठलाई उभ्याइएको छ । त्यही समाजमा भद्र भलादमी मान्छेहरूको पनि जमात हुन्छ भन्नका लागि सुबेदार पद्मबहादुर, सन्तबहादुर र कृष्णबहादुरलाई उभ्याइएको छ । यस उपन्यासमा घटेका घटनाहरू नैकापनजिकैको एउटा गाउँमा बसेका मानिसहरूको बीचमा भएका बेमेल रहेका छन् । पदमबहादुरको परिवारमा

जम्मा पाँच जनासँग सम्बन्धित सदस्यहरू छन् । उनकी पत्नी जमुना, छोरीहरू जान्हवी र नर्मदा तथा छोरो चन्द्रबहादुर । पदमबहादुर राणाशासनकालमा पल्टनमा सुबेदार थिए र पछि जागिर छोडेर खेतीपाती गरेर बसेका थिए । उनी गाउँमा सबैको भलो चिताउने, सहयोगी भावना भएका व्यक्ति  थिए । जमुना पनि मेहनती हँसिली स्वभावकी थिइन् । छोराछोरीहरू पनि पढ्नमा मेहनती थिए । उनीहरू घरायसी कामकाजमा पनि उत्तिकै सहयोगी थिए । गाउँमा सबैले यस परिवारको प्रशंसा गर्दथे ।

जबरसेठरको परिवारमा बाबुको मृत्यु भइसकेको थियो । एउटी बुढी आमासिवाय उसको कोही पनि थिएन । जबरसेठ १६ वर्ष पुगेपछि गाउँकै केटासँग भागेर कलकत्ता जान्छ । ऊ गएपछि बुढीआमा एक्ली हुन्छिन् । छोरो फर्केर आउने आशामा ६ महिनासम्म आँसुका धारा बगाएर बस्छिन् तर छोराको केही खबर आउँदैन । दमको रोगी बुढी पीरैपीरले मर्छिन् । आफन्त कोही पनि नभएकाले बारी बाँझै रहन्छ । सोधपुछ गर्ने कोही हुँदैन, दश वर्षपछि जबरे घर फर्किन्छ । उसले तीस-चालीस हजार रुपैयाँ कमाएर ल्यायो । दश वर्षमा यतिको रुपैयाँ कमाउन त सकिने थिएन तर काम गरेको ठाउँमा बङ्गालीको सुटकेस बोकेर भागेको रहेछ । उसले घर आउँदा वर्षीको छोरो र बीस बाइसकी तरुनी पनि साथै लिएर आएको थियो । जबरे कलकत्तामा बस्दा चतुरेसँग चिनजान भएको र उसैसँग मित्रता गरेको थियो । चतुरेको डेरामा जान-आउन थालेपछि जबरेको प्रेम उसैकी श्रीमती चम्पासँग भएको र भगाएर लिएर आएको थियो । पछि जबरेबाट सन्तान भएनन्, त्यही झड्केलो छोरालाई उसले आफ्नो छोरो बनाएर राख्यो । त्यसको नाम प्रवेश थियो । जबरेले कलकत्ताबाट फर्केर आएपछि खेतबारी जोड्यो, तीनतले पक्की घर बनायो । गाई, भैंसी, बाख्रा, पाठा, नोकर-चाकर गरेर खुब ठाँटसँग बस्यो । यस्तो सम्पन्न स्थितिमा प्रवेशलाई नपुग्दो केही थिएन । ऊ दुई-चार साथी बटुली रबाफसाथ डुल्थ्यो । खराब आचरण भएको प्रवेश अनेक कुकर्मतिर लाग्न थाल्यो । स्कुलमा जाने भन्ने देखाउन ब्यागसम्म बोकेर हिँड्थ्यो तर स्कुल जाँदैनथ्यो । एक दिन स्कुलबाट पिकनिक मनाउन गोदावरी लगे । अरू केटी सरह जान्हवी पनि कुर्ता-सुरुवालमा शृङ्गार गरेर गएकी थिई । सबैजना गोदावरी पुगेपछि विभिन्न ठाउँहरू हेर्दै खुल्ला चउर छानेर उनीहरू बसे । विभिन्न

किसिमका परिकारहरू बनाएर खाए, रमाइलो गरेर क्यासेट बजाएर नाचे । यस्तै रमझममा भुलेर समय बितेको पत्तो भएन । स्कुलमा बस आइपुग्दा झमक्क साँझ परिसकेको थियो । चार-पाँच जना केटीहरूका साथमा जान्हवी पनि घरतिर लागी । अलि-अलि गर्दै साथीहरू छरिँदै गएपछि जान्हवी एक्ली परी । साँझ परेको बेलामा डराउँदै बल्लतल्ल चौतारीमा पुगी । त्यति बेला साढे आठ बजिसकेको थियो । जाडो महिना भएकाले वरपरका पसल पनि बन्द भइसकेका थिए । बाटोमा हिँड्ने पनि कोही थिएनन् । यस्तो बेलामा रक्सीको बोतल अगाडि राखेर प्रवेश दुई जना साथीहरूसँग मस्त भएर लरखराउँदै गफ हाँकेर बसेको थियो । जान्हवीलाई एक्लै आइरहेको देखेर उसले साथीहरूलाई इशारा गरेर देखायो । कैयौँदेखिको मनको इच्छा आज पूरा हुने भयो भनेर उसले साथीहरूलाई समाएर ल्याउन आग्रह गर्दै नमिल्ने कुरा व्यक्त गर्‍यो । साथीहरू पनि मोज गर्न पाइने आशाले जान्हवीलाई छेक्न अघि सरे । जान्हवीले काम्दै बाटो छोड्न आग्रह गरी  तर ती पापीले उसको पुकार सुनेनन् । जान्हवीले केही समय त तिनीहरूसँग झगडा गरी तर एक्ली भएकीले केही गर्न सकिन । तीन जना मिलेर उसका शरीरका कपडाहरू फुकाल्न थालेपछि डाँडै थर्किने गरी मार्‍यो बाबा भनेर ऊ चिच्याई । उसले द्रौपदीको लाज बचाइदिने भगवान् श्रीकृष्णको ध्यान गर्दै आँखा चिम्म गरी ।

सन्तबहादुरका छोरा कृष्णबहादुर यसै समयमा अफिसबाट घर फर्कदै रहेछन् । मार्‍यो बाबा भन्दै चिच्याएको सुनेर बाघले कसलाई घिसार्‍यो भन्दै उनी विस्तारै चौतारोपछाडि पुगे । एउटी अबलालाई नाङ्गेझार पारी तीन जनाले बलात्कार गर्न तम्सेको देखेर उनले झम्टेर प्रवेशको कठालो समातेर लछारिहाले । अरूसँग पनि कुस्ताकुस्ती पर्‍यो । तीन जनासँगको लछारपछारले उनी थकित भए । उनको अनुहारभरि चोट लाग्यो । यसरी जान्हवीलाई बचाएर उसको घरसम्म पुर्‍याएर उनी आफ्नो घर पुग्दा रात निकै छिप्पिसकेको थियो । बाबु आमा छोरो आइनपुगेकाले खाना नखाई बसिरहेका थिए । छोराको यस्तो हाल देखेर उनीहरू आत्तिए । कृष्णबहादुरले सबै घटना विस्तारमा सुनाए । उता जान्हवीको घरमा पनि छोरीको हाल देखेर सबै चिन्तित भए । जान्हवीले पनि सबै घटना विस्तारमा सुनाई । प्रवेश पनि राती एघार

बजे घर पुग्यो । आमाले आत्तिएर वास्तविकता जान्न चाहिन । बाबु आफ्नो रबाफ देखाउँदै त्यस्तो हालतमा पुऱ्याउनेले यस धर्तीमा हिँड्नुपर्ने रहेनछ भन्छ । प्रवेशले आफ्नो गल्ती छिपाएर कृष्णबहादुरले रक्सी खाएर आफूलाई यस हालतमा पुऱ्यायो भन्छ ।

भोलिपल्ट जबरसेठ कृष्णबहादुरको घरमा बदला लिन दुई अङ्गरक्षकलाई साथमा लिएर जान्छ । त्यहाँ आफ्नो छोराले गरेको गल्ती सुनेर जङ्गिन्छ । सन्तबहादुरले जबरसेठलाई विस्तृत जानकारीका लागि पदमबहादुरको घरतिर लग्यो । जबरसेठले मेरो छोरो प्रवेशका बारेमा तिमीहरूलाई के थाहा छ भन्यो । पदमबहादुरले आफ्नी छोरीमाथि भएको अत्याचार सबै सुनाए र कृष्णहादुरले तिनीहरूबाट छुटाएको कुरा सुनाएपछि जबरसेठ सुकेको रुख जस्तै भयो । जमुनाले पनि प्रवेशका कुकृत्यहरू देखाएर आफ्नो छोरालाई सम्हालेर राख्न भनिन् । यति सुनेपछि ऊ ओइलाएको बिरुवा जस्तो भयो तर आफ्नो रबाफ देखाउँदै त्यहाँबाट हिँड्यो । घरमा आएर चम्पासँग प्रवेशले गरेका सबै घिनलाग्दा कामहरू सुनायो । जबरेले छोरालाई बेस्सरी हप्कायो ।

प्रवेशले आमासँग जान्हवी बराबर राम्री केटी नदेखेको कुरा सुनायो । जान्हवीतिर आफ्नो मन यति लहसिन गयो कि त्यही भएर मैले प्रेमको परिचय दिन मात्र खोजेको थिएँ भन्यो । ऊसँग बोल्न कति प्रयत्न गर्दा पनि प्रवेशले मौका पाएको थिएन । उसले राति एकान्तमा प्रेमका शब्दहरू सुनाउन खोजेको थिएँ तर एक्कासि चिच्याई, त्यसै बेला कृष्णे आइपुग्यो र मेरो यो हाल बनायो भन्यो । प्रवेशले आमासँग त्यो केटी उम्कन नपाओस्, एकपल्ट आफैँ कुरा गर्नुस् भन्यो । चम्पा पनि आफ्नो छोरालाई केटी माग्न पदमबहादुरकहाँ गएकी थिई तर त्यहाँ जबरेको आफ्नो छोरो हो कि होइन भनेर उल्टो सोधपुछ गरिएपछि ऊ फर्केकी थिई । जबरे यस्तो कुरा सुनेपछि गर्जिएर जसरी भए पनि जान्हवीलाई बुहारी बनाइछाड्छु, यो मेरो प्रतिज्ञा भयो भनेर प्रवेशलाई सम्झाउँछ ।

उता जान्हवी सधैँभरि कृष्णबहादुरलाई सम्झिन थाली । एक दिन कृष्णबहादुरलाई भेट्न जान्हवी उसका घरमा गई । जान्हवीलाई देखेर उनले कस्तो छ

सन्चै छौ भने । जान्हवीले मलाई त केही भएको छैन, तपाईंलाई कस्तो छ भनेर सोध्न आएकी भनी । यस्तै कुरामा गायत्रीले छोराले बचाएकी केटी यही रहिछ भनेर चिनिन् । रूप र गुण भएकी यस्ती केटीलाई बुहारी बनाउन पाए हुन्थ्यो भन्ने कल्पना उनी गर्न थालिन् । जान्हवी घर जान भनेर सबैसँग बिदा भई । त्यसै समयमा कृष्णबहादुर पनि अफिस जान लागे । दुवै जनासँगै मायापिरतीका गफ गर्दै हिँड्छन् । यसपछि उनीहरू सधैं भेट्न थाल्छन् । गायत्री र जमुना एकदिन पूजा गर्न मन्दिरमा गएको समयमा गायत्रीले आफ्नो छोरो कृष्ण र जान्हवीको बिहे गर्ने कुरो गर्छिन् । जमुनाले पनि हाँसीहाँसी स्वीकार गर्छिन् । कृष्णबहादुर र जाहन्वीको बिहे हुने पक्का भएपछि जबरसेठले सो कुरा सुन्छ । अनि कृष्णबहादुरलाई कसरी फसाउने भन्ने उपाय सोच्छ । ऊ आफ्नो ज्यान छउन्जेल चिन्ता गर्नुपर्दैन, मसँग बल होइन बुद्धिको खेल छ, म कसरी कृष्णलाई फसाउँछु हेर् भनेर ऊ छोरालाई सम्झाउँछ । कृष्णबहादुर अदालतमा विचारी भएकाले कैयौं मुद्दाका केसहरू आउँछन् । त्यसमा सहजै मिल्ने कुरामा पनि घुस खान खोजेको भन्ने आरोप लगाउन एउटा झगडियासँग जबरेले रत्नपार्कमा कुरा मिलाउँछ । यी सबै कुराहरू कृष्णबहादुरको मामाको छोराले सुनेको हुन्छ । कृष्णबहादुरले जबरेका आफूलाई फसाउने कुकृत्य सुनेपछि प्रहरीमा गएर वृत्तान्त सुनाउँछन् । जबरेले गरेको बुद्धिमानीपूर्ण कार्यबाट झगडिया बुद्धर्षि पक्राउमा पर्छ र अन्त्यमा ऊ पनि प्रहरीको फन्दामा पर्छ । आफ्नो गल्तीलाई सहज रूपमा स्विकारेर जबरे माफी मागी कृष्णबहादुरसँगै घर फर्कन्छ । फागुनको १५ गते जान्हवी र कृष्णबहादुरको बिहे हुन्छ । जबरे पनि बिहेमा उपस्थित हुन्छ । यसरी उपन्यासको अन्त्य भएको छ ।

आफ्नो स्वार्थमा अलिकति धक्का पर्न आयो भने पनि मानिसहरू अनेक जाल-झेलका तगाराहरू तेर्स्याएर अर्कालाई पछारी आफ्नो दुनु सोझ्याउन कटिबद्ध हुन्छन् । अहङ्कारले भरिएका स्वार्थीहरूलाई त मानवताको ज्ञानसम्म पनि हुँदैन । कसैलाई घुसमा फसाएर आफ्नो काम बनाउन चाहने व्यक्ति पनि समाजमा देखिन आउँदो रहेछ । जहाँसम्म सत्यको ढोका उघ्रँदैन, त्यहाँसम्म मान्छे रबाफ नै देखिन्छ, अन्त्यमा

गएर उसले हारेकै हुन्छ यी कुरालाई देखाएर उपन्यासको अन्त्य गरिएको छ । उपन्यासको शीर्षक सार्थक रहेको छ ।

### ४.४.१.३ *भ्रमण* लघु उपन्यासको चर्चा

२००७ सालको क्रान्तिपछि नेपालमा प्रजातन्त्रको स्थापना भएको थियो । सबै जनताहरूमा खुसियाली छाएको थियो । नाराबाजीको प्रचण्ड आवाज सर्वत्र गुन्जिरहेको थियो । विभिन्न पार्टीका मानिसहरू थरीथरीका झन्डा लिएर घुमिरहेका थिए । यस्तो कोलाहलपूर्ण वातावरणमा उपन्यासकार बस्न मन गर्दैनथे । उनी प्रजातन्त्र आएकोमा खुसी त थिए तर होहल्ला मन पराउँदैनथे । 'म' पात्र एकान्तप्रिय भएकाले खलबलबाट दिक्क मानेर पहाडतिरको यात्रामा घरबाट निस्केको बताउँछन् ।

'म' पात्र प्राकृतिक दृश्यहरूको अवलोकन गर्दै पशुपतिनाथको मन्दिरबाट यात्राको थालनी गर्दछन् । बाटामा पर्ने विभिन्न ठाउँहरू र त्यहाँका स्थानीय स्थलहरूको मनोहर वातावरणमा रम्दै अघि बढ्छन् । उनी साँखुबाट उकालो चढेर नाङ्ले-भारे हुँदै बाहुनेपाटी पुग्छन् । उनले इन्द्रावती नदी बगिरहेको देख्छन् । नदीको बारेमा स्थानीय बासिन्दासँग जानकारी लिन्छन् । त्यहाँका रमाइला दृश्यहरू हेर्दै साँझ परिहाल्यो । त्यही पसलमा बास बसेर उनी बिहान अढाई घण्टा उकालो चढेर प्युधर भन्ने गाउँमा पुग्छन् । उनी बाटोमा विभिन्न जातजातिका मानिसहरूसँग भेटघाट गर्ने क्रममा प्युधर गाउँमा तामाङहरूको बस्तीमा पुग्छन् । उनी तामाङको घरमा बास मागेर बस्छन् । त्यहाँ मकै, भटमास, साँधेको मूलाको गुन्द्रुक दही खानको लागि 'म' पात्रलाई दिइन्छ । एक रात त्यहाँको बसाइपछि 'म' पात्र फेरि उकालो लाग्छन् । उनी ऐंसेलुखर्क पुगेर केही क्षण थकाइ मारेर पुनः उकालो लाग्छन् । निकै माथि पुगेपछि नवलपुर भन्ने ठाउँ आइपुग्छ । त्यस ठाउँमा नेवारहरूको पसल थियो । प्राकृतिक रूपले एकदम सुन्दर त्यस ठाउँबाट सगरमाथा पनि देखिन्थ्यो । त्यहाँका मानिसहरू खेतबारीमा काम गर्ने भएकाले आफूलाई चाहिने खाद्य सामग्री आफैँ उत्पादन गर्दथे । सबैतिर हरियालीपूर्ण वातावरण थियो । त्यस ठाउँमा एक जना सरल स्वभावका इन्द्रबहादुर कार्कीको घरमा 'म' पात्र बस्न पुग्छन् । गाउँमा खेती किसान गरेर बसेका त्यहाँका मानिसहरू कोदो अथवा मकैको ढिंडो खाएर जीवन धानिरहेका थिए ।

पाहुनाका लागि भने भातै पकाएर दिन्थे । 'म' पात्रले यहाँको रहनसहन र वातावरणमा पनि घुलमिल हुने अवसर राम्ररी पाए । त्यहाँका गाउँलेहरूले सहरियाहरूप्रति राखेको धारणा पनि सुन्ने अवसर उनलाई मिल्यो । बिहान चाँडै उठेर घरको कामधन्दा सकेर मेलापात जाने त्यहाँको दिनचर्या रहेछ । ढिकी जाँतो गर्नुपर्ने, दिनभरि पनि मेलाको काम हुने रहेछ, । शरीरले आराम गर्ने भनेको रातको समय रहेछ । सहर र यस गाउँमा आकाश-जमिनको फरक भए पनि मानिसहरू हाँसीखुसी नै देखिन्थे । आफ्नै परिश्रमले जीवन धानिरहेका र स्वतन्त्र जीवन बिताइरहेका यिनीहरूलाई देशको स्थितिप्रति कुनै वास्ता थिएन । मुख्यतया शिक्षाको अभावले ज्ञान-बुद्धि थिएन । यस ठाउँमा पढ्नुपर्छ र पढाउनुपर्छ भन्ने भावना कसैमा जागृत भएकै थिएन । पढ्ने उमेरका केटाकेटी घर रुँग्ने, बच्चा हेर्ने र गाई-बाख्रा चराउने काममा लागेका थिए । यस्तो देखेर 'म' पात्रका मनमा यिनीहरूलाई शिक्षा दिनुपर्छ भन्ने भावना जागृत भयो । 'म' पात्रले कार्कीसँग यस विषयमा कुरा गरे । कार्कीले यस विषयमा पहिले पनि कुरा उठाएको तर कसैले चासो नदिएको बताए ।

'म' पात्र भने कार्कीलाई लिएर पीपलको चौतारामा बसेर आउने-जाने मान्छेसँग कुरा गर्न थाल्छन् । तर उनको सल्लाहलाई कसैले पनि योग्य मान्दैनन् । केटाकेटीहरूलाई पढाउन थालेपछि घरको कामकाजमा कसले सहयोग गर्ने र मेलामा कसरी भ्याउने भन्ने गाउँलेहरूको राय रहेको छ । यस्तो कुरा सुनेर 'म' पात्र जिल्ल पर्छन् र अर्को दिन घुम्दै सन्तबहादुरको घरमा पुग्छन् । उनीसँग पनि यही विषयमा छलफल गर्छन् । घर्तीले धेरै वर्ष पहिले पनि गाउँमा यस विषयमा आवाज उठाएको कुरा भन्छ । गाउँका ठूलाबडा मानिने मानिसहरूबाट सोझा-सीधा जनता त्यसै कसरी पिसिन्छन् भन्ने कुरा पनि प्रस्तुत उपन्यासमा देखाइएको छ ।

गाउँका सबैभन्दा धनी मानिने गजेन्द्रबहादुर खड्का भलाद्मी मानिस थिए । सबै कुराले सम्पन्न उनी मिजासिला सहयोगी थिए । उनको मृत्युपछि श्रीमती शोभादेवीले घरव्यवहार सम्हाल्दै रहिन् । छोरो नरेन्द्र ठूलो भएपछि उनले उसैलाई व्यवहार सुम्पिदिइन् । सम्पत्तिले मात्तिएर नरेन्द्र गाउँका मानिसहरूप्रति दुर्व्यवहार गर्न थाल्यो । उसले गाउँकै केटीहरूलाई वासनाको सिकार बनाउन थाल्यो । एक जनासँग

मात्र सम्बन्ध राख्ने व्यक्ति ऊ थिएन । ऊ त भमरो थियो । त्यसैले ऊ कैयौं केटी छानी हिँड्थ्यो । सन्ते भने खान-लाउनको राम्रो व्यवस्था भएको मान्छे थियो । उसले मुखियासँग ऋण लिनुपर्दैनथ्यो । उसको घर नजिकै मन्थरे मगरको घर थियो । ऊ ज्यादै गरिब थियो । उसका एउटी आमा र श्रीमती थिए । मन्थरेले गजेन्द्रसँग दुईसय रुपैयाँ ऋण लिएको तर त्यसको ब्याजसम्म बुझाएको थिएन । मन्थरेलाई घरव्यवहार चलाउन पनि धौ-धौ परिरहेको थियो । उसले भोलिको भविष्य सोचेर बाहिर जाने र धन कमाउने निर्णय गऱ्यो । यसमा सन्तेले पूर्ण रूपमा सहयोग गऱ्यो । मन्थरे बाहिर गएपछि केही खबर पनि आएन । दमको रोगले पीडित आमा पनि परलोक भइन् । अब श्रीमती निम्बा एक्लै भई । निम्बा अति राम्री थिई । एक दिन नरेन्द्रले राति घरमा आएर अनेक प्रलोभन देखाएर निम्बालाई वासनाको सिकार बनाइछाड्यो । पछि दिनानुदिन निम्बा दोजिया भई । उसले नरेन्द्रसमक्ष यो कुरा जाहेर गरी तर उसले स्विकारेन उल्टै गलत्याएर घरबाट निकाल्यो ।

निम्बाले सन्तेसँग सबै कुराको विस्तार गरेपछि भोलिको दिनलाई सोचेर सन्तेले फुपूकामा निम्बालाई राखिदिने विचार गऱ्यो । श्रीमती सिन्धाका साथमा निम्बालाई छोरोसहित मन्डन पुऱ्याइयो । निम्बाका घरका सामान सन्तेका घरमा लगेर राखियो । सन्तेले नरेन्द्र र डम्फेका कुरा सुनिसकेको थियो । डम्फे निम्बालाई लिन आएको समयमा घरमा आगो लगाइदिए । डम्फे पक्राउमा पऱ्यो । निम्बा र छोराको ज्यान खोज्न लगाइयो । डम्फेले यो सबै मालिकले गर्न लगाएको हो भनेर कुरा खेल्यो । केही समयपछि मन्थरे फर्कियो तर आफ्नो घर पनि नभएको र त्यहाँ कोही पनि भएको नदेखेपछि सन्तेकामा गयो । सबै कुरा सन्तेले मन्थरेलाई सुनायो । निम्बाले पनि बाटोमा भेटेर एउटा बच्चालाई छोरो बनाएर राखेकी छ भन्यो । उनीहरू बिहानै मन्डनतिर गए । त्यहाँ फुपूकामा एक दिन बसेर रमाइला कुराकानीपछि फर्कन्छन् र गाउँको अत्याचारपूर्ण नीतिलाई टुङ्गो लगाई छाड्छन् । गाउँका जनताका सामु आफ्नो कमजोरीले लत्रेर नरेन्द्र निहुरिरहन्छ । अन्त्यमा उसले गल्ती स्वीकार गर्छ । मन्थरे कमाएर ल्याएको पैसाले घरखेत किनेर आनन्दसाथ बस्छ । निम्बालाई नरेन्द्रले गरेको दुर्व्यवहार कसैले पनि खोल्दैनन् । निम्बा र मन्थरे राम्रोसँग सम्बन्ध स्थापित गरेर

बसिरहेका छन् । त्यस समयको सन्ते म नै हुँ भनेर घर्तीले भन्छन् । 'म' पात्र पनि खानपिन गरेर एक रात त्यहीँ बसी फर्किन्छन् । उपन्यास यहीँ आएर अन्त्य भएको छ । उपन्यासको शीर्षक सार्थक रहेको छ ।

उपन्यासकारले काठमाडौँ फर्किसकेपछि गाउँको स्थितिलाई सम्झेर उपन्यास लेखेका हुन् । प्रस्तुत उपन्यासले आजका समयमा हुर्केका केटाकेटीहरूलाई पहिलेको समय कस्तो रहेछ भन्ने कुरा पनि देखाउँछ ।

## ४.४.१.४ *जागिर* लघु उपन्यासको चर्चा

धरमथलीको प्राकृतिक रमणीय स्थलमा पण्डित कमलकान्तको घर छ । उनको परिवारमा पत्नी सूर्यकुमारी, छोराहरू विमलकान्त र निर्मलकुमार छन् । कमलकान्त गाउँमा जजमानको काम गर्छन् । सूर्यकुमारी घरायसी कामकाजमा व्यस्त हुन्छिन् । विमलकान्त सेक्सन अफिसर भइसकेका छन् । निर्मलकान्त शास्त्री पढ्दै छन् । गाउँमा राम्रै बन्दोबस्त भएका कमलकान्तलाई छोरा विमलकान्तको बिहेको प्रस्ताव आउँछ । उनले छोरालाई सोधेर निणर्य गर्ने विचार गर्छन् ।

नरदेवीमा विमलकान्तको साथीको घर छ । त्यस घरमा जम्मा चार जना परिवार छन्-बुबा पूर्णचन्द्र, आमा सौदामिनी, छोरा महेशचन्द्र र छोरी शर्मिला । पूर्णचन्द्रले शर्मिलाको जन्मोत्सवमा धेरैलाई निम्ता पठाएका थिए । उनका नजिकका साथी काठमाडौँ घर भएका जयराम, उनकी श्रीमती प्रभावती, छोरो शिवराम र छोरी चन्दालाई पनि उनले आमन्त्रित गरेका थिए । महेशचन्द्रले साथी विमलकान्तलाई बोलाएका थिए । शर्मिलाको जन्मोत्सव हर्षोल्लासपूर्ण वातावरणमा भयो । जयरामले यस समारोहमा उपस्थित भएका विमलकान्तको रूप र गतिविधि नियालिरहे । जयरामले महेशचन्द्रलाई बोलाएर विमलकान्तका बारेमा सोधपुछ गरे । महेशचन्द्रले विमलकान्तका बारेमा एक-एक गरेर घर, बाबु, आमा, पढाइ, नोकरी सबै सुनाइदिए । साथै आफ्नो घनिष्ठ मित्रका रूपमा परिचय दिए । जयरामले इसारा गरेर श्रीमतीलाई पनि देखाए । प्रभावतीले छोरी चन्दालाई पनि देखाइन् । चन्दाले पनि विमलकान्तको रूप मन पराइन् । यसपछि जयरामले पूर्णचन्द्रसँग चन्दा र विमलकान्तको बिहेको कुरा

चलाए । विस्तारै चन्दा र विमलकान्तको भेटघाट कुराकानी हुन्छ । विमलकान्तले पनि चन्दालाई मन पराउँछन् । दुवैले मन पराएपछि बिहे गर्ने निर्णयमा पुग्छन् । विमलकान्त घरसल्लाह गरेर बिहेको टुङ्गो दिने कुरा गरेर घर फर्कन्छन् । घरमा विमलकान्तको बिहेका लागि कुरो आएको हुन्छ, तर आफूले केटी हेरिसको कुरा विमलकान्तले भन्छन् । सहरकी केटी गाउँमा बस्न सक्दैनन् भन्ने बुबा आमाको कुरा हुन्छ तर अन्त्यमा चन्दासँग बिहे गर्ने सबैको निर्णय हुन्छ । असारको पच्चीस गतेलाई बिहेको साइत निकालिन्छ । सम्पूर्ण सामानहरू किनमेल गरेर बिहेका लागि तयारी गरिन्छ । असारको महिना भएकाले गाउँबाट जन्ती जान अप्ठयारो हुन्छ भनेर पूर्णचन्द्रका घरबाट जन्ती निकालिन्छ । त्यहीँबाट बिहेको कार्यक्रम सुसम्पन्न गराइन्छ । पाँच दिनसम्म त्यहीँ बसेर छैटौँ दिनमा दुलही लिएर विमलकान्त धरमथली जान्छन् । सुरुमा चन्दालाई धरमथली राम्रै लाग्छ तर विस्तारै त्यो ठाउँ मन पर्दैन । सासूले घाँस दाउरा गरेको तथा ससुरा पोको बोकेर हिँडेको देखेर चन्दा चिन्तित हुन्छिन् । धान पनि ढिकीमा कुटेर चामल तुल्याएको देख्ता नराम्रो मानेर दुःखी भई उनी झोक्राएर बस्न थालिन् ।

गाउँका मानिसहरूले चन्दाको कुरा काट्न थाले । सासू-ससुरा पनि टेढिन थाले । चन्दालाई त्यस घरमा बस्नै मन लागेन । उनले विमलकान्तसँग सहरमा घर किन्ने र बस्ने कुरा गरिन् । विमलकान्तले पनि चन्दाको कुरा ठीकै माने तर गाउँलेले भोलि के भन्लान् भर्खर बिहे भएकी स्वास्नी चेपेर हिँड्यो भन्छन् भन्ने उनले सोचे । बुबा, आमा र भाइसँग कसरी यो कुरा गर्ने विमलकान्तलाई अप्ठ्यारो पऱ्यो । घर किन्नलाई पैसा पनि छैन भनी विमलकान्तले भन्दा चन्दा गरगहना राखेर थपथाप पारेर किन्ने भन्छिन् । माइतमा गएर चन्दाले भनेपछि एकलाख पचास हजार जयरामले हाल्दिने भए । जयरामले त्रिपुरेश्वरमा तीन लाख पर्ने घर हेरिदिन्छन् । पैसा जोडजाम गरेर घर किन्छन् । जागिरे छोरो घर छोडेर स्वास्नी लिएर बाहिर बस्ने कुराले कमलकान्त र सूर्यकुमारीलाई चिन्ता पर्छ  तर विमलकान्तले छुट्टिएर जाने होइन, आफू बारम्बार घर आइरहने आश्वासन दिन्छन् । काठमाडौमा बस्न थालेपछि उनी नोकर राख्न खोज्छन् तर भेटिँदैन । केही समयपछि आमा छोरा दुवै जनालाई राख्नुपर्ने

खालको कामदार भेटिन्छन् । आमा रम्भा र छोरो चटपटेले घरायसी कामकाज सबै गर्दछन् । विमलकान्त र चन्दा आनन्दका साथ बस्छन् । एक जनाको मात्र जागिरबाट घरव्यवहार चलाउन अप्ठ्यारो परेको देखी चन्दा जागिर खाने कुरा गर्छिन् । यसमा विमलकान्त सहमत हुँदैनन् । यस्ती परमसुन्दरी श्रीमतीमाथि कसैले आँखा लगायो भने बर्बाद हुन्छ भन्ने सोचेर श्रीमतीलाई जागिर खान दिन उनी हिच्किचाउँछन् । चन्दा कहिले काहीँ शान्ताको घर नजिक हुनाले त्यहाँ जाने गर्थिन् । नत्र उनको धेरै हिंड्ने बानी थिएन । एक दिन उनी रत्नासँग सिनेमा हेर्न गएकी थिइन् । विमलकान्तलाई नभनी गएकाले त्यस दिन उनका लोग्नेस्वास्नी दुवैको झगडा पर्छ । चन्दा माइत जान्छिन् । विमलकान्त घरमा एक्लो भएर झोक्राएर बस्छन् । नजिकै परमानन्दको घर थियो । उनी विमलकान्तका साथी थिए । उनी वकिल भएकाले सम्बन्धविच्छेद गर्नका लागि गर्नुपर्ने उपाय सोध्छन्  तर परमानन्दले विमलकान्तलाई सम्झाई बुझाई गरेर चन्दालाई ल्याउने बन्दोवस्त मिलाउँछन् । शान्तिले गएर चन्दालाई लिएर आउँछिन् । विमलकान्त पनि गलत सोचाइबाट त्यस्तो हुन गयो भनी चन्दासँग माफी माग्छन् । अन्त्यमा चन्दाले घरेलुमा दुई हजार तलबको जागिर पाउँछिन् । दुवै जना राम्रोसँग बस्छन् । यसरी उपन्यासको अन्त्य भएको छ । उपन्यासको शीर्षक पनि सार्थक रहेको छ ।

## ४.४.१.५ ***इतिहास दोहोरियो* लघु उपन्यासको चर्चा**

प्रस्तुत उपन्यासका प्रमुख पात्रहरू रश्मी र दिनेशचन्द्र रहेका छन् । रश्मी त्रिचन्द्र कलेजमा विज्ञान विषयमा प्रथम वर्षमा प्ढछे । उसको घर गोदावरी हो । ऊ घरबाट कलेज आउन टाढा भएकाले हैकन्तलामा मामाघरमा बस्छे । ऊ अत्यन्त राम्री र मिलनसार थिई । ऊसँग क्याम्पसका सबै केटाकेटीहरू उत्तिकै मिल्थे । रश्मी पनि सबैसँग समान रूपमा मिल्थी । दिनेशचन्द्र कलेजमा विज्ञान विषयमा द्वितीय वर्षमा पढ्छ । ऊ प्रथम श्रेणीमा उत्तीर्ण भएको थियो । उसको घर पुल्चोकमा थियो । दिनेशचन्द्र एक हप्ताको बिदा लिएर ककनी मामाको छोराको बिहेमा गएको थियो तर बिरामी परेर दुई महिनासम्म कलेज आउन सकेन । अलि बिसेक भएपछि साइकल

चढेर ऊ कलेजतिर  गयो । कलेजको ढोकैनिर आइपुग्दा ट्याम्पोसँग ठक्कर खाएर दिनेशचन्द्र हुत्तिएर केटीको गोडामा ढल्न पुग्यो । दिनेशचन्द्र मूर्छा पऱ्यो, केटी पनि बेस्सरी चिच्याई । बाटो हिँडने मानिसहरूको पनि भीड लाग्यो । दिनेशचन्द्रलाई पानी छ्यापेपछि केही क्षणमा होस आयो । उसलाई सबैले बोकेर कलेजमा लगे, दूध ल्याएर ख्वाए । रश्मीले चिकेनसुप ल्याएर दिई । यो देखेर दिनेशचन्द्र अचम्ममा पऱ्यो । कहिले पनि नदेखेकी यी परमसुन्दरी को हुन् ? म लडेको कसरी थाहा पाइन् ? विना परिचय यो सम्मान आदर कसरी हुन आयो ? यी तर्कना गर्दै उसले रश्मीतिर हेरिरह्यो ।

रश्मीले यो मानवताको धर्म हो, सबैले गर्नुपर्छ भन्दै सम्झाई । यस घटनाले क्याम्पसमा पढाइ भएन । सबै जना घरतिर लागे । दिनेशचन्द्र राति पलङमा पल्टेपछि रश्मीको रूप, उसले माया गरेर पिउन दिएको चिकेनसुप, उसले गरेका मानवताका कुराहरू सम्झेर यति प्रभावित भयो कि धेरै बेरसम्म ऊ निदाउन सकेन । निदाएपछि पनि सपनामा रश्मीसँग बगैंचामा सँगै घुमेको उसले देख्न पुग्यो । बिहान रश्मीसँग कहिले भेट गरुँ भन्ने हतारले ऊ पन्ध्र मिनेट अगाडि नै कलेज पुगेर रश्मीको बाटो हेर्न थाल्यो । रश्मीलाई पनि रातमा निद्रा पर्न गाह्रो पऱ्यो । दिनेशचन्द्र जस्तो राम्रो मान्छे उसले देखेकै थिइन । ऊतिर रश्मीको मन लहसिन पुग्यो । रश्मीले पनि सपनामा दिनेशचन्द्रसँग गुह्येश्वरी घुम्न गएको देखी । रश्मीलाई पनि दिनेशचन्द्रलाई कति बेला भेटौं भन्ने भइरहेको थियो । मनमा अनेकन् कल्पना बुन्दै ऊ कलेजमा पुग्छे । दुवैको कुराकानी हुन्छ । रश्मीले दिनेशचन्द्रलाई पढाइ दिन आग्रह गर्छे । दिनेशचन्द्र पनि स्वीकार गर्छ । कलेजको पढाइ सकिएपछि दुवै जना रश्मीको मामाघरमा जान्छन् । रश्मीले आफ्नो कोठामा पढ्ने व्यवस्था मिलाएपछि उनीहरू त्यहाँ बस्छन् । त्यहाँ दुवै जना पढ्ने र पढाउने नाटक मात्र रच्छन् र प्रेमक्रीडा गर्छन् ।

दिनेशचन्द्र घरमा ढिलो जान थालेपछि आमा चन्द्रकुमारीले सोध्छिन् । आमा एक्ली भएकीले छोराको बिहे गर्न भन्छिन् । दिनेशचन्द्रले आफूले केटी हेरिसकेको बताउँछ । आमाले केटी कसकी छोरी हो भनेर सोध्छिन् । उसले आमालाई केटीका बारेमा सबै बताउँछ । रश्मी क्षेत्रीकी छोरी थिई । दिनेशचन्द्र ब्राह्मण थियो । आमा चन्द्रकुमारी झसङ्ग भएर छोरालाई ब्राह्मण भएर क्षेत्रीकी छोरी बिहे नगर्न भन्छिन्  र

त्यस कुराले आफूलाई ठूलो चोट पुऱ्याएको छ भन्छिन् । चन्द्रकुमारीले छोरा दिनेशचन्द्रलाई घरको पूर्व इतिहास सुनाइन् । उसका हजुरबुबा पढेलेखेका थिए । उनको नाम रमेशचन्द्र थियो । हजुरआमा दुर्गादेवी त्यत्ति पढेकी थिइनन् । रमेशचन्द्र तीस वर्षको हुँदा दुर्गादेवी नौ वर्षकी थिइन् । यसै समयमा उनीहरूको बिहे भएको थियो । उनीहरूबाट उमेशचन्द्र र बिन्ध्या दुई सन्तान भएका थिए । उमेशचन्द्र पढेलेखेका थिए र बहिनीलाई पनि सँगै राखेर अङ्ग्रेजी पढाउने गर्दथे । उमेशचन्द्रको २२ वर्षको उमेरमा बिहे भयो । बहिनी १५ बर्षकी थिई तर उसको बिहे भएको थिएन । सानै उमेरमा बिहे गर्ने चलन भएकाले बाबुआमा चिन्तामा परेका थिए । छोरा उमेशचन्द्रसँग बिहेका बारेमा उनीहरूले सल्लाह गर्न थाले । उमेशचन्द्रले कुल घरान इज्जतदार भनेर हुँदैन, केटो इलमी चाहिन्छ भन्दै बहिनीका लागि केटो आफूले विचार गर्नृ कुरा बाबुआमा यो कुरा सुनेर खुसी भए । उमेशचन्द्रले आफ्नो साथी मधुव्रतलाई बहिनी दिने सोच बनाएका थिए । केटाका बारेमा सबै कुरा बाबुआमालाई बताए । केटो क्षत्री भएकाले त्यसमा बाबुआमाले स्वीकार गरेनन् । त्यस विषयलाई लिएर घरमा झगडा भयो । बाबुआमा र छोराको बोलचाल नै बन्द भयो । उमेशचन्द्रले बहिनीलाई डा. मधुव्रतका बारेमा सबै कुरा सुनाए । दाजुको कुरामा ऊ सहमत भई । गुह्येश्वरीमा लगेर उनीहरूको सिन्दूरपोते गराएर स्वयंवर सिध्याई बहिनीलाई लिएर घर आए । त्यसै दिन रमेशचन्द्रले बिन्ध्याको बिहे बद्रीनाथ पोखरेलसँग गरिदिने निर्णय गरेर आएका थिए तर बिन्ध्या स्वयंवर भएको राति नै डा. मधुव्रतको क्लिनिकमा सुहागरात मनाउन गइसकेकी थिई । यो कुरा घरमा कसैलाई थाहा हुँदैन । सबैतिर खोज्दा बिन्ध्या पत्ता लाग्दिन र पुलिसचौकीमा रिपोट दिइन्छ । यो कुरा थाहा पाएर डा. मधुव्रत र बिन्ध्या कलकत्तातिर भाग्छन् । रमेशचन्द्रले बहिनी भगाएको आरोपमा उमेशचन्द्रलाई पक्रन लगाउँछन् । राति एक बजेतिर पिसाब गर्न जाने निहुँले बाहिर निस्केको बेलामा उनी भाग्छन् । उनी पनि भागेर कलकत्ता गई बस्छन् । त्यहाँ बहिनीज्वाइसँग उनी बारम्बार भेटघाट गरिरहन्थे । डाक्टरले सबैलाई रिझाएको हुनाले ऊ सबैलाई नै चाहिने भयो । उनको कसुर माफ भयो । दुई महिनापछि डाक्टर र बिन्ध्या नेपाल फर्के । उमेशचन्द्र भने कानुनविरुद्धका कुरा गरेकाले नेपाल फर्कने

स्थितिमा थिएनन् । उनी बराबर चिठी पठाइरहन्थे तर पछि त्यो पनि रोकियो । दुई वर्षपछि उनी करेन्ट लागेर बितेको खबर आयो । त्यस समयमा ऊ दुई वर्ष दुई माहिनाको मात्र भएको र ठूलो दुःखले हुर्काउन, पढाउन परेको कुरा पनि उनले सुनाइन् । उनले आज प्रजातन्त्र आएको छ, त्यो दिन आज उसको हुँदो हो त बाबुले विदेशिनु पर्ने थिएन र मधुब्रत र बिन्ध्या घरबाट नै राजीखुसी भएर बिदा हुन्थे भन्ने कुरा पनि व्यक्त गरिन् । त्यस्तो नराम्रो चोट परेको बाइस वर्ष पुगेको र अधिका ती कुरा सम्झेर आङ्ग जिरिङ्ग हुने कुरा राख्तै इतिहास दोहऱ्याउने काम नगर्न भनी छोरालाई उनी सम्झाउँछिन् ।

दिनेशचन्द्रले त्यसको बदला आफूले लिने कुरा आमासँग राख्यो र कसरी आफ्नो परिवारको बरबादी भयो? त्यही नै समाजको अगाडि राखिदिने दृढता देखायो । बुबालाई जुन कुराले त्यस अवस्थामा पुऱ्यायो त्यो आफूले बुझेको र बुबाको आकाङ्क्षा साक्षात्कार गरेर देखाइदिनेछु भनेर रश्मीसँग गुह्येश्वरीमा सिन्दूरपोते गरेर घर भित्र्याई उनले जातिवादको भिन्नतालाई एकजुट बनाए । रश्मीका परिवारले पनि हाँसीखुसी उनले दिनेशचन्द्र र रश्मीसहित चन्द्रकुमारीलाई बोलाएर क्षमताअनुसार स्वागतसत्कार गरेर बिदाइ गरे । डा. मधुव्रत र बिन्ध्याले पनि दिनेशचन्द्र र रश्मीको सम्बन्धमाथि हर्ष प्रकट गरी उपहार दिए । यसरी उपन्यासको अन्त भएको छ ।

प्रस्तुत उपन्यास सात सालअघिको राणाशासन कालमा चलिआएको कानुन र त्यस बेलाको निर्दयी समाजलाई अङ्कित गरेर लेखिएको छ । यो उपन्यास अहिलेका समाजलाई त्यस बेलाको तस्बिर प्रत्यक्ष गराउन सफल देखिन्छ ।

## ४.४.१.६ *दाजु– बहिनी* लघु उपन्यासको चर्चा

दोलखाको एउटा गाउँमा विमल र मन्जरी दाजु-बहिनी थिए । उनीहरू सानै हुँदा बुबाको परलोक भइसकेको थियो । घरमा आमा पार्वतीसहित तीन जनाको परिवार थियो । उनीहरूलाई खान पुग्ने खेतबारी थियो । विमलका बुबाले गगनदास साहूसँग दुई सय रुपैयाँ कर्जा लिएका रहेछन् । साहूले दुई सयमा शून्य थपेर दुई हजार बनाएछ । विमल र मन्जरी सानै उमेरका थिए, आमा पढेकी थिइनन् । साहूले त्यही

नक्कली कागज देखाएर दुई खण्ड खेतबारी हडप्यो । त्यसपछि उनीहरूलाई खान पुग्ने अन्न भएन । आर्थिक स्थिति झन्झन् नाजुक बन्दै गयो । विमल सोह्र वर्ष पुगेको थियो । उसलाई घरको यस्तो अवस्था देखेर चिन्ता परिरहेको थियो । विमलले गाउँकै साहिँला दाइसँग कलकत्ता जाने विचार गरेर आमालाई सो कुरा सुनायो । आमाले छोरो सानै भएकाले त्यस कुरालाई मानिनन् । विमलले सम्झाइ-बुझाइ गरेपछि साहिँलासँग जाने पछि जाने स्वीकृति दिइनन् । विमल र मञ्जरीको पनि असाध्यै प्रेम थियो । विमलले बहिनीसँग पनि सल्लाह माग्यो । विमलले बहिनीलाई धेरै आश्वासन देखाएपछि ऊबाट पनि स्वीकृति पायो ।

खेत निखन्ने बहिनीलाई नयाँ लुगा फेराउने, जग्गा जोड्ने अनेकौं आशा बोकेर विमल भोलिपल्ट साहिँलासँग कलकत्तातिर हिड्न लाग्यो । बहिनीले हिँड्ने बेलामा गरेको सत्कार देखेर विमलको हृदयबाट अमृत वर्सन थाल्यो । आमाले अनेकन् उपदेश दिन थालिन् । चिताएको कुरा सफल होस् भनेर आशीर्वाद दिइन् । बिदा भएर विमल र साहिँला गए । कलकत्ता पुगेपछि साहिँलाले कति खोजी गर्दा पनि विमलले राम्रो नोकरी पाउन सकेन । बल्लतल्ल एउटा मारवाडी सेठंको घरमा दुई सय रुपैयाँ महिनाको पाइने नोकरी भेट्टायो । त्यो पैसा विमललाई खानलाउनमा नै ठिक्क हुन्थ्यो । घरतिर चिठीपत्र आवतजावत भई नै रहन्थ्यो । भाइ-टीकालाई आउनु है दाजु भनेर बहिनीले चिठी लेखेकी थिई । विमलसँग पैसा पनि थिएन, घरको स्थिति सम्झदा पैसा नलिई जाने कुरा पनि थिएन । मालिकसँग कैयौं चोटि बिदा माग्न जाँदा उसले जवाफ पाएन । अन्त्यमा पैसा नदिई घरबाट ऊ निकालिदियो । विमल साहिँलाले दाइकामा गयो र सबै कुरा सुनायो । साहिँला विमलको मालिककहाँ गएर अनेकौं जुक्ति लगाएर पैसा मागिदिन थाले । साहिँलाले भनेबमोजिम विमल मालिकको घरमा गयो र पैसा टिकट माग्न लाग्यो । मालिकले आफ्नो ज्यान जाने डरले मीठो बोलीले विमललाई चार सय रुपैयाँ हातमा हालिदियो । प्लेनको टिकट पनि दिने भयो । साहिँला र विमल भएर सामान किने, त्यसपछि विमल भाइ टीकाका लागि घरतिर हिँड्यो । आमाबहिनी अनेकौं कल्पना बुन्दै विमलको बाटो कुरिरहेका थिए । विमल टीकाको अघिल्लो दिन घर पुग्यो । दाजु-बहिनीले हर्षोल्लासका साथ भाइटीका मनाए ।

धन कमाउन परदेश जान खोज्ने युवकहरूलाई विमलले आफ्नै गाउँमा केही गर्न सकिने सल्लाह दिन्छन् । आफूले परदेशमा गएर भोग्नुपरेका दुःखपीडा सुनाउँछन् । आफ्नै गाउँघरका डाँडालाई सम्याएर बोटबिरुवा लगाउने, बाख्रापाठा पाल्ने, माछापालन गर्ने, कुलो बनाउने हो भने विदेश जानुपर्दैन भनेर विमलले सल्लाह दिन्छन् । भोलिपल्टदेखि गाउँका युवकहरू मिलेर यस कार्यमा लाग्छन् । यो देखेर गाउँको साहू भन्ने गगनदासलाई चित्त बुझ्दैन । ऊ विमलको विरोधमा लाग्छ । उसले गाउँका सर्वसाधारण जनतालाई ठगेर ढुङ्ग्रीमुन्द्री बन्धकी राख्थ्यो तिर्न नसकेमा जफत पार्थ्यो । साहूलाई अब त्यो नपाइने भयो भनेर रिस उठ्न थाल्यो । गगनदासले बिरुवा रोपिरहेका समयमा आफ्ना नोकरलाई पठाएर युवकहरूमाथि पर्ने गरी ढुङ्गा झार्न लगायो । उनीहरूमध्ये केही घाइते भएर अस्पताल पुऱ्याउन पऱ्यो । यो कुरा बुझ्न साहिँलाले एउटा केटालाई पैसा दिएर गगनदासका घरमा नोकर बस्न पठाए । उसबाट त्यो कार्य गगनदासले गरेको भन्ने थाहा पाइयो । गगनदासलाई आफूसँग कोही पनि ऋण माग्न नआएकाले चिन्ता परिरहेको थियो ।

साहिँलाले नक्कली नोटले विमलको खेत पनि उकासिदिए । पछि साहिँलाले. एउटा युवकसँग सल्लाह गरेर गगनदासलाई फसाउने जुक्ति सुनाए । त्यही अनुरूप प्रहरीसहित युवक गगनदासकामा गएर पैसा साट्न आग्रह गरे । नक्कली पैसाको आरोपमा गगनदास पक्राउमा पऱ्यो । साहिँलाले नक्कली पैसा दिएको भनेर गगनदासले भनेपछि साहिँलालाई पनि समातियो । साहिँलाले आफूबाट यस्तो काम नभएको बताएपछि केही समयका लागि यिनीहरूका बारेमा बुझ्न गाउँघरमा प्रहरी खटाइयो । साहिँला गाउँका सहयोगी हुन् भन्ने सबैबाट सुनेपछि गगनदासकै कमजोरी र दोष देखा पऱ्यो । विमलले सुरु गरेको कार्य सबैको सहयोगमा सफल भयो । उनीहरूले अन्त्यमा दाजु-बहिनी नाटक देखाएर अबिर -जात्रा गरे । गाउँका बूढाबूढीले पनि आफ्ना छोराछोरीले देखाएको **'डाँडाफर्क'** मा **'स्वर्ग उदाउँछ'** शब्द जोडेर सोही नारा लगाए । यत्तिकैमा उपन्यासको अन्त्य भएको छ ।

प्रस्तुत उपन्यासले आफ्नो घरमाथिको सुन फलाउने पाखो हुँदाहुँदै विदेशीको गोडा मोल्न जानु आफ्नै भाग्यलाई सराप्नु हो भन्ने सन्देश दिएको छ । काम नगरी

कहीँ पनि खान मिल्दैन त्यसैले गाउँका  जालीफटाहालाई ठीक पारे स्वदेश नै स्वर्ग बन्छ भन्ने कुराको उदाहरण **दाजु-बहिनी** उपन्यास बनेको छ ।

## ४.४.१.७ ***मेलाकी सुन्दरी*** **लघु–उपन्यासको चर्चा**

हिन्दूहरूको महान् पर्व 'हरिबोधनी' एकादशीमा सबै मानिसहरू व्रत र निराहार ध्यान-जप गरेर बस्छन् । उनीहरू भोलिपल्ट द्वादशीको दिन भगवान्को जन्मदिवस मनाएर पूजाआजा गर्छन् । द्वादशीको दिनमा बूढानीलकण्ठमा मानिसहरूको घुइँचो हुन्छ । यसै दिन विजयकुमार पनि भगवान्को दर्शन गर्न बूढानीलकण्ठतिर जान्छन् । त्यहाँ वरैदेखि मानिसहरूको ठूलो भीड थियो । त्यसै भीडमा एकजना महात्मा किसिमका जोगी पनि रुमाल बिछ्याएर भगवान्को नाम लिँदै थिए । तिनको पछाडि एउटी अति राम्री १५-१६ वर्षकी केटी निदाउँरो मुख लाएर आए गएका मानिसहरूलाई हेरेर टोलाइरहेकी थिई । त्यस केटीलाई देखेर विजयको मनमा उथल-पुथल मच्चियो । यति ठूलो उत्सवमा सबै खुसी छन् तर यस्ती परमसुन्दरी केटी किन अँध्यारो मुख लगाएर बसेकी छ भन्ने जिज्ञासा भएपछि विजयले उसका बारे सोध्छन् । जोगीले यसको कथा लामो छ भनेपछि विजयलाई झन् आश्चर्य लाग्छ । विजय केटीका विषयमा जान्न उत्सुक हुन्छन् । जोगी र केटीसँग पछि लागेर केटीका घरमा जान्छन् । विजयले आफ्ना उपर करुणाको भाव देखाएकाले केटीको मुखमण्डलमा अँध्यारोपन हराएर सन्तोषको झलक देखिन थाल्छ । त्यस केटीको नाम मञ्जरी थियो । उसका बाबु अम्बरबहादुर पल्टनमा सुबेदार थिए । घरायसी स्थिति पनि राम्रो थियो । एक दिन चिनजानको मान्छेसँग बाह्रमासे खेल्न अम्बरबहादुर गएछन् । सुरुमा केही पैसा जितेछन् तर पछि आफ्नो सबै सम्पत्ति सिध्याएर बाह्र हजार ऋणमा परेछन् । ऋण दिनेले घरबारी लेखिदिन भनेपछि मात्र अम्बरबहादुरका आँखा खुलेछन् । उनी भोलिपल्ट सबेरै एउटा चिठ्ठी सिरानमुनि हालेर पैसा कमाउन विदेशतिर लागेछन् ।

अम्बरबहादुर हिंडेपछि घरमा खानकै अप्ठ्यारो स्थिति देखा पर्‍यो । यस्तो स्थिति आइपरे पनि परिवारका सदस्यहरूले भगवान्को नाम जप्न छाडेनन् । आमा कलावती अति राम्री थिइन् । बूढानीलकण्ठको दर्शन गरेर फर्कंदा बाटामा माइती गाउँको

प्रेमबहादुर भन्ने जवानसँग उसको भेट हुन्छ । कलावतीले आफ्ना दुःखका सबै कुरा सुनाएर उसलाई घरमा पनि लिएर आउँछिन् । घरमा आएपछि खानका लागि सबै चीज प्रेमबहादुरले ल्याइदिन्छ । चार पाँच दिन रमाइलैसँग बित्छ । छैटौं दिन बिहानै कलावती प्रेमबहादुरसँग हिँडिछ । मञ्जरी पीरले एक्लो भएर रुन कराउन थालिछ । जोगी सुबेदारसँग अघि पनि राम्रो चिनजान भएकाले बिदा मागेर हरिद्वार जान आएका रहेछन् । तर त्यस घरको स्थिति देखेर जान नसकी मञ्जरीको सहारा बनेर बसेका थिए । मञ्जरी एक्ली भएको थाहा पाएर गाउँका ठिटाहरू हातपात गर्न आउन थाले । बूढाबूढीसमेत अनेकन् प्रलोभन देखाएर फकाउन आउन थाले । तर मञ्जरीले सबैका कुरालाई सुनेर थुक्दै दुत्कार्दै पठाइदिई । यस्तो स्थितिमा जोगीले सुबेदारसँग आफ्नो घनिष्ठ सम्बन्ध भएको सोचेर मञ्जरीलाई छोरी बनाएर संरक्षक भई बसे । यति सुनेपछि विजयले  बाबालाई मञ्जरीका लागि दुःख गर्नुपर्दैन भनेर एकसय रुपैयाँ हातमा राखेर भोलि आउँछु भनी त्यहाँबाट हिँडे ।

विजयको घरमा चार जनाको परिवार थियो । बुबा कृष्णकुमार, आमा पद्मावती, बहिनी चन्द्ररेखा र विजय । विजय एम.एस्सी. मा पढ्दै थिए । चन्द्ररेखा आई.एस्सी.मा पढ्दै थिइन् । कृष्णकुमार पाटन मङ्गलबजारमा थोकमालको बिक्री गर्थे । पुरानो संस्कृतिलाई जोगाएर  उनले आधुनिक व्यवहार चलाएका थिए । सम्पन्न भएकाले केही कुराको पनि अभाव उनलाई थिएन । चन्द्ररेखाले पनि कलेजमा एउटा युवकलाई मन पराएकी थिइन्, तर दाजुको बिहे नगरी यो कुरा सम्भव हुँदैन भन्ने उनले सोचिरहेकी थिइन् ।

कृष्णकुमारको साथी रमेशचन्द्र एकदिन सिनेमा हेर्न गएका थिए । त्यहाँ दुवैको भेट भएको थियो । रमेशचन्द्रले श्रीमती प्रभावती र छोरी मालतीलाई पनि सँगै लगेका थिए । छोरा हेमचन्द्र भने गएका थिएनन् । यस्तैमा रमेशचन्द्रले मालती विजयलाई दिने सोच बनाएर परैबाट त्यो केटी कस्तो लाग्यो भनेर कृष्णकुमारलाई सोध्छन् । कृष्णकुमार त्यस्ती सुन्दरी केटीलाई देखेर हेरिरहन्छन् । छोराको बिहे गर्ने विचार भएमा छोरी र विजयको विवाह गरिदिने  कुरा झिक्तै उनले आफ्नी छोरीको मालती परिचय गराउँछन् । यति राम्रो परिवारमा सम्बन्ध जोड्न पाए अरू के चाहियो र ? पक्कै

विजयले पनि मन पराउँछ भनी कृष्णकुमारले रमेशचन्द्रको कुरालाई खुसीसाथ स्वीकार गरे । एक दिन मालतीको जन्मोत्सवमा कृष्णकुमारका सबै परिवारलाई उनले बोलाए । उनले आफ्ना चिनजानका इष्टमित्र सबै बोलाए । मालतीलाई देखेर पद्मावती र चन्द्ररेखा एकदम खुसी भए । विजय भने मञ्जरीको विषयमा नै सोचिरहेका थिए । पछि कुरा गर्दै जाँदा विजय र हेमचन्द्रको पनि चिनजान भइसकेको तर बोलीचाली त्यति नभएको रहेछ । चन्द्ररेखाले हेमचन्द्रलाई त्यहाँ देख्दा छक्क परी । यस्तो परिवारमा भित्रिन पाए त सुखसुविधा पाइने कुरा उसले सोच्न थाली । हेमचन्द्र पनि यति राम्रो परिवारकी केटीसँग सम्बन्ध राख्न पाइने भयो भन्ने सोच्न थाले । बहिनीको बिहेपछि सो कुरा राख्ने सोच बनाउँदै हेमचन्द्र आएका मानिसहरूको स्वागत-सत्कारमा लागे ।

मालतीको जन्मोत्सवको अवसरमा नै रमेशचन्द्रले प्राणभन्दा प्यारी छोरी मालती आफूले विजयलाई सुम्पने घोषणा गरे । सबै तिरबाट तालीको वर्षा भयो । सबैजना खुसी थिए, तर विजय यस कुरामा सहमत थिएनन् । अस्वीकार गर्न पनि तत्काल सकेनन् । खानपिन गरेर सबै जना बिदा हुन लागे । चन्द्ररेखालाई मालतीले भोलिपल्टका लागि आउन निमन्त्रणा गरी पद्मावतीले दाजु बहिनी आउँछन् भनिदिइन् । मालतीले दाजु हेमचन्द्रलाई लिन पठाउने भनिन् । यति भएर त्यहाँबाट उनी बिदा भए । भोलिपल्ट हेमचन्द्र चन्द्ररेखालाई लिन गए । बाटामा अनेकौं प्रेमका कुराहरू गर्दै दुवै हाँसीठट्टामा पुगे । लिन आउँदाजाँदा हेमचन्द्र र चन्द्ररेखाको प्रेम गाढा भइसकेको थियो । विजयलाई भने कतिपल्ट बोलाउँदा पनि मालतीसँग भेट्न गएका थिएनन् । यस्तो अचम्म मानेर रमेशचन्द्रले हेमचन्द्रलाई यो कुरा बुझ्न लगाए । उता विजय भने मञ्जरीको प्रेममा बाँधिइसकेका थिए । मञ्जरीले पनि सपनामा विजयसँग बिहे भएको देखेर खुसी हुँदै विजयलाई सो कुरा सुनाई । दुवै जना प्रेमको गाँठामा बाँधिएर कहिल्यै नछुट्टिने भएका थिए । जोगीले यिनीहरूको कुरा बुझिसकेका थिए । यस्तो असल मान्छेसँग मञ्जरी जिम्मा लगाउन पाए आफू पनि हरिद्वार जाने कुरा उनी सोच्न थाले । त्यस दिन मञ्जरीलाई विजयले एक हजार रुपैयाँ हातमा हालिदिए । यसरी दिनप्रतिदिन उनीहरू एक भइरहेका थिए । कलावतीलाई प्रेमबहादुरले अलपत्र

अवस्थामा विराटनगरमा लगेर छाडिदियो । होटलमा पैसा पनि नतिरी प्रेमबहादुर भागेपछि आफू फस्ने डरले कलावती चार बजे बिहानै भाग्न सुटकेस बोकेर ओर्लँदा लड्न पुग्छे । त्यस होटलमा हेमचन्द्र पनि व्यापारको सिलसिलामा गएकाले बसेका हुन्छन् । कलावतीलाई उठाएर हेमचन्द्रले अस्पताल लैजान्छन् । कलावतीको खुट्टा फ्याक्चर भएकाले केही समय त्यहीँ बस्नुपर्ने हुन्छ । हेमचन्द्रले कलावतीलाई सोधेपछि आफ्नो घर बूढानीलकण्ठ भएको र त्यस जालीले अम्बरबहादुरसँग भेट गराइदिन्छु भनी ल्याएर अलपत्र पारेको भन्दै आफ्नो गल्ती छिपाएर  कुरा गरी । बस्ने सबै प्रबन्ध मिलाएर हेमचन्द्र काठमाडौँ फर्कन्छन् । एकदिन बूढानीलकण्ठको दर्शन गर्न गएका बेलामा हेमचन्द्र कलावतीको घर खोज्दै पुग्छन् । त्यसबेला अम्बरबहादुर पनि धन कमाएर आएका हुन्छन् । घरको अवस्था देखेर उनी विरक्त मानी बसिरहेका हुन्छन् । हेमचन्द्रले कलावतीका विषयमा भनेपछि उत्सुक भएर सबै जना सुन्छन् । यति भएर हेमचन्द्र फर्कंदा बाटोमा भीड देख्छन् । के-को भीड रहेछ, भनेर हेर्दा विजयलाई दुईचार जना केटा मिलेर कुटिरहेका हुन्छन् । उनले त्यहाँबाट विजयलाई उम्काएर अम्बरबहादुरको घरमा ल्याउँछन् । दुवै जना यस परिवारसँग कसरी चिनजान भएको भनी अचम्ममा पर्छन् । जोगीले विजयले गरेको सहयोग सबै सुनाएपछि मालतीसँग किन हेलमेल नगरेको सबै कारण हेमचन्द्रले थाहा पाउँछन् । अर्को कोठामा गएर एक-आपसका कुरा सुनाउँछन् । हेमचन्द्रले सहर्ष रूपमा स्वीकार गर्छन् ।

हेमचन्द्रले यो सम्बन्ध नहुने भएपछि आफूले चन्द्ररेखालाई मन पराएको कुरा सुनाउँछन् । यसमा विजयले सहमति देखाउँछन् । बेलुका यी सबै कुरा हेमचन्द्रले आफ्नो परिवारमा भन्छन् । केही क्षण त सबै जना जङ्गिन्छन् तर पछि हेमचन्द्रले सम्झाएपछि सहजरूपमा आउँछन् । मालतीको बिहे अमरजङ्ग बस्नेतसँग गर्ने कुरा हुन्छ । उता विजयको घरमा यो कुरा थाहा पाएर फोन गरिन्छ । कृष्णकुमार अचम्ममा पर्छन्, छोरासँग रिसाउँछन् । मालतीजस्ती केटी छाडेर मञ्जरीसँग बिहे गर्ने भनी उनी जङ्गिन्छन् तर पछि सबैले यस कुरालाई स्विकार्छन् । रमेशचन्द्र पनि हेमचन्द्रका लागि चन्द्ररेखा माग्न कृष्णकुमारको घरमा आउँछन् । यस कुरामा सबैको सहमति हुन्छ । दुवै परिवार खुसी हुन्छन् ।

विजय र मञ्जरीको विवाह धुमधामसँग हुन्छ । मञ्जरीलाई देखेर विजयका घरपरिवार एकदमै खुसी हुन्छन् । गाउँघरका मानिसले मञ्जरीको बिहे यसरी होला भन्ने कल्पनासम्म गरेका थिएनन् । यो बिहे हेरेर सबै जना छक्क परे । बेहुली भित्र्याएपछि आरतीसाँवली गर्ने समयमा चन्द्ररेखा मात्र थिइन् । विजयले मालतीलाई उनी पनि आफ्नी बहिनी हुन् भनेपछि दुवैले आरतीसाँवली गरे । मुख हेर्ने कार्यक्रम पनि सकियो । मङ्सिरको १५ गते मालती र अमरजङ्गको पनि धुमधामसँग विवाह भयो । कृष्णकुमारका सबै परिवार गएका थिए । विजयले पनि मालतीको गोडा धोए । अन्माउने बेलामा पनि मालतीलाई विजयले नै बोके । यसरी खुसियालीका साथ विवाह सम्पन्न भयो ।

मङ्सिरको २५ गते हेमचन्द्र र चन्द्ररेखाको पनि धुमधामसँग विवाह सम्पन्न भयो । यसरी प्रस्तुत उपन्यास सुखान्तमा गएर समाप्त भएको छ ।

## ४.४.१.८ *पति–वर्ता* लघु–उपन्यासको चर्चा

प्रस्तुत उपन्यासमा सहर र गाउँ दुवैको वर्णन गरिएको पाइन्छ । काठमाडौ सहरका विभिन्न स्थानहरूको वर्णन उपन्यासमा पाइन्छ । गाउँमा हुर्किएका साधारण युवतीहरू सहरमा ऐसआराम गर्न पाइन्छ भन्ने प्रलोभनले भागेर सहरतिर गएको कुरा पनि यसमा देखाइएको छ । प्रस्तुत उपन्यासमा दुष्चरित्र पात्रका रूपमा उजेली आएकी छ । ऊ बाह्र वर्षको उमेरमा गाउँको ठिटासँग भागेर काठमाडौँ आएकी थिई । त्यसपछि सहरका ठिटाहरूको रवाफ र पैसा देखेर त्यस ठिटोलाई छोडी उसले कहिले एउटासँग, कहिले अर्कासँग हिँड्दै आफ्नो गुजारा गरेकी थिई । पछि उसले अरू केटीहरूलाई पनि फकाएर यस्तो प्रवृत्तितिर लगाएकी थिई । यहाँ त्यस उजेली र उसले गरेका दुष्परिणामको चर्चा गरिएको छ । खराब मानिसको सङ्गतबाट पवित्र केटीको पनि चरित्र भष्म हुने र केटाहरूको धन लुटिने कुराको प्रसङ्ग सुलोचना खराब चरित्रमा लागेर धनेश्वरलाई फसाउनुबाट स्पष्ट हुन्छ ।

उजेलीले सुलोचनालाई बाटामा भेट्टाएर लगेपछि बेश्यावृत्तितर्फ लगाउँछे । उसले पति भनेको केही पनि होइन, एउटासँग बिहा गरेर जिन्दगी खेर फाल्नु हुँदैन,

ऐस र आराम गर्नुपर्छ भन्ने कुरा सुलोचनालाई सिकाउँछे । पहिले यस्तो कार्यप्रति असजिलो प्रकट गर्ने सुलोचना पछि यस्तो कार्यमा पारङ्गत हुन्छे र कैयौँ युवाहरूलाई आफ्नो वशमा पार्छे । यसै क्रममा ऊ धनेश्वरसँग आफ्नो समय बिताउन थाल्छे । धनेश्वर पनि उसको रूपमा मोहित हुन्छ र प्रेममा फस्छ । तर केही समयपछिदेखि धनेश्वरको सुलोचनासँग भेटघाट हुँदैन । उसले सबैतिर खोज्दा पनि सुलोचनालाई पाउन सक्दैन तर अचानक केही समयको अन्तरालपछि सुलोचना गर्भवती भई र खर्च गर्ने पैसा नभएको भन्दै अधबैंसे आमा बनेर आएकी थिई । धनेश्वरले पनि केही पैसा दिएर पछि बिहे गर्न आउने आश्वासन दिन्छ । उता घरमा गएर बाबुले छोराको बिहे गर्न केटी खोजिरहेका हुन्छन् । धनेश्वर अचम्ममा पर्छ । लामो समयसम्म खोज्दा सुलोचना कतै नहुनु र फेरि अचानक आइपुग्नुको रहस्य पत्ता लगाउन उसले सपेरालाई केही पैसा दिएर काम लगाउँछ । सपेराले सबै कुरा पत्ता लगाएपछि सपेरा अधबैंसे बसेका ठाउँमा पुग्छ र आफ्नो गोपनीयता भङ्ग गरेर त्यतिखेरसम्म कमाएका पैंसा फिर्ता माग्छ सापले लखेटेपछि उसले सबै चेक दिन्छे । धनेश्वरले सुलोचनालाई उमेर हुँदै एउटा राम्रो केटासँग घरजम गरेर बस्ने सल्लाह दिन्छ । त्यसै दिनको एउटा फोन आएपछि त्यहाँ जाने र त्यसपछि यस्तो काममा नलाग्ने भन्ने चेतना उसमा आउँछ । फोन आएपछि ऊ आफ्नो ग्राहककहाँ जान्छे तर उसले त्यहाँ अरू बेलाको भन्दा भिन्न मान्छेलाई पाउँछे । उसले सुलोचना त्यस्तो काममा लाग्नाको कारण जान्न चाहेपछि उसले घरमा भएको घटनादेखि सबै वृत्तान्त सुनाउँछे र काठमाडौँ आएपछि उजेलीको फन्दामा परेर काल-गर्ल भएको कुरा बताउँछे । सुलोचनाको त्यति कुरा सुनिसकेपछि उक्त मानिस वा चन्द्रकान्तले आफूसँग बिहे गर्ने प्रस्ताव राख्छ र सोध्छ तर सुलोचनाले आफू बिहे गर्न लायककी नभएर चरित्रभ्रष्ट भएको भन्छे । चन्द्रकान्तले सुलोचनालाई सम्झाएर आफ्नो पनि कोही नभएको, श्रीमती पनि दुर्घटनामा परेर मरेको र श्रीमतीसँग सुलोचनाको रूप मिल्ने भएर नै भेट्न चाहेको कुरा बताउँछ । अन्त्यमा दुवै जनाको सहमतिमा बिहे हुन्छ । बिहेपश्चात् उनीहरूको जीवन आनन्दका साथ बित्न थाल्छ । उता धनेश्वरको पनि बिहे हुने निधो हुन्छ । चन्द्रकान्त धनेश्वरको मीत भएकाले विवाहमा चन्द्रकान्तलाई बोलाउन उनी आउँछन् । त्यहाँ सुलोचनालाई

देखेर आश्चर्य मान्दै उनीहरूको भेट र सम्बन्धका बारेमा बुझ्छन् । त्यस सम्बन्धप्रति खुसी हुँदै दुवै पति-पत्नीलाई नै निम्तो दिन्छन् । धनेश्वरको विवाहमा दुवै पति-पत्नी जान्छन् । उनीहरूको प्रेम पनि असाध्यै राम्रो थियो । सुलोचना पतिलाई भगवान्सरह मान्छे । पहिला पति भनेको केही पनि होइन भन्ने मानसिकता भएकी सुलोचना अहिले पतिव्रता स्त्री भएर रहेकी देखाउनु नै प्रस्तुत उपयान्सको मुख्य पक्ष हो ।

## ४.४.१.९ *चाँदनी-हस्पिटल* लघु उपन्यासको चर्चा

प्रस्तुत उपन्यासमा प्रेमसम्बन्धी घटनाहरूलाई देखाइएको छ । जनकपुरको जानकी मन्दिरको पूर्वपट्टि एउटा सानो फुसको घरमा जन्म भएको हेमन्तबहादुर फटाहा भएर निस्कन्छ । पछि उसका आमाबुबा दुवै बितेपछि ऊ एक्लो हुन्छ । बाबुले लिएको ऋण तिर्न नसकेपछि जमिन्दारले जमिन जफत गर्ने कुरा सुनेर ऊ रातारात गरेर गाउकै किसानलाई घर-जमिन र सबै सामान बेचेर बिराटनगरतिर लाग्छ । त्यहाँ उसले सेठको घरमा जसरीतसरी दश महिना नोकरी गर्छ । त्यसपछि उसको भिनाजु पर्ने मान्छेले चिसापानी गडीमा आफ्नै अफिसमा माल-सामान चेक गर्ने काम उसलाई दिन्छन् । त्यहाँ उसले दुई वर्ष नोकरी गरेपछि भिनाजुको सरुवा हुन्छ र ऊ पनि विराटनगर फर्कन्छ । उसले त्यति समयमा दस-बाह्र हजार रुपैयाँ कमाएको थियो । त्यस पैसाले उसले जमिन किन्यो, घर बनायो, हाँस, कुखुरा, बाखा रपाठाहरू प्रशस्तै पाल्यो । आम्दानी बढ्दै गएपछि पाँच वर्षसम्ममा हेमन्तले थुप्रै जमिन जोड्यो । ऊ एघार सय बिगाहा जमिनमा जमिन्दार भएर बस्न पुग्यो । ऊ गाउँमा सबैभन्दा ठूलो मान्छे गनिन थाल्यो । गरिबहरूले पनि जग्गा-जमिन पाएकाले उसको प्रशंसा गर्न थाले ।

हेमन्तको जमिनभन्दा पूर्वपट्टि चन्द्रिकाको घर थियो । उसकी एउटी उर्वशी जस्ती राम्री छोरी थिई । उसको नाम चाँदनी थियो । धन-सम्पत्ति खासै नभए पनि आफ्नो जीवन-चर्यामा उसका परिवार सुखी नै देखिन्थे । चन्द्रिका एकदमै असल र भलाद्मी थिइन् । कसैको नराम्रो चिताउदैनथिन् । चाँदनी गाउँकै स्कुलमा नौ कक्षासम्म पढेकी थिई । उसको पढ्दा-खेल्दाको साथी त्यही गाउँको चन्द्रकुमार भन्ने

थियो । ऊ पनि धेरै सम्पन्न परिवारको थिएन । उसलाई खानलाउन र व्यवहार धान्न चाहिँ पुग्ने नै थियो । पढ्नमा ज्यादै मेहनती हुनाले ऊ कक्षाभरिका सबैलाई जितेर प्रथम हुन्थ्यो । ऊ चाँदनीभन्दा दुई वर्ष जेठो थियो । चाँदनी बीच-बीचमा फेल हुदै गएकाले सोह्र वर्ष पुग्दा पनि नौ कक्षादेखि अगाडि बढ्न सकिन । चन्द्रकुमार चाहिँ एस.एल.सी.गरेर डाक्टर पढ्न जान लागेको थियो । प्रथम हुँदै गएकाले उसलाई सरकारले पढ्ने खर्च पनि दिने भयो । उसले पढ्न जानलाई घरपरिवारबाट पनि स्वीकृति पाइसकेको थियो । चन्द्रकुमार चाँदनीलाई अति नै माया गर्थ्यो । उनीहरू दिनमा एकपटक भेटघाट गर्थे । ऊ चाँदनीलाई भेट्न आउँदा केही न केही खानेकुरा लिएर आउँथ्यो । एक-अर्काका मनमा प्रेमको अङ्कुर टुसाइसके पनि मुखले भन्न चाहिँ सकेका थिएनन् । जब चन्द्रकुमारको डाक्टरी पढ्न जाने समय भयो । त्यस बेला ऊ चाँदनीसँग बिदा हुन गयो । दुवै जनाले चउरमा बसेर धेरै बेर कुराकानी गरे । दुवैका बीचमा मायाप्रेमका कुराहरू हुन थाले । एक-आपसका सुख-दुःख साटासाट गर्ने क्रममा चाँदनीले चन्द्रकुमारबाहेक आफ्नो कोही नभएकाले अब कसरी दिनहरू बिताउने भनेर दुःख प्रकट गर्न थाली । चन्द्रकुमार केही समयको अन्तरालपछि सुखी जीवन बिताउन पाइने आश्वासन दिन्छन् । चिठ्ठी बराबर लेखिरहनका लागि उनी आग्रह गर्छन् । दुबैले बाँकी जीवन संगै काट्ने प्रतिज्ञा गर्छन् । चन्द्रकुमारले धेरै सम्झाएपछि चाँदनीले आफ्ना दुवै हात उसका शिरमा राखेर मङ्गल कामना गर्दै गालामा चुम्बन गरेर बिदा दिन्छे ।

त्यही गाउँमा एउटा पागल पनि थियो । ऊ घरव्यवहारबाट दिक्क भएर हिँडेको थियो । ऊ मानसिक रूपले साँच्चै पागल थिएन, ज्ञान, बुद्धि, विवेक भएको तर यस संसारका विकृति विसङ्गतिबाट बिरक्तिएर हिँडेको थियो । उसले दिल्लीमा बसेर एम.ए. पास गरेको थियो । चन्द्रकुमार र चाँदनी उसलाई श्रद्धाले प्रणाम गर्थे । उनीहरू उसलाई बराबर मिठाई पनि लगेर दिन्थे । ऊ यी जोडीलाई भने मायाकै दृष्टिले हेर्दथ्यो । पैंतीस वर्षको उमेरमा पनि ऊ ब्रह्माचर्य नै थियो ।

हेमन्त पचपन्न वर्ष पुगिसकेको थियो । उसले जग्गा- जमिन जोडेर घर बनाएदेखि पाँच जना केटीहरूसँग बिहे गरिसकेको थियो तर कोही पनि ऊसँग बस्न

सकेनन् । सम्पत्ति धेरै भए पनि उसको रूप र शारीरिक बनोट घिन लाग्दो थियो । उसले चाँदनीतिर आँखा गाडिरहेको थियो । हेमन्तले आफूले चाहे जस्ती केटी खोजिदिएमा पाँच-पाँच सय रुपैंयाँ बकस दिने कुरा रामु र कालुलाई सुनायो । उनीहरू पनि पैसा पाउने आशाले चन्द्रिकाको घरमा गएर अनेकन् प्रलोभन देखाएर चाँदनीलाई हेमन्तका लागि माग्न थाले चन्द्रिकाले तिनीहरूलाई हप्काएर पठाइदिइन् ।

गाउँमा औषधी-उपचार गर्ने डाक्टर आत्माराम थिए । उनकी पत्नी लक्ष्मी र एक छोरी माधवी थिई । हेमन्त बराबर डाक्टरलाई जँचाइरहन्थ्यो । त्यसैले यी दुईको सम्बन्ध राम्रै थियो । हेमन्तले डाक्टरसँग चन्द्रिकाले आफूमाथि गरेको दुर्व्यवहार सुनायो । अनि हेमन्तले चाँदनीलाई आफ्नो घरमा भित्र्याउने जाल रचेर चन्द्रिकालाई घरमा आगो लगाएर माऱ्यो । चाँदनीलाई उसले घरमा लगेर छोरीको नाता जोड्यो । उसको नाम फेरेर रश्मी राख्यो । यो कुरा कसैलाई पनि थाहा भएन । उता चन्द्रकुमारले चाँदनीलाई पठाएको पत्रको प्रत्युत्तर पनि पाउन छाड्यो । उसका चिठ्ठीहरू बराबर फिर्ता जान थाले । ऊ एकदमै चिन्तामा पऱ्यो तर पनि पढाइलाई ध्यान दिएर पढाइ पूरा गरेर घर फर्क्यो । चाँदनीका बारेमा उसले सबैसँग बुझ्यो, कसैले पत्ता लगाउन सकेन । ऊ एकदमै चिन्तामा पऱ्यो । तर पनि उसले गाउँमा सेवा गर्नका लागि अस्पताल खोल्ने निर्णय गऱ्यो । चन्द्रिकाको घर भएको ठाउँमा अस्पताल खोल्न सबै सहमत भए । आफ्नो भागको जग्गा-जमिन बेचेर गाउँकै साथी प्रकाशको सहयोगमा उसले अस्पताल खोल्यो । अस्पतालको नाम चाँदनी-्हस्पिटल राखियो । गाउँमा उनको ठूलो कदर हुन थाल्यो । सबै बिरामीहरू उपचार पाएर निको भए ।

आत्माराम बिरामी परेकाले चन्द्रकुमारलाई उपचारका लागि बोलाइयो । उनले औषधी दिएपछि ज्वरो पनि कम भयो र गाउट पनि केही निको भयो । आत्माराम आफूले आपराधिक कार्यमा संलग्न भएकाले यस्तो फल भोग्नुपरेको भनेर मनमनै पछुतो गर्दै थिए । गाउँमा आफूभन्दा ठूलो डाक्टर भएर आएको र आफ्नो आम्दानी घट्न लागेको सम्झेर आत्माराम झन् बढी चिन्तित थिए । तर उनको सोचाई विपरीत

चन्द्रकुमारलाई पाएपछि उनी छक्क परे । डाक्टरको भद्र र असल व्यवहारमा माधवीलगायत बाबुआमा मोहित बनेर माधवीको विवाह डाक्टरसँग गर्ने कुरा राखे । माधवी र चन्द्रकुमारको बिहे हुने पक्का भयो । प्रकाशले भने विद्यार्थी-जीवनदेखि नै माधवीप्रति एकोहोरो प्रेम गरिरहेको थियो तर माधवी भने दाजुभाइकै नाताले हेर्ने गर्थी । अन्त्यमा चाँदनी हेमन्तका घरमा बिरामी परेकी छ भन्ने थाहा पाएपछि प्रकाशलाई माधवीको सिउँदो भर्ने आदेश दिएर उनी चाँदनीलाई भेट्न जान्छन् । माधवीको परिवारले पनि प्रकाशलाई स्विकार्छन् । चन्द्रकुमार र चाँदनीको पनि मिलन हुन्छ । अन्तमा दुबैको प्रेम सफल बन्छ र खुसीसाथ बस्न थाल्छन् । यसरी उपन्यासको अन्त्य भएको छ ।

प्रस्तुत उपन्यासमा आत्मीय र सच्चा प्रेम सधैँ सफल बन्छ भन्ने कुरालाई चन्द्रकुमार र चाँदनी अनि प्रकाश र माधवीको मिलन गराएर स्पष्ट बनाइएको छ ।

## ४.४.१.१० *चुनरी* लघु उपन्यासको चर्चा

प्रस्तुत उपन्यासका प्रमुख पात्रहरू सिन्दुरी, अम्बरे र चुनरी रहेका छन् । सिन्दुरी कालिञ्चोकको निम्न मध्यम परिवारमा जन्मेकी नारी हो । ऊ अत्यन्त राम्री थिई ।त्यसैले सबै जना उसप्रति आकर्षित हुन्थे । सिन्दुरी राम्री र हँसिली भएकाले सबै गाउँलेहरूले उनलाई मन पराउँथे । ऊ पढेलेखेकी थिइन तर पनि नेपाली किताब पढ्न भने जान्दथी । गाउँले भाकामा गीत गाउन ऊ एकदमै सिपालु थिई । टुक्का जोडेर गाउने हुनाले दोहोरी गीतमा उसलाई कसैले पनि जित्न सक्दैनथ्यो । उसको प्रतिज्ञा पनि आफूलाई जसले दोहोरीमा जित्न सक्छ उसैसँग विवाह गर्ने थियो । उसलाई पाउने आशाले दोहोरी खेल्न आउनेहरूमध्ये कसैले पनि उसलाई जित्न नसकेर हार मानेर फर्कन्थे ।

पलाञ्चोक भगवतीको दक्षिणपट्टि अम्बरबहादुरको घर थियो । उसकी एउटी बूढी आमा थिइन् । दिदीको बिहे भइसकेको थियो । बाबु भने थिएनन् । अम्बरे दुःख-सास्तीको खेती गरेर जीवन बिताउन चाहँदैनथ्यो । ऊ पढेलेखेको नभए तापनि उसको रूप देखेर केटीहरू मख्ख पर्थे । ऊ गीत गाउनमा एकदमै सिपालु थियो । उसको मीठो

स्वरमा सबै मन्त्रमुग्ध हुन्थे । एक दिन साथीहरूको कुरा सुनेर अम्बरे सिन्दुरीसँग दोहोरी खेल्न कालिञ्चोकतिर गयो । मेलामा सिन्दुरीको दोहोरी चलिरहेकै थियो । उसले ठिटाहरूलाई आँ गर्न नसक्ने बनाइदिई, उनीहरू हार मानेर बसे । त्यसपछि अम्बरे र सिन्दुरीको दोहोरी लगभग एक घण्टा चल्यो । अन्त्यमा अम्बरेले सिन्दुरीलाई हराइछाड्यो । त्यसको दुई दिनपछि अम्बरे र सिन्दुरीको बिहे भयो ।

बिहे भएको एक वर्षपछि सिन्दुरीले छोरी जन्माई, उसको नाम चुनरी राखियो । आमा हजारमा रोजिन्थी भने चुनरीचाँहि लाखौंमा रोजिने थिई । बाह्र वर्षको उमेरमा आमाका गुणहरू परिपूर्ण थिए । नृत्यकलामा एकदमै सिपालु थिई । गीत गाउन जतातत्तैबाट निमन्त्रणा आउँथ्यो । सिन्दुरीभन्दा चौबर राम्रो कला चुनरी जान्दथी । गाउँका सबै ठिटाहरूको आँखा उसमाथि थियो । त्यस गाउँमा ठूलो व्यापार गरेर बसेको योगमान साहू थियो । उसका दुईवटा सन्तान थिए । छोरी भानुमतीको बिहे भइसकेको थियो । छोरो मणिमानको भनेजस्ती केटी नपाएर बिहे हुन सकेको थिएन । एकदिन गाउँका मुखियाको निमन्त्रणामा चुनरी एक्लै गएकी थिई । त्यहाँ गीत गाउँदागाउँदै समय बितिसकेको थियो तर पनि चुनरी घरतिर हिंडी । कोही साथी नलिई एक्लै आइरहेकी थिई तर बीच बाटोमा पुग्दा झमक्कै भयो । मणिमान त्यही बाटो आउँदै थियो । अचानक चुनरीलाई त्यहाँ पाएपछि ऊ खुसी भयो । ऊ चुनरीलाई सधैं चाहिरहन्थ्यो । त्यसैले एकान्त ठाउँमा एक्लै भेटेपछि समात्न पुग्यो । चुनरीले आफ्नो मुखमा आएसम्म भनी तर उसले चुनरीको इज्जत लुटेरै छाड्यो । अन्तमा उसका दुई साथीलाई पनि उसले चुनरीको इज्जत लुट्न लगायो । यसै बेला बाटोपट्टि एक जना मान्छे बाघले बोका लग्यो भनेर चिच्याउँदै आएको सुनेपछि तिनीहरू भागे । चुनरीले घरमा गएर बाबुसँग सबै कुरा सुनाई । अम्बरे अत्याचार सहन नसकेर मणिमानको घरमा गयो । मणिमानले आफूबाट गल्ती गरेको कुरा स्विकार्दै चुनरीलाई आफ्नी बनाउने कुरा पनि स्विकाऱ्यो । यति सुनेपछि छोरीलाई सुख पनि हुने भन्ने सम्झेर अम्बरे घरतिर लाग्यो । यस कुरालाई घरका कसैले पनि स्विकारेनन् ।

चुनरीलाई जहाँ भेटे पनि मणिमानले जिस्क्याउन छाडेन । अम्बरेलाई बाटो ढुकेर पनि उसले पिट्यो । यसरी मणिमानको अत्याचार बढेपछि चुनरी केही समयका

लागि काठमाडौंतिर हिँडी । काठमाडौंको सुन्धारामा मितिनी बस्ने ठाउँमा चुनरी पुगी । गाउँघरका गफ गर्दै आफ्नो उद्देश्य पनि चुनरी बताउँदै गई । यत्तिकैमा मितिनीको लोग्ने अफिसबाट आइपुग्छ । ऊ चुनरीलाई देखेर त्यसै टोलाइरहन्छ । मितिनी र चुनरी गफ गर्दै एउटै कोठामा सुते । रामेश्वर भने चुनरीको रूप सम्झेर निदाउन सकेन । ऊ साढे एघार बजेतिर उनीहरू सुतेको कोठामा गएर वृन्दालाई लिएर आउँछ र त्यसपछि चुनरीलाई फकाइदिन आग्रह गर्न थाल्छ । यसै कुरामा वृन्दासंग झगडा पर्छ र रामेश्वरले वृन्दालाई एक लात हानेर हत्याइदिन्छ । यी सबै कुरा सुनेर चुनरी त्यहाँबाट हिंडी सकेकी थिई । रामेश्वरले चुनरीलाई कतै नदेखेपछि आफ्नै कोठामा फर्कन्छ । पछि भने यस कुराले रामेश्वरलाई पछुतो हुन्छ र गल्ती गरेकोमा वृन्दाका गोडैमा परेर माफी माग्छ ।

मध्य रातमा चुनरी एउटा युवकको सहाराले उसकै साथी कमलकिशोरका घरमा बास बस्न पुगी । चुनरीलाई देखेर युवक मोहित भइसकेको थियो । कमलकिशोर पनि चुनरीलाई देखेर छक्क पर्‍यो । उसले यति राम्री केटी काठमाडौंभरि देखेकै थिएन । चुनरीलाई आराम गर्न दिएर दुवै साथी अर्को कोठामा गए । युवकले चुनरी आफूलाई एकदमै मन परेको र श्रीमती बनाउने सोच गरेको कुरा कमलकिशोरलाई सुनाउँछ । कमलकिशोरले चुनरीको पनि विचार बुझ्नुपर्ने सल्लाह दिन्छ । यति भएपछि चुनरीसँग कुरा गर्न चुनरी भएको कोठामा ऊ प्रवेश गर्छ । ऊ मस्त निद्रामा परिरहेकी थिई, युवकले चुम्बन गरेपछि झल्यास्स भएर बिउँझी । उसले उठेर युवकलाई हप्काई तर युवक हाँसेर नै कुरा गर्न थाल्यो । अनि अब यसले नछोड्ने भयो भन्ने सोचेर चुनरीले उससँग विवाह गर्न राजी भएको नाटक गरेर आमाबुबा भएको ठाउँमा जाने कुरा गरी । बाटेमा बूढा-पाका मान्छेहरूको नजिक पुगेपछि ऊ 'बचाओ' भनेर चिच्याई । उसको आवाज सुनेर मानिसहरू भेला भए अनि त्यो युवक भाग्यो ।

यसरी बचेर चुनरी एउटा होटलमा गई । त्यहाँ एउटा कार्यक्रमका लागि मनेजरसँग सल्लाह गरी । त्यहाँ पुग्दा पनि चुनरीको रूपमा युवकहरू मोहित हुन थाले । ऊ कहीँ पनि युवकहरूको नजरबाट बच्न सकिन । उसको सौन्दर्य-कलाभन्दा रूपमा नै मानिसहरू पछि लागेको पाएर ऊ कालगर्ल जस्तै बनेर सहरमा हिँड्न

थाली । चुनरीले कुनै पनि मानिसहरूलाई होटलमा एउटा समय दिन्थी तर त्यस समयमा होटलमा नगएर अन्यत्रै गएर बस्थी । यसरी आफ्नो रूपमा आकर्षित हुने युवकलाई चुनरीले चेतावनी दिइरहेकी थिई । यसै गरी हिँड्दै जाँदा ऊ पाटन मङ्गलबजारका निर्मलकुमारसँग बहिनीको साथीको नाता जोडेर भाइको जन्मदिनको नक्कली निमन्त्रणा दिँदै साडी हात पार्छे । तर निर्मलकुमारसँग त्यत्तिका समय बिताउँदा पनि कुनै नराम्रो व्यवहार नभएको सोचेर उसमा आफैप्रति खिन्नता आयो ऊ कुनै पनि युवकलाई एउटै नाम बताउँदैनथी । निर्मलकुमारले एक दिन बाटामा उसलाई भेटेर उसका क्रियाकलाप जान्न उसको पछि लागे । त्यस केटीका बारेमा बुझ्न लजको पालेलाई बोलाए । पालेलाई एकसय रुपैयाँ दिएर उनले केटीको चाल बुझ्न लगाए । पालेले केटीसँग सधैँ नयाँ युवकहरू साथमा हुने र हरेकलाई आफ्नो भिन्न नाम बताउँदै ती युवकहरूलाई जिल्याउदै हिँडेको कुरा निर्मलकुमारलाई बताइयो ।

त्यसको एक हप्तापछि भक्तपुरको सिनेमा हलमा सिनेमा हेरेर निस्कँदा निर्मलकुमारले त्यस केटीलाई देखे । त्यस दिन उसँग कुनै युवक थिएन । उसले जिल्याएका चार जना पनि सिनेमा हेरेर फर्कँदै थिए । सबैले चुनरीलाई भिन्नभिन्न नाम लिएर के हो भनी प्रश्न गरे । यसरी सबै जना एक-आपसमा एउटै केटीका भिन्न नाम सुन्दा छक्क परे । एक जनाले प्रहरीलाई बोलाएर ल्यायो । प्रहरीले उसलाई सोधपुछ गरेपछि चुनरीले ती युवकहरूको आफूमाथि परेको कुदृष्टि र खराब नियतलाई प्रस्ट्याई यति भएपछि तिनीहरू केही नबोली आफ्नो बाटो लागे । प्रहरी पनि खराब केटाहरूलाई चेतावनी दिएकोमा राम्रो सम्झी आफ्नो ड्युटीतिर लाग्यो ।

निर्मलकुमारले एकान्त परेपछि उसँग कुरा गरे । निर्मलकुमारलाई उसको चरित्रमा कुनै शङ्का भएन र विवाहका लागि प्रस्ताव राखे । निर्मलकुमारको परिवारले स्वीकृति दिएपछि लजबाटै विवाह घुमधामसँग सम्पन्न भयो ।

उता मणिमान भने केटी नपाएर त्यसै बसिरहेको थियो । धनसम्पत्ति धेरै भए पनि ऊसँग बिहे गर्न कुनै केटी मन्जुर थिएनन् । बिहेपछि चुनरी र निर्मलकुमार

गाउँमा गएका थिए । चुनरीले बिहे गरेर दुलाहा लिएर आएकी छ भन्ने सुनेर मार्नलाई मणिमान कुटीनजिक बसेको थियो । यो कुरा थाहा पाएर जोगी र अम्बरे उसलाई खेदाउँदै गए । ऊ कान्लाभीर केही नभनी कुद्दा कान्लाबाट झरेर मृत्युवरण गर्न पुग्छ । यसरी उपन्यासको अन्त्य भएको छ ।

प्रस्तुत उपन्यासमा धनसम्पत्ति मात्र भएर मान्छे सुखी बन्न सक्तैन भन्ने कुराको उदाहरण योगमानको परिवारबाट देखाइएको छ भने रूप-सौन्दर्यका पछि लाग्ने युवकहरूलाई कसरी चेतावनी दिनुपर्छ भन्ने कुरा चुनरीले आफ्ना क्रियाकलापबाट देखाइदिएकी छ । उपन्यासको शीर्षक पात्रको नामबाट राखिएको र नाम अनुसारकै कथावस्तु भएकाले शीर्षक सार्थक देखिन्छ ।

## ४.४.२. शोककाव्यको चर्चा

### ४.४.२.१ पत्नी–वियोगसम्बन्धी शोककाव्य

ठाकुरनाथ रिमालले वि.सं. २०३७ मा श्रीमती ज्ञानुदेवी रिमालको क्यान्सर रोगका कारण एकचालीस वर्षको उमेरमा मृत्यु भएपश्चात् बज्रपात सहन नसकेको भावावेशमा उनी गएकै दिनदेखि विभिन्न छन्दमा कविताहरू लेखेका छन् । तिनै कविताहरूको सङ्ग्रहित रूपलाई शोककाव्य भनिएको छ । सिङ्गो पुस्तकको नामाङ्कन भने गरिएको छैन । शोककाव्यभित्र विभिन्न शीर्षक दिएर विभिन्न छन्दमा उही कुराहरू दोहोर्‍याएर उनले लेखेका  छन् ।

रिमालले **सम्झना** शीर्षकमा आफ्नी प्रिय पत्नीसँगको बिछोडमा आफ्नो मनभित्रका वेदनाहरूलाई विभिन्न लयमा समेटेर पोखेका छन् । कार्तिक वैकुण्ठ त्रयोदशीका दिनमा मृत्यु भएकाले भगवान विष्णुसँगै वैकुण्ठमा बस्न पुगिन् भन्ने भाव उनले कवितामा दर्साएका छन् । क्यान्सर जस्तो भयानक रोग लागेको र उपचार गर्दा पनि निको नभएपछि अन्त्यमा प्राण गएको र आफूले वियोगको पीडा सहनुपरेको कुरा उनले व्यक्त गरेका छन् । उनका कोखबाट दुईवटा छोरा र एक छोरीको जन्म भएको र तिनलाई राम्रोसँग हुर्काएको शिक्षा दिएको कुराहरू सम्झँदै उनले लयमा भाव पोखेका छन् । उनले राष्ट्र बैंकमा जागिर खाएर राष्ट्रका लागि गरेको सेवा, परिवारमा

गरेको सहयोग, साथीभाइसँग गरेका कुराकानी आदिको बयान गर्दै विष्णुलोकमै गएर बस्न पाउनुपर्ने कुरा पनि  आफ्ना कवितामा व्यक्त गरेका छन् ।

रिमालले भुजङ्गप्रयात छन्दमा **सम्झना** शीर्षक दिएर उही कुराहरू दोहोऱ्याएका छन् । कार्तिक शुक्ल एकादशीमा भगवान् विष्णु जागा हुने भएकाले सबैले पाठपूजा गरी निराहार व्रत बस्ने गर्छन् । भोलिपल्ट द्वादशीका दिनमा बूढानीलकण्ठमा ठूलो भीड हुन्छ, त्यहाँ फूलमाला, अबिर चढाएर शरण मागिन्छ । त्यसै दिन बेलुका नाचगान गरेर भक्तजनहरू बिदा माग्छन् , त्यसै समयमा सबै काम सकेर भगवानसँगै वैकुण्ठधाम गएकी र वैकुण्ठमा नै ज्ञानुको वास होस् भन्ने कामना रिमालले गरेका छन् । श्रीमतीले नै जमिन किनेर घर बनाएकी तर आफैँले भोगचयन गर्न पाइनन् भन्ने गुनासो पनि उनले प्रकट गरेका छन् । बाह्र वर्षको उमेरमा बिहे भएर आएकी र गृहस्थी थामेर बसेकी तर आज बिछोड हुनपऱ्यो भ नेर आफ्ना दुःखहरू उनले पोखेका छन् । जस्तैः

*बिहे भो तिमी ता थियौ बाह्र वर्ष*
*अहा त्यो दिनैमा पनि प्रेम हर्ष ।*

रिमालले वंशस्थ छन्दको प्रयोग गरेर **विलौना** शीर्षकमा श्रीमतीको बिछोडले सुख शान्ति सबै हराएर गएको कुरा प्रकट गरेका छन् । उनी हुँदा आफूसँग बल भएको तर आज आँसुको भल मात्र भएको र चित्त थाम्न मुस्किल परेको कुरालाई उनले यसरी देखाएका छन् :

*तिमी थियौ यो तनमा थियो बल*
*तिमी गयौ हा अब आँसुको भल,*
*म चित्त थामूँ कसरी हेर अब ?*
*यहीँ प्रकट भो किन आज रौरव ?*

रिमालले **विलौना** शीर्षकमा इन्द्रवज्रा, उपेन्द्रवज्रा र उपजाति छन्दमा पनि त्यही कुराको व्याख्या गरेका छन् ।

रिमालले अर्को **विछोड** शीर्षकमा शार्दूलबिक्रीडित छन्दको प्रयोग गरेका छन् । उनले श्रीमतीको बिछोडमा उनकै ध्यान गरेर बसेको, पूजा गरेको र छोराछोरीले पनि पीर मानेर कस्तो दुःख झेल्नुपऱ्यो भनेका कुरालाई लयबद्ध रूपमा लेखेका छन् । कडा

रोग लागेर निको हुन नसकेको तर पनि साथीभाइलाई गरेको गुन सबैले सम्झेका छन् भन्ने कुरा पनि उनले देखाएका छन् :

*सारा बान्धव, इष्टमित्रहरूका आँखा रसीला भए,*
*लाएका गुन हेर वर्णन गरी अपशोच गर्दै थिए ,*

रिमालले **पुकार** शीर्षकमा मालिनी छन्दको प्रयोग गरेका छन् जस्तैः

*जुन दिन अगि लाग्यौ त्यागिदी भूमि भोग*
*त्यसदिन त परेथ्यो विष्णु-बैकुण्ठ योग,*
*अनि त भनिरहेछु नित्य बैकुण्ठ वास,*
*मलिन पनि हुने भो विष्णुकै साथ खास ,*

उनले फरक शीर्षक र छन्दको प्रयोग गरे पनि एउटै कुरालाई प्रकट गरेका छन् । डाक्टर, तन्त्र, मन्त्र केहीले पनि नछोएको र दिनदिन रोग बढ्दै गएको र आफूलाई नै छाडेर गएको भनी आफ्ना वेदनाहरू उनले लयमा पोखेका छन् । उनले **विरह** शीर्षकमा शिखरिणी छन्दको प्रयोग यसरी गरेका छन्; जस्तै :

*थिइन् मेरी पत्नी जुन सहचरी ज्ञानु अहिले,*
*गइन् देहै छोडी मिलन अब होला र कहिले ?*
*हरे मेरो आज जनम किन यस्तो जटिल भो ?*
*बिराएँ के मैले सुख जति सबै भस्म हुनगो ?*

रिमालले पत्नी-वियोगमा न आफू उनीसँगसँगै जान सक्थैं न बस्न भनेर आफ्ना मनका दुःखपीडाका पुकार प्रस्तुत गरेका छन् । उनीसँग बिताएका हरेक क्षण, उनको हाँसो, उनका गुणलाई कसै गरी पनि भुल्न सक्दिन अब, के गरौँ भनेर उनले भगवानसँग विरह पोखेका छन् ।

**वेदना** शीर्षकमा वसन्ततिलका छन्दको प्रयोग गरेर उही दुःखको कुरा लेखेका उनले छन् । आफ्नी पत्नीले भगवान्को नित्य पूजा-आराधना पनि गरेको तर के-को कमी हुन गयो र दुष्ट रोग लाग्न पुग्यो भनेर पनि उनले गुनासो पोखेका छन् । आफू मात्र अब बस्न नसक्ने भएर पत्नीलाई सँगै लैजान पनि उनले आग्रह गरेका छन् । पत्नीसँग भेट हुन नसकेपछि आफ्नो माया कहिल्यै नभुलून् भनेर पत्नीलाई एकोहोरो

रूपमा मनका वेदना व्याकुल बनेर पोखेका छन् । वसन्ततिलका छन्दको केही पङ्क्तिहरू यस प्रकार छन् -

*ज्वाला अहो हृदयमा अति दन्किनाले ,*
*आनन्द भस्म हुन गैकन थन्किनाले,*
*तिम्रो वियोग सहने मुटु नै भएन,*
*यो प्राण धान्नु कसरी अब क्यै रहेन ?*

**सन्ताप र आलाप** शीर्षकमा स्रग्धरा छन्दको प्रयोग उनले गरेका छन् । यसमा रिमालले पत्नीलाई लागेको रोग, खाना खान भएको अरुचि, दाजुभाइ समान सबैलाई गरेको कर्तव्य, आफ्नो कार्यप्रतिको सदा समर्पण राम्ररी धानेको घरव्यवहार आदि कुरालाई लयमा लेखेका छन् । जस्तै :

*देख्थिन् मिल्नेहरू छन् जति सबै जनमा दाजु भाइ समान,*
*जे जे कर्तव्य आफ्नो अगिपछि हुनता पूर्ण गर्थिन् , निदान*

रिमालले **रोदन** शीर्षकमा इन्द्रवंश छन्दको प्रयोग गरेका छन् । यसमा पनि उनै कुराको दुःख पुकारा गरेका छन् । जस्तै :

*विनु ज्ञानु यहाँ कसरी म बसुँ ?*
*किन जङ्गलमा अहिले म पसुँ ?*
*पछि लागुँ भने पनि मार्ग कुन ?*
*बुझ्दिँदेन सधैं मन लाग्छ रुन,*

अन्त्यमा **वियोग** शीर्षकमा झ्याउरे छन्दको प्रयोग उनले गरेका छन् । लय भिन्नभिन्न भए तापनि उही  दुःखको कुरा उनले  लेखेका छन् । जस्तै :

*हे ज्ञानु ! तिम्रो सम्झन्छु झलझल त्यो दिव्य मुहार*
*छोडेर गयौ चटक्क आज दुःख भो अपार*

## ४.४.२.२ पुत्र–वियोगसम्बन्धी शोककाव्य

वि.सं. २०५८ जेठ १८ गते कान्छो छोरा मुनीन्द्रको ओम नर्सिङहोममा उपचारका क्रममा मृत्यु भएपछि रिमालले भावविह्वल भएर विभिन्न छन्दमा केही श्लोकहरू लेखेका छन् । शोककाव्य भनिए तापनि यो पूर्ण हुन सकेको छैन । आफू

चौरासी वर्षको रोगी भएर बाँच्नु परेको तर कलकलाउँदो छोराको शोक बोक्नुपरेकोमा रिमाललाई ठूलो खेद थियो । मुनीन्द्र साङ्ग्रिला टेलिभिजनमा कार्यरत अवस्थामा नै दिवङ्गत हुन पुगेका थिए । उनै छोरा जीवित हुँदाका क्षणहरूलाई लय मिलाएर लेख्ने क्रममा वर्णविन्यास केही त्रुटि देखिन्छ । सिङ्गो शोककाव्यको शीर्षक राखिएको छैन तर विभिन्न छन्दमा प्यारो छोरो मुनीन्द्रको सम्झनामा भनेर चारवटा खण्डहरू रहेको पाइन्छ ।

पहिलो खण्डमा लय मिलाउने क्रममा भजुङ्गप्रयात छन्दको प्रयोग गरिएको छ । रिमालले छोराको वियोगले घर अँध्यारो भएको, आफ्नो मन पनि अँध्यारो भएको र सहारा कुन भगवानले दिने हुन् भनी दुःख पुकार गरेका छन् । परिवारको लागि एकदमै प्रेम गर्ने, कलाकार भएर टेलिभिजनमा पनि देखा परेको तर दैवले उसलाई अल्पायुमै किन चुँडेर आफूहरूबीचको सम्बन्ध तोडेर लग्यो भनेर उनले प्रश्न गरेका छन् । आफ्ना साना दुई छोराछोरी र श्रीमतीको पनि बिजोग भयो, अब कसले उनीहरूको दुःख हेरिदेला आफू पनि वृद्ध भइसकेँ भन्ने जस्तो अनेकन् भाव उनले पोखेका छन् । जस्तै :

*यहाँ वर्ष चौरासीको दीर्घ रोगी*
*पलङमै बसी रुन्छु यो दुःख भोगी*
*गएको गयो हाय फर्कन्न फेरि*
*हरे दैव त्यो साथ बिर्सुँ कसोरी ?*

रिमालले दोस्रो खण्डमा **इन्द्रवज्रा** छन्दको प्रयोग गरेका छन् । उनले भिन्नभिन्न लयमा एउटै कुरालाई प्रकट गरेका छन् । छोराको मृत्युले आफ्नो सबै सुखशान्ति बिलाएको र अघिका दिनहरू सम्झेर आँसुको भल बगेको कुराहरू उनले लेखेका छन् । अधर्म नगरेकाले यमराजको घरमा नगई वैकुण्ठ वा स्वर्गमा पुगेको आभास गरिएको छ । टेलिभिजनमार्फत सबैलाई मनोरञ्जन दिने, सत्कर्मतर्फ लागेको, सबैको भलो चिताउने व्यक्ति पनि के पाप परेर बिछोडिनु पऱ्यो होला भन्ने प्रश्न उनका कवितामा गरिएको छ । आफ्नो कामप्रति सदा समर्पित हुने, रातमा पनि कुनै

काम परेमा नरिसाउने, आफ्नो कमाइ गरेर पत्नी र छोराछोरीलाई पाल्ने चाहना राख्ने व्यक्तिलाई चटक्क चुँडेर लैजाने दैवप्रति पनि त्यहाँ खेद प्रकट गरिएको छ । जस्तै :

*यो शोक सारा परिवारमा पऱ्यो*
*खोलो बनी आँसु जताततै बह्यो*
*सम्झाउने मानिस आउँथे कति*
*निक्लेन काँडा मुटुमा बिझे जति ।*

तेस्रो खण्डमा रिमालले झ्याउरे छन्दको प्रयोग गरेका छन् । रिमालले आफ्नो साथ छाडेर प्यारो छोरो आमाकै साथमा वैकुण्ठ गयो कि इन्द्रसँग नन्दन वन घुम्न गयो कि जस्ता प्रश्न पनि गरेका छन् । पाँच-छ दिनको बिरामी भएर कुनै रोग पत्ता लाग्न नसकेपछि यस संसारबाट बिदा भएको कुरा  उनले प्रकट गरेका छन् । आफ्ना मनका कति चाहना पूरा नगरी चितामा बस्नु परेको र छोराछोरीले बाबुको मायाबाट अलग्गिनु परेको, पत्नीले पतिको मायाबाट टाढिनु परेको कुरा उल्लेख गर्दै भाग्यले मान्छेलाई कतातिर डोऱ्याउँछ त्यतैतिर जानुपर्ने रहेछ भन्ने भाव उनको काव्यमा व्यक्त गरिएको छ । जस्तै :

*आकांक्षा इच्छा जे जति थिए सबै नै लिएर*
*चितामा जल्यो त्यो तिम्रो देह के गर्नु रोएर ?*

चौथो खण्डमा रिमालले मालिनी छन्दको प्रयोग गरेका छन् । रिमालले के त्यस्तो पीर पर्न गयो र आफूलाई पनि नभनी गए भनेर छोरामाथि प्रश्न गरेका छन् । आफ्नो वृद्ध अवस्था भएर ओछ्यानबाट उठ्न नसकेको स्थितिमा आँसुको भल बगाएर अझै कतिन्जेल बाच्नुपर्ने हो, कसरी सहन गर्नु भनेर आफैसँग उनले दुःख पुकारा गरेका छन् । छोराले बी.कम. सम्म पास गरेको र कलाका क्षेत्रमा उच्च प्रतिभा राखेको कुरालाई  पनि उनले प्रकट गरेका छन् । रिमालले छोरालाई सुरुमा अफिस किन गएन भनेर हेर्न जाँदा ज्वरो आएर सुतेको देखेर त्यस दिन औषधी खान दिँदा पनि केही कमी नभएको र भोलिपल्ट क्लिनिकमा लगेको, त्यहाँ पनि रोग पत्ता लाग्न नसकेको र ओमनर्सिङमा लगेको अनि त्यहाँ पनि रोग पत्ता लाग्न नसकेपछि उनी बेहोस भई यस संसारबाट बिदा भएको कुरालाई लयमा लेखेका छन् । जस्तै :

*किन अफिस गएनौ सोधुँ भन्दै गएथें*
*हननन ज्वर देख्दै दिक्क साह्रै भएथें*
*दिनु अब जलपट्टि एक चक्की सिटामल*
*वचन यति दिएथें चित्त भैगो हिमाचल।*

### ४.४.२. ३ फुटकर कविता

रिमालले केही फुटकर कविताहरू लेखेको भन्ने सूचना पाइए तापनि ती सामग्री उपलब्ध हुन सकेनन् ।

### ४.४.३ मेरो कथा आत्मकथाको चर्चा

ठाकुरनाथ रिमालले जीवनको अन्त्य समयमा आफूले जीवन व्यतीत गर्ने समयमा भोग्नु परेका पीडालाई समेटेर 'मेरो कथा' भन्ने आत्मकथा लेखेका छन् । तर त्यो प्रकाशित हुन सकेन । इतिहास सत्यतामा आधारित हुनुपर्छ । सत्यलाई तीतो हुन्छ भन्ने ठानेर बङ्ग्याउने प्रयास गऱ्यो भने त्यो सही इतिहास बन्दैन, आफ्नो जीवनमा घटेका घटनाहरू राम्रा-नराम्रा जे भए पनि लेखिनुपर्छ भन्ने अवधारणा लिएर रिमालले आफ्ना सुख-दुःख सबैलाई समेटेर  आत्मकथा लेखेका छन् ।

प्रस्तुत आत्मकथामा आफ्ना पुस्तादेखि लिएर आफू जन्मेको समयसम्मका अनेकन् कुराहरू लेखिएका छन् । आफ्नो घरपरिवार र त्यहाँ आफूले बिताएका क्षणहरू आदिलाई पनि रिमालले प्रस्तुत गरेका छन् । घरपरिवारले आफ्नी आमासँग गरेका व्यवहार, मामाघरमा गएको अवस्थाको वर्णन  पनि उनले  गरेका छन् । आफ्नो विवाह, जीवन व्यतीत गर्ने क्रममा आइपरेका स्थिति, आफूले गरेका कार्यहरू, धेरै गीतहरू लेखे पनि प्रशंसित हुन नसकेको पीडा, श्रीमतीसँगको वियोग आदिका व्यथाहरू प्रकट गर्नुका साथै घरपरिवार र मामाघर दुबैतर्फबाट कुनै पनि अंश नपाएका गुनासाहरू पोखेर उनले सानो कथा लेखेका छन् ।

आफूले लेखेका ९ वटा लघु-उपन्यासहरू, शोककाव्य, फुटकर कविता यी सबै छाप्न सक्ने क्षमता नभएर त्यसै थन्किएका र कसैले दृष्टि पुऱ्याएर छपाइदिने छन् भन्ने आशा गरेर भगवानसँग प्रार्थना गर्दै आत्मकथाको अन्त्य गरिएको छ ।

### ४.४.४ वर्णमालाको चर्चा

ठाकुरनाथ रिमालद्वारा पाँच भाग वर्णमाला लेखिएको भने तापनि चार भाग वर्णमाला मात्र भेटिएको छ । पाँचौ भाग भने फेला परेन । रिमालले बाल-वर्णमाला भाग १, २, ३, ४ भनी नामाङ्कन गरेका छन् । प्रत्येक वर्णमालाको सुरुमा नेपालको नक्सा बनाइएको छ । त्यसभित्र नक्साको बीचमा राष्ट्रिय झण्डा बोकेकी नेपाल आमा र वरिपरि अनेक योजनाका औद्योगिक कामहरू गर्न लागेका नेपालीहरूको चित्र भनी लेखिएको छ ।

वर्णमाला भाग १ मा रिमालले बालबालिकालाई सुरुमा कसरी अक्षर चिनाउनु पर्छ भन्ने कुरा लेखेका छन् । सुरुमा कतिसम्म अक्षर चिनेपछि अर्को कक्षामा चढाउने भन्ने पनि लेखिदिएका छन् । आफूले ट्युसन पढाउँदा गरेको अनुभवका आधारमा वर्णमाला तयार गरिएको हो । बालकलाई पहिला कख चिनाएपछि अआ चिनाउन सजिलो पर्ने बताएका छन् । अक्षर जानिसकेपछि शब्दको ज्ञान गराउनुपर्ने साथै एघार मात्राको ज्ञान दिँदै अगाडि बढाउनुपर्ने कुरा सिकाएका छन् । वर्णको बाह्रुरूप सिकाउने, अभ्यास गराउने गर्नाले बालबालिकाले छिटो जान्न सक्छन् भनिएको छ । रेफ, चन्द्रबिन्दु आदि लाग्ने शब्दका बारेमा जानकारी दिँदै बाल-कविताहरू लयमा सिकाउनाले केटाकेटीहरूले चाँडो सिक्न सक्छन् भन्ने कुरा वर्णमालामा लेखिएको छ । घर परिवारबाट पनि केटाकेटीले शिक्षा लिने भएकाले कथाहरू सुनाउनुपर्ने बताएका छन् ।

बाल वर्णमाला भाग २ मा रिमालले वर्णमालाका सबै अक्षर जानिसकेपछि बाल साहित्यतर्फ केटाकेटीको ध्यानाकर्षण गराउनुपर्ने कुरा देखाएका छन् । साना तिना श्लोकहरूपनि भन्न जान्न थालेपछि पुस्तकबाट पनि श्लोकहरू भन्न सिकाउनुपर्ने कुरा सिकाएका छन् । एकैचोटि माथि जान नसक्ने भएकाले बालबालिकालाई स्तरअनुसार सिकाउँदै माथि लैजानुपर्ने र स्तरअनुसार कक्षा चढाउनुपर्ने कुराको ज्ञान यसमा दिइएको छ । प्रार्थना, कथा, उखान, गाउँखाने कथा, दिशा, सातबार, पन्ध्र तिथि, बाह्र

महिना, बाह्रराशी, सत्ताईस नक्षत्र, छ ऋतु आदिको अवगत गराउँदै जानिसकेपछि पुनः अर्को कक्षामा चढाउनुपर्ने कुराको अवगत गराएका छन् ।

बाल वर्णमालाको भाग ३ मा दोस्रो वर्णमालाका सबै कुराहरू जानिसकेपछि अझ भजनका श्लोक, कथा पढाउने र पहाड, खोला, नाला, गाउँघरका दृश्यहरूका बारेमा भिन्नभिन्न भावहरूको ज्ञान दिलाउने कुराहरू लेखिएको छ । टाकुरामा पुग्नलाई जसरी सिँढी चढ्नुपर्छ । त्यस्तै साहित्यको ज्ञान लिनलाई पढ्दै जानुपर्छ भन्ने सन्देश दिइएको छ । बालबालिकाले चाख मानेर पढेमा चौथो भाग पनि दिने आशा तेस्रो भागमा देखाइएको छ ।

बाल वर्णमालाको भाग ४ मा बालबालिकालाई चौथो भाग पनि तेस्रो भाग जस्तै भएको भन्दै नयाँ कथा श्लोकहरूलाई ध्यान दिएर पढ्न भनिएको छ । जसरी इन्द्रेणीमा सात रङको झिलिमिली देखिन्छ त्यसैगरी नौला कुराहरू पढेर विभिन्न ज्ञान बटुल्न सकिन्छ भन्ने कुराहरू देखाइएको छ । चौथो भागमा लेखिएका सबै कथा श्लोकहरूको ज्ञान भइसकेपछि पाँचौ भाग पढ्नका लागि दिइने कुरा पनि बताइएको छ । रिमालले केटाकेटीहरूलाई यसै अनुरूप पढाएको र स्तरअनुसार कक्षा चढाउँदै लगेको जानकारी पाइन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

वि.सं. १९७४ माघकृष्ण द्वादशीका दिन वाग्मती अञ्चल काठमाडौँ जिल्लाको आदेश्वर भन्ने ठाउँमा जन्मेका ठाकुरनाथ रिमाल कृष्णराज रिमाल र खड्गकुमारी रिमालका पहिलो सन्तान हुन् । उनको जन्म साधारण मध्यमवर्गीय परिवारमा भएको थियो । उनी सानैदेखि मामाघरमा बसेका हुनाले सबैबाट माया पाएर बाल्यकाल सुखमय वातावरणमा नै बितेको थियो । आमाको असामयिक निधन भएपछि उनलाई मावली बाजेबज्यैले नै संरक्षण दिएर राखेका थिए । रिमालको अक्षरारम्भ अनौपचारिक रूपमा मावली बाजेबाट घरमा नै भएको थियो । त्यसपछि उनले दरबार स्कुलमा पढेका थिए । उनी पढ्नका लागि गुरुका घरमा पनि जाने गर्थे । रिमालले त्यस बेलाको समयअनुसार साहित्य मध्यमा सम्मको अध्ययन पूरा गरेका थिए । रिमालको विवाह वि.सं. १९९४ मा झङ्ककुमारीसँग भएको थियो । उनी जीवित रहन नसकेपछि रिमालले पुनः दोस्रो विवाह वि.सं.२०११ मा गरेका थिए । विवाहपछि पनि मावलीघरमा बसोबास गरेका रिमालले पछि वि.सं. २०३१ मा कमलपोखरी चारबुर्जामा घर बनाई बसेको जानकारी पाइन्छ ।

आफ्नो पढाइका साथै उनी गीत सिर्जनातर्फ पनि लागेका थिए । विवाह भएपछि आफ्नो काँधमा आइपरेको व्यवहार सम्हाल्न उनले केटाकेटीहरूलाई ट्युसन पनि पढाएका थिए । उनको शिक्षणपेसा अनवरत रूपमा बयालीस वर्षसम्म रह्यो । स्कुल सरह उनी दशदेखि चारबजेसम्म पढाउने गर्थे । केटाकेटीहरूको उमेर र स्तरअनुसार कक्षा चढाउँदै चार पाँच कक्षासम्मको शिक्षा उनी घरमै दिन्थे ।

रिमाललाई साहित्यलेखनका लागि बाह्य प्रेरणा र वातावरणले पनि साथ दिएको पाइन्छ । उनलाई गीतलेखनका लागि मेनेजर बजिरमान र मास्टर रत्नदासको प्रेरणा मुख्य रूपमा रहेको छ । रिमाललाई सायद उनीहरूले हौसला नदिएका भए यति

धेरै गीत सिर्जना गर्न सक्ने थिएनन् कि? रिमालले सुरुमा गीतिलेखनबाट नै आफ्नो लेखनकार्य अगाडि बढाएका हुन् । उनले गीत, कविता, उपन्यास, बालसाहित्य, शोककाव्य, आत्मकथा जस्ता विविध विधामा आफ्नो कलम चलाएका छन् । उनको साहित्यकार व्यक्तित्वका विविध पाटा देखा परेका छन् र रिमाल मूलतः गीतकार व्यक्तित्वका रूपमा परिचित छन् । यसका अतिरिक्त उनले नेपाली भाषा प्रकाशिनी समितिमा इतिहास लेख्ने कार्य गर्नुका साथै केही समय पुष्कर शमशेरको अध्यक्षतामा शब्दकोश बनाउने कार्य पनि गरेका थिए । व्यक्तित्वका विविध पाटामध्ये यो व्यावसायिक व्यक्तित्व पनि उनमा अन्तर्निहित रहेको पाइन्छ ।

वि.सं.१९९४ मा 'मद्यनशा जेल्दछ जाल समान' भन्ने गीत लेखेर रिमालले औपचारिक लेखनको थालनी गरेका हुन् । उनले साहित्यका अनेक विधामा कलम चलाएका भए पनि उनको एउटा गीतसङ्ग्रह र एउटा संस्मरणात्मक लेख मात्र प्रकाशनमा आएका छन् । अन्य कृतिहरू प्रकाशित नभएर केवल पानामा नै सीमित बनेका छन् । रिमाल पुरानो पुस्ताका गीतकार भए पनि अटुट रूपमा गीत रचनामा संलग्न रहने साधक हुन् । साहित्य लेखनका सन्दर्भमा हेर्दा उनलाई जीवनवादी, प्रकृतिप्रेमी, राष्ट्रभक्त, मानवतावादी र पूर्वीय संस्कृति तथा सभ्यताका पक्षधर लेखकका रूपमा चिन्न सकिन्छ ।

रिमालले वि.सं. १९९४ बाट गीत लेख्न थालेका भए पनि उनको साहित्यिक यात्रामा **गीत सिर्जना** गीतसङ्ग्रह वि.सं. २०४९ मा मात्र प्रकाशित भएको छ । यो उनको प्रकाशित एक मात्र गीतसङ्ग्रहको पुस्तकाकार कृति हो । यस गीतसङ्ग्रहमा विभिन्न भावलाई बहन गर्न सफल सत्तरीवटा गीतहरू सङ्गृहीत छन् । उनका गीतका विषयगतविशेषता हुन्-भक्ति, प्रेम, वियोग, सद्भाव, राष्ट्रियता, सामाजिक जनजीवनको चित्रण, राजनैतिक परिवर्तनको सुन्देश र प्रजातन्त्र प्राप्तिको आनन्दानुभूति, उनका गीतहरू यी विविध भावलाई छुने गरी तयार पारिएका छन् । यस सङ्ग्रहका गीतमा ईश्वरभक्ति, राष्ट्रभक्ति, भाषाभक्ति, प्रकृतिचित्रण, प्रेमप्रसङ्ग, नारीपुरुष-सम्बन्ध, नारीजागरण, कुलतसम्बन्धी वर्णन, आदि महत्त्वपूर्ण समावेश गरिएका छन् । यसरी उनका गीतले घरव्यवहारको कुरादेखि राष्ट्र र समाजका कुरालाई टिपेको पाइन्छ ।

गीत सिर्जनामा विभिन्न अलङ्कार अनि बिम्ब तथा प्रतीकको प्रयोगका साथै विविध लयको प्रयोग गरेर उनले गीतको रचना गरेका छन् ।

रिमालले संस्मरण लेखनतर्फ पनि कलम चलाएका छन् । उनको **मास्टर रत्नदास** भन्ने संस्मरणात्मक लेख वि.सं. २०६० मा प्रकाशित भएको छ । यस लेखमा उनले आफ्ना जीवन-भोगाइका क्रममा भेट भएका मित्र मास्टर रत्नदाससँग बिताएको हरेक क्षणलाई संस्मरणका रूपमा उतारेका छन् । प्रस्तुत लेखबाट दुई मित्रहरूको यात्राको क्रम मात्र जानिँदैन नेपाली गीति इतिहासको संक्षिप्त अवलोकन नै गर्न सकिने देखिन्छ ।

रिमालले लघु उपन्यास पनि लेखेका छन् तर ती प्रकाशित भएका छैनन् । उनले नौ वटा उपन्यासहरू लेखेका छन् । उनले आफ्नो जीवनभोगाइका क्रममा देखेका र सुनेका, भोगेका कुरालाई उपन्यासको विषयवस्तु बनाएका छन् । उनले समाजमा घटेका यथार्थ घटना, राणाशासन, त्यस बेलाको कानुन, जनसाधारणहरूले भोग्नुपरेका पीडा आदिलाई समेटेर उपन्यास लेखेका छन् ।

रिमालले बयालीस वर्षसम्म ट्युसन पढाएको अनुभवलाई समेटेर पाँच भाग बालसाहित्य तयार गरेका छन् तर त्यो पनि प्रकाशित भएको छैन । त्यो साहत्यि बालबालिकाको बाल मनिस्थतिलाई ध्यानमा राखेर तयार पारिएको हो । उमेर र स्तरअनुसार बालबालिकालाई पढाउँदै माथिल्लो कक्षामा लैजाने कुराहरू उनले शृङ्खलाबद्ध रूपमा यस साहित्यमा प्रस्तुत गरेका छन् । उनले शोककाव्यमा पनि कलम चलाएका छन् । वि.सं.२०३७ मा श्रीमतीको मृत्यु भएपछि लयबद्ध रूपमा वियोगका पीडाहरू पोखेका छन्, तर ती कापीका पानामा नै सीमित बनेका छन् । उनले छोराको मृत्युको पीडालाई पनि श्लोकका माध्यमबाट व्यक्त गरेका छन् । रिमालले फुटकर रूपमा कविताहरू पनि लेखेका छन् । आफ्नो जीवनको अन्तिम क्षणमा उनले आत्मकथा लेखेका थिए । तर त्यस पनि प्रकाशित हुने अवसर भने पाएको छैन ।

रिमालका समग्र कृतिहरूको विवेचनापछि के निष्कर्ष निकाल्न सकिन्छ भने मूलतः रिमाल गीतकार हुन् । उनले कविवक्तृशैली र कविनिबद्धवक्तृशैली दुवैलाई अँगालेर सुन्दर लयमा प्रवाहित भई गीतहरू लेखेका छन् । उनी शास्त्रीय र लोक दुवै लयमा गीत लेख्ने गीतकार हुन् । विषय विविधता, भावविविधता र वर्णनढाँचाका विविधता रहेकाले गीतकार रिमाल सहज स्वस्फूर्त गीतस्रष्टाका रूपमा देखा परेका छन् । उनी शास्त्रीय छन्दका पनि ज्ञाता थिए र तिनको प्रयोग उनले आफ्ना रचनामा गरेका छन् । उनका गद्य रचनाहरु अप्रकाशित भए पनि तिनमा उनको सिर्जनात्मक क्षमता एवम् समाजसुधारको चेतना प्रकट भएको छ ।

## ५.२ निष्कर्ष

रिमाल पुरानो पुस्ताका गीतकार हुन् । रिमाल गीतकारका साथै कवि, उपन्यासकार, शोककाव्यकार र बालसाहित्यकार पनि हुन् । उनको व्यवसायिक व्यक्तित्वका रूपमा शिक्षण पेसा नै प्रमुख रहेको पाइन्छ । रिमालले ने.भा.प्र.स. मा इतिहास लेख्ने काम गरेका थिए । उनले शब्दकोश बनाउने काम पनि गरेका थिए । रिमालले वि.सं.१९९४ बाट गीतिलेखनको थालनी गरेका हुन् । रिमालका गीतहरू शास्त्रीय र लोक लयमा आबद्ध छन् र ती फिल्मका निम्ति पनि उपयोगी हुने ढङ्गले लेखिएका छन् ।

रिमालका प्रकाशित कृतिहरू **गीत सिर्जना** गीतसङ्ग्रह र **मास्टर रत्नदास** गरी दुईवटा रहेका छन् । उनका गीतहरूले घरव्यवहारका कुरादेखि राष्ट्र र समाजका कुराहरूलाई समेटेको पाइन्छ । रिमालका लघु उपन्यासहरूमा समाजमा घट्ने घटनाहरूको यथार्थ प्रस्तुति पाइन्छ । उनले पत्नी र छोराका बिछोडमा लयबद्ध रूपमा आफ्ना पीडाहरू पोखेर शोककाव्य लेखेका छन् । रिमालले बाल मनस्थितिको ख्याल राखेर भाग १-५ सम्मको बालसाहित्य लेखेको जानकारी पाइन्छ तापनि भाग ५ अप्राप्य नै रहेको छ । जीवनको अन्तिम समयमा उनले आफूले जीवन जिउने क्रममा भोग्नुपरेका अवस्थाहरूको चित्रण गरेर **मेरो कथा** लेखेका छन् ।

उनले कविता, उपन्यास, शोककाव्य, वर्णमालाका क्षेत्रमा  कलम चलाए तापनि उनको सफल र सशक्त क्षेत्र चाहिँ गीत नै हो । त्यसैले उनको साहित्यिक योगदानलाई हेर्दा उनी मूलतः गीतकार हुन् र अरु विधाका तुलनामा गीतकै क्षेत्रमा सफल देखिन्छन् ।

## ५.३ साहित्यकार ठाकुरनाथ रिमालका बारेमा सम्भावित शोधशीर्षक

रिमालका बारेमा यो नै सम्पूर्ण अध्ययन होइन ।  उनका बारेमा पुनः अध्ययन गर्न चाहने शोधार्थीहरुले निम्नलिखित शोधशीर्षकमा शोध गर्न सक्नेछन् ।

क)  ठाकुरनाथ  रिमालको गीतिकाव्यकारिता

ख) ठाकुरनाथ रिमालका  गीतमा पाइने प्रेमप्रसङ्ग आदि ।

# सन्दर्भ–कृतिसूची

## पुस्तकसूची


उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त**, दो.सं., काठमाडौंः साझा प्रकाशन, २०४८ ।

________, **पूर्वीय साहित्य सिद्धान्त**, चौ.सं, काठमाडौंः साझा प्रकाशन,, २०६१ ।

________, **साहित्य प्रकाशन**, ते.सं , काठमाडौंः साझा प्रकाशन, २०४० ।

उपाध्याय, छविरमण, **रिमाल वंशावली** , प्र.सं , ललितपुरः रिमाल वंशावली समिति, २०५९।

कोइराला, कुलप्रसाद, **काव्यिक परिभ्रमण,** प्र.सं काठमाडौंः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०६२ ।

त्रिपाठी, वासुदेव र अरू (सम्पा.) **नेपाली कविता भाग २** , काठमाडौं : साझा प्रकाशन, २०४० ।

थापा, मोहन हिमांशु, **साहित्य परिचय**, चौ.सं, काठमाडौं : साझा प्रकाशन, २०५० ।

बराल , कृष्णहरि, **गीत सिद्धान्त र इतिहास,** प्र.सं., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

भट्टराई, घटराज, **नेपाली लेखककोश,** काठमाडौं : पैरवी प्रकाशन, २०५६ ।

मञ्जुश्री , हरि र जीवनचन्द्र कोइराला, **भोग्यप्रसाद शाह अभिनन्दन ग्रन्थ,** काठमाडौं : भोग्यप्रसाद शाह अभिनन्दन समिति, २०५७ ।

माहिला , व्याकुल, **नेपाली गीतसङ्ग्रह,** काठमाडौं : चाँदनी प्रकाशन, २०५९ ।

मिश्र, भागीरथ, **काव्यशास्त्र ,** दसौं संस्करण , विश्वविद्यालय प्रकाशन, वाराणसी, २०५० ।

रिमाल, ठाकुरनाथ, **गीत-सिर्जना,** प्र.सं., काठमाडौं : ढुङ्गाअड्डा प्रकाशन, २०६० ।

रिमाल, ठाकुरनाथ, **मास्टर रत्नदास**, प्र.सं., काठमाडौँ : ढुङ्गाअड्डा प्रकाशन, २०६० ।

शेर्पा, पूर्णबहादुर, **लोकसाहित्यकार लीलासिंह कर्मा,** प्र.सं., काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०६० ।

## पत्रपत्रिका-सूची

अखण्ड, 'ओझेलमा परेका पुराना गीतकार ठाकुरनाथ', **नेपाल जागरण**, वर्ष ८, अङ्क २७, जेठ १७, २०५७, पृ.६ ।

अधिकारी , नवराज, 'बिर्सन नहुने एक गीतकार', **रङ्गमञ्च** साप्ताहिक, वर्ष ४, अङ्क ११, २०४९/ ५० ।

अधिकारी शिव, 'ठाकुरनाथ रिमाल जो गीतसँगै बिलाएका छन्', **सुरुचि** साप्ताहिक , पौष ११, २०५०, पृ. ६ ।

घिमिरे , रमण, 'मैले यसरी लेखेँ गीत . . .', **युगसम्वाद** साप्ताहिक **,** वर्ष ५ अङ्क, ३६, चैत्र १७, २०४९, पृ. ६-७ ।

जागरुक, जनार्दन, 'नेपाली गीतका धरोहरः ठाकुनाथ रिमाल', **ललकार** पत्रिका, आश्विन १२, २०४९, पृ. ६ ।

प्रकाश, वसन्त, 'गीतकारको पङ्क्तिमा समेत उभिन पाइन . . ., **मधुपर्क,** वर्ष २६, अङ्क १०, पूर्णाङ्क २९७, फागुन, २०५० ।

प्रकाश, रत्नदास, 'आत्म अभिव्यक्तिका केही क्षण', **झङ्कार,** वर्ष १५, अङ्क ७,कार्तिक, २०४० ।

प्रकाश, रत्नदास, 'बिर्सन नसकिने व्यक्तित्व', **आरती** माघ, २०४८ ।

बानिया , बलराम, 'ओझेलमा परेका गीतकार ठाकुनाथ रिमाल', **सचेत** मासिक, वर्ष १, अङ्क ३, माघ, २०५० ।

बस्नेत , बाबा, 'जुनबेला गीत लेख्ने मान्छे थिएनन्' **समकालीन** साप्ताहिक, वर्ष ४, अङ्क १८, साउन ३१, २०५३,पृ. ७ ।

भट्टराई, जयदेव, हामीले चिन्ने कहिले ? **नेपाली पत्र** साप्ताहिक, मङ्सिर २०, २०४८, पृ. ६ ।

मञ्जुश्री , हरि, 'स्वर्गीय रत्नदासलाई गीत लेखिदिने कवि' , **कामना** मासिक, वर्ष १०, अङ्क ६ , पूर्णाङ्क ८४, फागुन, २०५१ ।

रिजाल प्रह्लाद, 'यो उमेरमा कसैले चिनिहाल्छ कि?', **पुनर्जागरण** साप्ताहिक, चैत्र, २०५० ।

रिमाल, ठाकुरनाथ, 'रत्नदास प्रकाश र म', साप्ताहिक **विमर्श**, मङ्सिर ५, २०४९, पृ.६ ।